# भ्रष्टाचार निवारण ऐन, २०५९

**प्रस्तावना :** सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितको निमित्त समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्न भ्रष्टाचार निवारणका सम्बन्धमा समयानुकूल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव**को शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "भ्रष्टाचार निवारण ऐन, २०५९" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ र नेपाल अधिराज्य बाहिर जहाँसुकै रहे बसेका नेपाली नागरिक, राष्ट्रसेवक र यस ऐन अन्तर्गत भ्रष्टाचार गरेको मानिने कुनै काम गरी विदेशमा बस्ने गैरनेपाली नागरिक समेतलाई लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "भ्रष्टाचार" भन्नाले परिच्छेद -२ अन्तर्गत सजाय हुने कसूर सम्झनु पर्छ ।

(ख) "रिसवत" भन्नाले नगदी, जिन्सी वा अन्य जुनसुकै किसिमको लाभ वा सुविधा सम्झनु पर्छ र सो शव्दले घूस समेतलाई जनाउंछ ।

(ग) "सार्वजनिक संस्था" भन्नाले देहायको संस्था सम्झनु पर्छः-

(१) श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक वा समिति वा प्रचलित कानून बमोजिम श्री ५ को सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(२) श्री ५ को सरकारद्वारा संचालित वा श्री ५ को सरकरको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था,

(३) स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित स्थानीय निकाय,

(४) श्री ५ को सरकारको ऋण, अनुदान वा जमानतमा संचालित संस्था,

(५) उपखण्ड (१), (२), (३) वा (४) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्था,

(६) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्था ।

(घ) "राष्ट्रसेवक" भन्नाले प्रचलित कानून बमोजिम सार्वजनिक पद धारण गरेको मानिने व्यक्ति सम्झनु पर्छ र सो शब्दले देहायको व्यक्ति समेतलाई जनाउँनेछः-

(१) श्री ५, श्री ५ को सरकार वा सार्वजनिक संस्था समक्ष लिएको शपथबाट वा श्री ५, श्री ५ को सरकार वा सार्वजनिक संस्थासँग गरेको सम्झौता वा कबुलियत वा शर्त बमोजिम वा सार्वजनिक कर्तव्य पालन गर्नको लागि श्री ५ को सरकार वा सार्वजनिक संस्थाबाट तलब, भत्ता, पारिश्रमिक, सुविधा, हैसियत वा अन्य कुनै लाभ पाउने वा नपाउने गरी नियुक्त, मनोनीत वा निर्वाचित व्यक्ति,

(२) कुनै विवादको निरोपण गर्न वा समाधान गर्न प्रचलित कानून बमोजिम नियुक्त भएको मध्यस्थ वा त्यस्तै हैसियतमा नियुक्त अन्य कुनै व्यक्ति,

(३) प्रचलित कानून बमोजिम नियुक्त, निर्वाचित वा मनोनीत लिक्वीडेटर, सर्भेयर वा सोही प्रकृतिको हैसियतमा काम गर्ने व्यक्ति,

(४) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य व्यक्ति ।

(ङ) "राजस्व" भन्नाले प्रचलित कानून बमोजिम श्री ५ को सरकार वा सार्वजनिक संस्थालाई तिर्नु वा बुझाउनु पर्ने कुनै पनि प्रकारको कर, महसूल, दस्तुर, शुल्क, रोयल्टी, जरिवाना तथा यस्तै प्रकारको अन्य रकम सम्झनु पर्छ र सो शब्दले त्यस्तो कर, महसूल, दस्तुर, शुल्क, रोयल्टी तथा यस्तै प्रकारका अन्य रकममा लाग्ने ब्याज वा जरिवाना समेतलाई जनाउँनेछ ।

(च) "कसूरको मात्रा" भन्नाले यस ऐन अन्तर्गत सजाय हुने कसूर गरेको वा गर्ने उद्योग गरेको अवस्था, परिस्थिति र त्यस्तो कसूरको गाम्भिर्यता वा त्यस्तो कसूर गर्ने वा गर्न उद्योग गर्ने व्यक्तिको नियत, योग्यता, ओहदा र हैसियत समेतको आधारमा निर्धारण गरिने कसूरको मात्रा सम्झनु पर्छ ।

(छ) "अनुसन्धान अधिकारी" भन्नाले भ्रष्टाचार सम्बन्धी कसूरको अनुसन्धान, तहकिकात र मुद्दा दायर गर्न प्रचलित कानून बमोजिम अख्तियारी पाएको निकाय वा अधिकारी सम्झनु पर्छ ।

## परिच्छेद – २

## भ्रष्टाचारको कसूर र सजाय सम्बन्धी व्यवस्था

३. **रिसवत लिने दिनेलाई सजायः** (१) राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो ओहदा वा सो सम्बन्धी कुनै काम गर्न वा गरिदिए बापत वा नगर्न वा नगरिदिए बापत वा आफ्नो ओहदा वा सो सम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराइदिए बापत वा नगर्न वा नगराइदिए बापत आफ्नो वा अरु कसैको निमित्त रिसवत लिएमा वा लिन मन्जुर गरेमा देहाय बमोजिमको रिसवत लिनेलाई वा लिन मन्जुर गर्नेलाई कसूरको मात्रा अनुसार देहाय बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुनेछ । रिसवत लिइसकेको भए सो रिसवत समेत जफत हुनेछ :-

| | |
|---|---|
| (क) पच्चीस हजार रुपैयाँसम्म | - तीन महिनासम्म कैद, |
| (ख) पच्चीस हजार रुपैयाँभन्दा बढी पचास हजार रुपैयाँसम्म | - तीन महिनादेखि चार महिना सम्म कैद, |
| (ग) पचास हजार रुपैयाँभन्दा बढी एक लाख रुपैयाँसम्म | - चार महिनादेखि छ महिना सम्म कैद, |
| (घ) एक लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | - छ महिनादेखि एक वर्ष छ महिनासम्म कैद, |
| (ङ) पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | - एक वर्ष छ महिनादेखि दुई वर्ष छ महिनासम्म कैद, |
| (च) दश लाख रुपैयाँभन्दा बढी पच्चीस लाख रुपैयाँसम्म | - दुई वर्ष छ महिनादेखि चार वर्षसम्म कैद, |
| (छ) पच्चीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | - चार वर्षदेखि छ वर्षसम्म कैद, |
| (ज) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | - छ वर्षदेखि आठ वर्षसम्म कैद, |
| (झ) एक करोड रुपैयाँभन्दा बढी जतिसुकै भए पनि | - आठ वर्षदेखि दश वर्षसम्म कैद । |

(२) राष्ट्रसेवक बाहेक अन्य व्यक्तिले कुनै राष्ट्रसेवकलाई निजको ओहदाको वा हैसियतको कुनै काम गराउन वा नगराउन मनाउने उद्देश्यले वा निजबाट गराउन वा नगराउन मनाइदिए बापत वा सो ओहदाको वा हैसियतको कुनै काम गर्दा कुनै व्यक्ति उपर मोलाहिजा वा अनिष्ट गर्न वा नगर्न मनाउने उद्देश्यले वा मोलाहिजा वा अनिष्ट गर्न वा नगर्न मनाइदिए बापत कुनै व्यक्तिबाट आफ्नो वा अरु कसैको निमित्त कुनै रिसवत लिएमा वा लिन मन्जुर गरेमा निजलाई उपदफा (१) बमोजिमको सजाय गरी रिसवत लिइसकेको भए सो रिसवत समेत जफत गरिनेछ ।

(३) कसैले राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई उपदफा (१) वा (२) बमोजिम कुनै काम गर्न, गराउन वा नगर्न, नगराउन रिसवत दिएमा निजलाई कसूरको मात्रा अनुसार उपदफा (१) बमोजिमको सजाय हुनेछ ।

(४) यस दफा अन्तर्गत सजाय हुने कुनै कसूर गर्न दुरुत्साहन दिने व्यक्तिलाई त्यसरी दुरुत्साहन दिएबाट कसूर भएको वा नभएको जेसुकै भए तापनि कसूरको मात्रा अनुसार निज राष्ट्रसेवक भए सोही कसूरको लागि तोकिएको सजाय र अन्य व्यक्ति भए त्यसको आधा सजाय हुनेछ ।

४. **बिना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने राष्ट्रसेवकलाई सजायः** राष्ट्रसेवकले आफ्नो ओहदा वा सो सम्बन्धी आफूले गरेको वा गर्नु पर्ने कुनै काम कारवाहीमा सरोकार भएको वा हुने सम्भावना रहेको वा आफ्नो कार्यालयको कामसँग सम्बन्ध भएको व्यक्ति भन्ने जानी जानी त्यस्तो व्यक्तिबाट आफ्नो वा अरु कसैको लागि श्री ५, श्री ५ को सरकार, वा सार्वजनिक संस्थाको अनुमति नलिई बिना मूल्यमा वा कम्ती मूल्यमा कुनै माल वस्तु वा सेवा लिएमा वा लिन मन्जुर गरेमा वा लिने उद्योग गरेमा निजलाई कसूरको मात्रा अनुसार छ महिनादेखि एक वर्षसम्म कैद र बिगो बमोजिम जरिवाना गरी त्यस्तो वस्तु लिइसकेको भए सो वस्तु जफत हुनेछ र सेवाको हकमा सेवाको बिगो कायम गरी बिगो बमोजिम जरिवाना हुनेछ ।

५. **दान, दातव्य, उपहार वा चन्दा लिनेलाई सजायः** (१) आफू बहाल रहेको पद अनुसार सम्पादन गर्नु पर्ने कुनै काममा कुनै प्रकारले असर पर्न सक्ने गरी कुनै राष्ट्रसेवकले कसैबाट श्री ५, श्री ५ को सरकार वा सार्वजनिक संस्थाको पूर्व स्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्य वा अरु कसैद्वारा कुनै प्रकारको दान, दातव्य, उपहार, कोसेली, चन्दा वा कुनै किसिमको लाभ स्वीकार गर्ने वा आफू बहाल रहेको पद अनुसार सम्पादन गर्नु पर्ने कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिने राष्ट्रसेवकलाई कसूरको मात्रा अनुसार तीन महिनादेखि छ महिनासम्म कैद गरी बिगो जफत गरिनेछ ।

(२) राष्ट्रसेवकले श्री ५ को सरकार वा सार्वजनिक संस्थाको कोषको रकमबाट खरिद गरी कसैसँग उपहार वा कोसेली आदान प्रदान गर्दा कसैबाट कुनै उपहार वा कोसेली प्राप्त गरेको भए त्यस्तो उपहार वा कोसेली अविलम्ब आफ्नो कार्यालयमा दाखिला गर्नु पर्नेछ। दाखिला नगरेमा उपदफा (१) बमोजिमको कसूर गरेको मानी सजाय गरी त्यस्तो उपहार वा कोसेली समेत जफत गरिनेछ ।

६. **कमिशन लिनेलाई सजायः** राष्ट्रसेवकले आफ्नो कर्तव्य पालनको सिलसिलामा वा श्री ५, श्री ५ को सरकार वा सार्वजनिक संस्थालाई आवश्यक पर्ने कुनै वस्तु वा सेवा खरिद गर्दा वा भाडा वा लिजमा लिंदा दिंदा वा श्री ५ को सरकार वा सार्वजनिक संस्थाले कुनै ठेक्कापट्टा लिंदा वा दिंदा वा श्री ५ को सरकार वा सार्वजनिक संस्थाबाट उत्पादित वस्तु वा सेवा बिक्री गर्दा वा भाडा वा लिजमा लिदा-दिंदा कुनै किसिमको कमिशन, पारिश्रमिक, दलाली दस्तुर, सुविधा वा लाभ प्राप्त हुने रहेछ भने त्यस्तो कमिशन, पारिश्रमिक, दलाली दस्तुर, सुविधा वा लाभ प्राप्त गरेको मितिले सात दिनभित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्नेछ। त्यसरी दाखिला नगरेमा त्यस्तो राष्ट्रसेवकले दफा ३ बमोजिमको कसूर गरेको मानिनेछ र सोही बमोजिम सजाय गरी बिगो समेत जफत गरिनेछ ।

७. **राजस्व चुहावट गर्ने राष्ट्रसेवक लाई सजायः** राजस्व उठाउनु पर्ने कर्तव्य भएको राष्ट्रसेवकले देहायको काम गरी राजस्व चुहावट गरेमा वा राजस्व चुहावट गर्न कसैलाई मद्दत पुऱ्याएमा वा आफू समेत संलग्न भई दुरुत्साहन दिएमा निजले चुहावट भएको राजस्व रकम अनुसार दफा ३ बमोजिमको कसूर गरेको मानिनेछ र सोही बमोजिम कैदको सजाय गरी त्यसरी चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना हुनेछः-

(क) कुनै नगदी वा जिन्सी रकम, दस्तुर, इनाम, बकस वा अन्य कुनै किसिमको लाभ स्वीकार गरी वा मोलाहिजामा परी वा मोलाहिजा गर्ने नियतले कसैलाई कुनै प्रकारबाट राजस्व चुहावट गर्ने काममा मद्दत दिएमा वा कुनै व्यक्तिबाट कुनै किसिमको लाभ वा सुविधा लिई वा नलिई श्री ५ को सरकार वा सार्वजनिक संस्थालाई हानी-नोक्सानी पुऱ्याई राजस्व असूल नगर्ने वा घटी राजस्व असूल गर्न वा गराउन मद्दत गर्ने,

(ख) प्रचलित कानून बमोजिम राजस्व निर्धारण गर्दा हेर्नुपर्ने वा परीक्षण गर्नु पर्ने कागजात नहेरी वा परीक्षण नगरी वा आवश्यक प्रमाण संकलन नगरी घटी राजस्व निर्धारण गर्ने वा गराउने वा राजस्व नै नलाग्ने गरी निर्धारण गर्ने वा गराउने काममा मद्दत दिने,

(ग) उठाएको राजस्व प्रचलित कानून बमोजिम दाखिल नगरी हिनामिना गर्ने,

(घ) प्रचलित कानून बमोजिम राजस्व निर्धारण गर्दा वा वस्तुको मूल्यांकन गर्दा पेश भएको वस्तुको बीजक, गुणस्तर वा परिमाण फरक पारी लिनु पर्ने राजस्व नलिई सामान छोड्ने वा छोड्न मद्दत पुऱ्याउने ।

८. **गैरकानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्नेलाई सजायः** (१) कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वा श्री ५, श्री ५ को सरकार वा सार्वजनिक संस्थालाई गैर-कानूनी हानी पुऱ्याउने बदनियतले देहायको कुनै काम गरेमा कसूरको मात्रा अनुसार तीन महिनादेखि तीन वर्षसम्म कैद र बिगो खुलेकोमा बिगो बमोजिम जरिवाना गरी बिगो असूल उपर गरिने छ। बिगो नखुलेकोमा तीन महिनादेखि तीन वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ :

(क) आयोजनाको सम्भाव्यता अध्ययन गर्दा वा नर्म्स तयार गर्दा पुष्ट्याँईको आधार बिना अस्वाभाविक किसिमबाट बढी काम वा लागत देखाउने,

(ख) निर्धारित गुणस्तरभन्दा कम गुणस्तरको निर्माण सामग्री प्रयोग गर्ने वा प्रयोग गर्न अनुमति दिने वा त्यस्तो सामग्री प्रयोग भएकोमा निर्धारित गुणस्तरको हो भनी प्रमाणित गर्ने वा स्वीकृत दिने,

(ग) मनासिब कारण बिना निर्माण कार्यको गुणस्तर कम गर्ने, आकार वा रुप परिवर्तन गर्ने वा निर्धारित शर्त तथा मापदण्ड विपरित निर्माण कार्य गर्ने, गराउने वा त्यस्तो निर्माण कार्यलाई गुणस्तरयुक्त, शर्त तथा मापदण्ड बमोजिम भएको हो भनी प्रमाणित वा स्वीकृत गर्ने,

(घ) मनासिब कारण बिना लागत इष्टिमेट अस्वाभाविक रुपमा बढाई संशोधन गरी काम गर्ने, गराउने,

(ङ) झुट्ठा बिल, भरपाई बनाई भुक्तानी लिने, दिने वा बिलको दोहोरो भुक्तानी लिने दिने,

(च) मनासिब कारण बिना आवश्यक पर्ने भन्दा अस्वाभाविक रुपमा बढी सामान खरिद गर्ने, गराउने,

(छ) सरकारी वा सार्वजनिक संस्थाको वा सार्वजनिक सम्पत्तिको अस्वाभाविक मूल्यांकन गर्ने, गराउने,

(ज) सरकारी वा सार्वजनिक सम्पत्ति गैरकानूनी रुपमा आफ्नो वा अरुको नाममा दर्ता, भोग चलन गर्ने, गराउने,

(झ) सरकारी वा सार्वजनिक संस्थाको नाममा कुनै सम्पत्ति धितो लिनु पर्दा त्यस्तो सम्पत्तिको वास्तविक मूल्यभन्दा अस्वाभाविक रुपमा अधिक मूल्यांकन गर्ने, गराउने,

(ञ) माल सामान खरिद गर्दा गुणस्तरहीन, म्याद नाघेको र अस्वाभाविक रुपमा बढी मूल्य तिरी खरिद गर्ने, गराउने।

(२) कुनै राष्ट्रसेवकले पदीय हैसियतबाट प्राप्त हुने साधन वा सुविधा त्यस्तो हैसियत समाप्त भएपछि मनासिब कारण बिना निर्धारित समयभित्र फिर्ता नगरेमा त्यस्तो साधन वा सुविधा फिर्ता लिई कसूरको मात्रा अनुसार एक हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(३) कुनै राष्ट्रसेवकले उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक अन्य कुनै काम गरी सरकारी वा सार्वजनिक सम्पत्ति बदनियतपूर्वक कुनै किसिमले हानि नोक्सानी गरे वा गराएमा कसूरको मात्रा अनुसार दुई वर्षसम्म कैद वा बिगो बमोजिम जरिवाना वा दुवै सजाय हुनेछ।

(४) राष्ट्रसेवक बाहेक अरु कुनै व्यक्तिले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले श्री ५, श्री ५ को सरकार वा सार्वजनिक संस्था समक्ष गरेको शपथ, कबुलियत, सम्झौता, ठेक्का, लाइसेन्स, परमिट, प्रतिज्ञापत्र वा डिलरशिपको शर्त पालना नगरेमा वा श्री ५ को सरकार वा त्यस्तो संस्थाले निर्धारित गरेको नियम वा कार्यविधि वा स्वीकार गरेको शर्त उल्लंघन हुने गरी प्रचलित कानूनद्वारा निषेधित तबरबाट व्यवसाय गरेमा वा सरकारी वा त्यस्तो संस्थाको सुविधा वा अधिकारको दुरुपयोग गरेमा निजलाई कसूरको मात्रा अनुसार दुई वर्षसम्म कैद वा बिगो बमोजिम जरिवाना गरी बिगो समेत जफत गरिनेछ।

९. **गलत लिखत तयार गर्ने राष्ट्रसेवकलाई सजायः** कुनै लिखत तयार गर्ने कर्तव्य भएको कुनै राष्ट्रसेवकले श्री ५, श्री ५ को सरकार वा सरकारी निकाय वा सार्वजनिक संस्था वा कुनै व्यक्तिलाई हानि पुऱ्याउने बदनियतले त्यस्तो कुनै लिखत तयार गरेमा निजलाई कसूरको मात्रा अनुसार तीन महिनादेखि एक वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचासहजार रुपैयाँसम्म जरिवाना हुनेछ।

१०. **गलत अनुवाद गर्नेलाई सजायः** अनुवाद गर्ने अख्तियारी पाएको वा त्यस्तो काम गर्न तोकिएको राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले श्री ५, श्री ५ को सरकार, सरकारी निकाय वा सार्वजनिक संस्थालाई हानि पुऱ्याउने वा आफू वा अरु कसैलाई लाभ पुऱ्याउने बदनियतले कुनै लिखत अनुवाद गर्दा गलत अनुवाद गर्ने, झुट्ठा विवरण राखी अनुवाद गर्ने वा नाम, थर, मिति, तथ्य वा त्यस्तै अन्य कुरा फरक पार्ने काम गरेमा निजलाई कसूरको मात्रा अनुसार तीन महिनादेखि एक वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

११. **सरकारी कागजात सच्याउनेलाई सजाय:** सरकारी निकाय वा सार्वजनिक संस्थाको कागजातमा अनाधिकार वा गैरकानूनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गर्ने राष्ट्रसेवक वा अन्य व्यक्तिलाई कसूरको मात्रा अनुसार तीन महिनादेखि दुई वर्षसम्म कैद र पचास हजाररुपैयाँसम्म जरिवाना हुनेछ ।

१२. **सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्नेलाई सजाय:** कुनै राष्ट्रसेवकले सरकारी वा सार्वजनिक संस्थाको कागजात लुकाएमा वा कुनै तरिकाले नोक्सान पुऱ्याएमा वा नष्ट गरेमा निजलाई कसूरको मात्रा अनुसार छ महिनादेखि एक वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ । त्यसरी लुकाएको, नोक्सान पुऱ्याएको वा नष्ट गरेको कारणबाट कुनै किसिमको हानि नोक्सानी भएको रहेछ भने सो समेत असुल उपर गरिनेछ ।

१३. **प्रश्नपत्रको गोपनीयता भंग गर्ने वा परीक्षाको परिणाम फेरबदल गर्नेलाई सजाय:** सरकारी निकाय वा सार्वजनिक संस्थाबाट संचालन गरिने परीक्षाको प्रश्नपत्र निर्धारित समयभन्दा अगावै अधिकार प्राप्त अधिकारीले विशेष परिस्थिति परेको कारण जनाई खोलेमा वा खोल्न लगाएमा बाहेक कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले कुनै पनि प्रकारले त्यस्तो प्रश्नपत्रको गोपनियता भंग गरेमा वा गर्न लगाएमा वा परीक्षाको परिणाममा फेरबदल गरेमा वा गर्न लगाएमा त्यस्तो राष्ट्रसेवकलाई तीन महिनादेखि एक वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

१४. **गैरकानूनी व्यापार व्यवसाय गर्ने राष्ट्रसेवकलाई सजाय:** प्रचलित कानून बमोजिम गर्न नपाउनेमा कुनै राष्ट्रसेवकले आफ्नो वा अरुको नामबाट वा साझेदारीमा व्यापार गरेमा वा लिलाम बढाबढ वा ठेक्का पट्टामा भाग लिएमा वा कुनै फर्म वा कम्पनी वा सहकारी संस्थाको हिस्सेदार भएमा कसूरको मात्रा अनुसार तीन महिनादेखि छ महिनासम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयासम्म जरिवाना हुनेछ र त्यसरी आर्जन गरेको सम्पत्ति समेत जफत गरिनेछ ।

तर, पब्लिक लिमिटेड कम्पनीबाट सार्वजनिक बिक्रीका लागि खुल्ला गरिएको शेयर खरिद गर्न यस दफाले बाधा पुऱ्याएको मानिनेछैन ।

१५. **नपाएको ओहदा पाएँ भन्नेलाई सजाय:** कुनै राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले आफूले नपाएको ओहदा, अधिकार, हैसियत वा सुविधा पाएँ भनी वा कुनै राष्ट्रसेवकको ओहदा, अधिकार, हैसियत वा सुविधा प्रयोग गरेमा वा नपाएको ओहदासम्बन्धी चिन्ह, पोशाक वा निस्सा देखाएमा राष्ट्रसेवकको ओहदासम्बन्धी चिन्ह, पोशाक वा निस्सा हो भन्ने अरुले विश्वास गरोस् भन्ने मनसायले त्यस्तो चिन्ह, पोशाक वा निस्सा जस्तो देखिने कुनै कुरा लगाएमा वा देखाएमा, निजलाई कसूरको मात्रा अनुसार एक वर्षदेखि दुई वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

१६. **झुठ्ठा विवरण दिनेलाई सजाय:** (१) कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तीनपुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झुठ्ठा विवरण दिएमा वा सो सम्बन्धी झुठ्ठा प्रमाणपत्र पेश गरेमा निजलाई कसूरको मात्रा अनुसार छ महिनादेखि एक वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(२) यो ऐन वा प्रचलित कानून बमोजिम सम्पत्ति विवरण दिनुपर्ने कर्तव्य भएका राष्ट्रसेवकले आफ्नो नाममा वा अंशमा हक लाग्ने वा एकासगोलको परिवारको नाममा रहेको वास्तविक सम्पत्ति भन्दा बढाई वा भए रहेको सम्पत्ति लुकाई छिपाई झुठ्ठा विवरण दिएमा निजलाई एक महिनादेखि तीन महिनासम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ । यसरी लुकाई छिपाई राखिएको सम्पत्ति समेत जफत हुनेछ ।

१७. **सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्नेलाई सजाय:** कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालन गर्दा श्री ५, श्री ५ को सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसूरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूल उपर गरिनेछ ।

१८. **गैरकानूनी दवाब दिनेलाई सजाय:** ज्यान मार्ने, अपहरण गर्ने, सम्पत्ति हरण गर्ने, इज्जतमा धक्का पुऱ्याउने, डर, त्रास वा अरु कुनै किसिमको गैरकानूनी दवाबबाट राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले राष्ट्रसेवक वा अन्य

कुनै व्यक्तिलाई यो ऐन अन्तर्गत सजाय हुने कसूर गर्न लगाएमा निजलाई कसूरको मात्रा अनुसार चार वर्षदेखि आठ वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

१९. **गलत प्रतिवेदन दिनेलाई सजायः** (१) सरकारी निकाय वा सार्वजनिक संस्थामा लेखापरीक्षण गर्ने अख्तियारी पाएको कुनै राष्ट्रसेवक वा अन्य व्यक्तिले लेखापरीक्षण गर्दा बदनियतपूर्वक कारोबारमा नभएका कुरा देखाउने वा भए गरेका तथ्यहरू लोप गरी लेखापरीक्षण प्रतिवेदन तयार गरेमा त्यस्तो राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई कसूरको मात्रा अनुसार तीन महिनादेखि एक वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक सरकारी निकाय वा सार्वजनिक संस्थाको कामको सिलसिलामा कुनै विषयको अध्ययन वा जाँचबुझ गरी प्रतिवेदन दिनु पर्ने कर्तव्य भएको राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले त्यस्तो अध्ययन वा जाँचबुझ गरी प्रतिवेदन दिंदा बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई वा नभए नगरेका कुरा देखाई प्रतिवेदन दिएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा अनुसार तीन महिनादेखि एक वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

२०. **गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरेको मानिनेः** (१) प्रचलित कानून बमोजिम सार्वजनिक पद धारण गरेको मानिने राष्ट्रसेवकले प्रचलित कानून बमोजिम पेश गरेको सम्पत्ति विवरण अमिल्दो तथा अस्वाभाविक देखिन आएमा वा निजले मनासिब कारण बिना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियत भन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुराको निजले प्रमाणित गर्नु पर्नेछ र नगरेमा त्यस्तो सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको मानिनेछ।

(२) कुनै राष्ट्रसेवकले उपदफा (१) बमोजिम गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरेको प्रमाणित भएमा त्यसरी आर्जन गरेको सम्पत्तिको विगो अनुसार दुई वर्षसम्म कैद र विगो बमोजिम जरिवाना गरी त्यसरी आर्जन गरेको गैरकानूनी सम्पत्ति समेत जफत गरिनेछ।

२१. **उद्योग गर्नेलाई हुने सजायः** यस परिच्छेदमा अन्यथा व्यवस्था भएकेमा बाहेक यस ऐन अन्तर्गत सजाय हुने कसूर गर्न उद्योग गर्नेलाई त्यस्तो कसूर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ।

२२. **मतियारलाई सजायः** यस ऐनमा अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक यस ऐन अन्तर्गत सजाय हुने कुनै कसूरको मतियारलाई त्यस्तो कसूर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ।

तर, कसूर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई त्यस्तो कसूर गरे बापत नगदी, जिन्सी, वा अन्य कुनै सुविधा वा लाभ उपलब्ध गराई दिने वा आफूले लिने मतियारलाई कसूर गर्ने व्यक्ति सरह नै सजाय हुनेछ।

२३. **संगठित संस्थाबाट भएको कसूरमा मुख्य भई काम गर्नेले कसूर गरेको मानिनेः** कुनै फर्म, कम्पनी वा संगठित संस्थाले यस परिच्छेद बमोजिम कसूर मानिने कुनै काम गरेमा त्यस्तो फर्मको हकमा त्यस्तो काम गर्दाका बखत सम्बन्धित हिस्सेदारहरू र कम्पनी वा संगठित संस्थाको हकमा कम्पनी वा त्यस्तो संस्थाको मुख्य भई काम गर्ने अधिकारीले त्यस्तो कसूर गरेको मानिनेछ।

तर मुख्य भई कामकाज गर्ने अधिकारी नियुक्ति हुन अगाडि नै त्यस्तो काम भए गरेको प्रमाणित भएमा जसले त्यस्तो काम गरेको छ सोही व्यक्तिले कसूर गरेको मानिनेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि “मुख्य भई कामकाज गर्ने अधिकारी” भन्नाले कम्पनी वा संगठित संस्थाको अध्यक्ष, संचालक समितिका सदस्य, महाप्रबन्धक, प्रबन्ध निर्देशक वा सोही हैसियतमा कामकाज गर्ने पदाधिकारी सम्झनु पर्छ।

२४. **थप सजायः** संवैधानिक अंग वा निकायका पदाधिकारी, श्री ५ बाट मनोनयन वा नियुक्त हुने पदाधिकारी, श्री ५ को सरकारका विशिष्ट श्रेणी वा सो सरहका पदाधिकारी, सार्वजनिक संस्थाका प्रमुख, महाप्रबन्धक वा सो सरहका पदाधिकारीले यस परिच्छेद अन्तर्गतका कसूर गरेमा निजलाई त्यस्तो कसूरमा हुने सजायमा थप तीन वर्षसम्म कैद सजाय हुनेछ।

## परिच्छेद - ३

## भ्रष्टाचारको कसूरको अनुसन्धान, तहकिकात र मुद्दा दायरी

२५. **अनुसन्धान र तहकिकात गर्ने:** (१) कुनै व्यक्तिले भ्रष्टाचार गरेको छ वा गर्न लागेको छ भन्ने कुरा कुनै सूचना वा स्रोतबाट वा कसैको उजूरीबाट अनुसन्धान अधिकारीले जानकारी पाएमा तत्सम्बन्धमा आवश्यक अनुसन्धान र तहकिकात तथा अन्य कारवाई गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले भ्रष्टाचार गरेको छ वा गर्न लागेको छ भन्ने कुराको जानकारी अनुसन्धान अधिकारीले कुनै स्रोतबाट पाएमा त्यस्तो अधिकारीले छापा मार्ने, कागजात वा माल सामान बरामद गर्ने वा मानिस पक्राउ गर्ने लगायत मौका तहकिकातको काम गर्न सक्नेछ ।

२६. **प्रारम्भिक छानबिन:** कसैले यस ऐन अन्तर्गतको कसूर गरेको वा गर्न लागेको छ भन्ने कुराको उजूरी वा जानकारी प्राप्त गरेपछि अनुसन्धान अधिकारीले सो विषयको प्रारम्भिक छानबिन आवश्यकता अनुसार गोप्य रुपमा गर्नु पर्नेछ ।

२७. **स्पष्टीकरण माग्ने:** दफा २६ बमोजिम प्रारम्भिक छानबिन गर्दा अनुसन्धान अधिकारीलाई प्राप्त उजूरी वा जानकारी तथ्यमा आधारित भएको भन्ने लागेमा तत्सम्बन्धी विवरण उल्लेख गरी आवश्यकता अनुसार सम्बन्धित निकाय वा व्यक्तिसँग प्रतिक्रिया वा स्पष्टीकरण माग गर्न सक्नेछ ।

२८. **अनुसन्धान अधिकारीको अधिकार:** (१) अनुसन्धान अधिकारीले यस परिच्छेद बमोजिम भ्रष्टाचार सम्बन्धी कसूरमा अनुसन्धान र तहकिकात गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछ :-

(क) सरकारी निकाय, सार्वजनिक संस्था, राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिको साथ रहेको सम्बद्ध कागजात, प्रमाणको लिखत वा अन्य कुनै कुरा आफू समक्ष पठाउन वा निश्चित समयभित्र पेश गर्न लगाउने,

(ख) भ्रष्टाचारको आरोप लागेको राष्ट्रसेवक, अन्य कुनै व्यक्ति वा सम्बद्ध तथ्यको जानकारी भएको भन्ने अनुसन्धान अधिकारीले सम्झेको व्यक्तिलाई उपस्थित गराई सोधपुछ गर्ने वा निजको बयान लिने,

(ग) भ्रष्टाचारको आरोप लागेको राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिसँग स्पष्टीकरण, सोधपुछ वा बयान लिइसकेपछि त्यस्तो व्यक्तिलाई आवश्यकता अनुसार खोजेको बखत हाजिर हुने कागज गराई छाड्ने वा तारेखमा राख्ने वा त्यस्तो राष्ट्रसेवक वा व्यक्ति फरार भई बेपत्ता हुनसक्छ भन्ने मनासिब कारण भएमा वा बिगो हानि नोक्सानी भएको देखिएमा निजसँग प्रचलित कानून बमोजिम धरौटी वा जमानत मागी तारेखमा छोड्ने वा त्यस्तो धरौटी वा जमानत नदिएमा निजलाई थुनामा राख्ने,

(२) अनुसन्धान अधिकारीले निश्चित समय तोकी कुनै लिखत वा अन्य कुनै वस्तु पेश गर्न वा कुनै कुराको जानकारी दिन सम्बन्धित निकाय, राष्ट्रसेवक वा अन्य व्यक्तिलाई लेखी पठाएको वा कुनै राष्ट्रसेवक वा त्यस्तो व्यक्तिलाई उपस्थित हुन लेखी पठाएकोमा लेखी आए बमोजिम गर्नु पर्नेछ र नगरेमा देहाय बमोजिम हुनेछः-

(क) तोकिएको समयभित्र सम्बन्धित सरकारी निकाय वा सार्वजनिक संस्थाले त्यस्तो लिखत वा वस्तु पेश नगरेमा वा जानकारी नदिएमा अनुसन्धान अधिकारीले सम्बन्धित निकायको मुख्य पदाधिकारी उपर विभागीय कारवाई चलाउन सम्बन्धित सरकारी निकाय वा सार्वजनिक संस्थालाई लेखी पठाउन सक्नेछ र यसरी लेखी आएमा सम्बन्धित सरकारी निकाय वा सार्वजनिक संस्थाले तत्काल कारवाई चलाउनु पर्नेछ ।

(ख) तोकिएको समयभित्र सम्बन्धित राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले लिखत वा वस्तु पेश नगरेमा वा जानकारी नदिएमा वा उपस्थित नभएमा निजलाई अनुसन्धान अधिकारीले एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ग) खण्ड (क) वा (ख) बमोजिम विभागीय कारवाई वा जरिवाना भएपछि पनि कुनै सरकारी निकाय, सार्वजनिक संस्था, राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले अनुसन्धान अधिकारीले लेखी पठाए अनुसार नगरेमा सो निकाय वा संस्थाको मुख्य पदाधिकारी वा त्यस्तो राष्ट्रसेवक वा व्यक्तिलाई पक्राउ गरी उपस्थित गराउन पक्राउ पूर्जी जारी गरी निजबाट त्यस्तो लिखत वा वस्तु पेश गराउन वा निजबाट आवश्यक जानकारी लिन सक्नेछ । त्यसरी पक्राउ भएको निकाय वा संस्थाको मुख्य पदाधिकारी, राष्ट्रसेवक वा

अन्य कुनै व्यक्तिले त्यस्तो लिखत वा वस्तु पेश नगरेमा वा तत्सम्बन्धी जानकारी नदिएमा निजलाई अनुसन्धान अधिकारीले सात दिनसम्म थुनामा राख्न आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुसन्धान अधिकारीले विभागीय कारवाई गर्न निर्देशन दिएको वा जरिवाना गर्ने निर्णय गरेकोमा सम्बन्धित निकायको मुख्य पदाधिकारी वा सम्बन्धित राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले सो पालन गर्न नसकेको मनासिब कारण उल्लेख गरी त्यस्तो कारवाई वा जरिवाना हुनु नपर्ने भनी निवेदन दिएमा र कारण सन्तोषजनक देखिएमा विभागले त्यस्तो निर्देशन वा जरिवानाको आदेश रद्द गर्न सकिनेछ ।

(४) प्रचलित कानून बमोजिम कुनै ठाउँको तलासी लिने वा लिन लगाउने र त्यसरी तलासी लिंदा आवश्यक देखिएको कुनै वस्तु वा कागजात अनुसन्धान अधिकारीले आफ्नो कब्जामा लिन वा त्यस्तो कागजातको प्रतिलिपि लिन सक्नेछ । यसरी कब्जामा लिएको वस्तु वा कागजातको भरपाई सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

२९. **अनुसन्धान अधिकृत नियुक्त गर्ने वा तोक्नेः** यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान र तहकिकात गर्न अनुसन्धान अधिकारीले आवश्यकता अनुसार आफ्नो मातहतका कुनै अधिकृत, कुनै सरकारी अधिकृत वा सार्वजनिक संस्थाको कुनै अधिकृत कर्मचारीलाई अनुसन्धान अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेछ ।

तर, कुनै सरकारी अधिकृत वा सार्वजनिक संस्थाको अधिकृत कर्मचारीलाई अनुसन्धान अधिकृत नियुक्त गर्नु वा तोक्नु पर्दा अवस्था अनुसार श्री ५ को सरकार वा सम्बन्धित निकायको मुख्य पदाधिकारीसँग परामर्श लिनु पर्नेछ ।

३०. **अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकारः** (१) अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कसूरदारलाई तत्काल गिरफ्तार गरी आवश्यक कारवाई गर्ने,

(ख) यस ऐन अन्तर्गतको कसूरमा अनुसन्धान र तहकिकात गर्दा वा सबूद प्रमाण संकलन गर्दा जुनसुकै कार्यालय, घर, भवन, गोदाम, सवारी साधन वा अन्य कुनै स्थानको खानतलासी लिने वा लिन लगाउने,

(ग) अनुसन्धान अधिकारीलाई भएको अन्य अधिकार प्रयोग गर्ने ।

(२) अनुसन्धान अधिकृतले यस ऐन अन्तर्गतको कसूरमा अनुसन्धान र तहकिकात गर्दा अभियुक्तलाई बयान गराउने, सरजमीन मुचुल्का तयार गर्ने समेत प्रचलित कानून बमोजिम प्रहरीले पाए सरहको अधिकार, कर्तव्य, सुविधा र दायित्व अनुसन्धान अधिकृतलाई प्राप्त हुनेछ ।

(३) उपदफा (२) बमोजिमको काम गर्दा अभियुक्तलाई तारेखमा राख्ने, धरौटी वा जमानी लिई छाड्ने, धरौटी राख्न वा जमानी दिन नसकेमा थुनामा राख्ने समेत अदालतलाई भए सरहको अधिकार आवश्यकता अनुसार अनुसन्धान अधिकृतले प्रयोग गर्न सक्नेछ ।

३१. **अभियुक्तलाई थुनामा राख्नेः** (१) यस ऐन अन्तर्गतको कसूरमा कारवाई चलाइएको कुनै व्यक्तिले कुनै प्रमाण लोप वा नाश गर्न सक्ने वा अनुसन्धान र तहकिकातको कारवाहीमा बाधा व्यवधान वा प्रतिकूल प्रभाव पार्न सक्ने पर्याप्त कारण विद्यमान भएमा अनुसन्धान अधिकृतले निजलाई प्रचलित कानून बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थुनामा राखिएको व्यक्तिःको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा अनुसन्धान अधिकृतले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई मुद्दा हेर्ने अधिकारीबाट अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ । सो बमोजिम मुद्दा हेर्ने अधिकारीसंग अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान भइसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराइएको व्यक्तिले त्यसरी उपस्थित हुंदा आफ्नो शारीरिक जांचको लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति मागेमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको विचार गरी सन्तोषजनक रुपमा तहकिकात भइरहेको

देखिएमा एकै पटक वा पटक पटक गरी तीस दिनमा नबढ्ने गरी बढीमा छ महिनासम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम थुनामा राख्ने म्याद थप माग गर्दा थुनामा रहेको व्यक्तिले चाहेमा आफू थुनामा रहनु नपर्ने कारण र आधार खोली मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

३२. **अन्य निकायको सहयोग लिन सक्ने:** (१) यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान र तहकिकातको सिलसिलामा अनुसन्धान अधिकारीले आवश्यकता अनुसार कुनै पनि सरकारी निकाय वा सार्वजनिक संस्था वा कसैको सहयोग माग गर्न सक्नेछ र यसरी सहयोग मागेका बखत सहयोग गर्नु त्यस्तो निकाय, संस्था वा व्यक्तिको कर्तव्य हुनेछ ।

(२) अनुसन्धान अधिकारीले यस ऐन अन्तर्गत भ्रष्टाचारको कसूरमा अनुसन्धान र तहकिकात गर्ने सिलसिलामा प्रहरी फोर्सको समेत मद्दत लिन सक्नेछ । यसरी प्रहरी कर्मचारीलाई काममा लगाउनु पर्दा अनुसन्धान अधिकारीले दिएको आदेश प्रहरीको सम्बन्धमा सम्बन्धित प्रहरी महानिरीक्षकको आदेश सरह हुनेछ ।

(३) अनुसन्धान अधिकृतले आफूभन्दा तल्लो दर्जाका प्रहरी अधिकृत वा कर्मचारीको सहयोग माग गर्न सक्नेछ । यसरी अनुसन्धान अधिकृतले सहयोग मागेमा सहयोग गर्नु प्रहरी अधिकृत वा कर्मचारीको कर्तव्य हुनेछ ।

(४) अनुसन्धान अधिकारीले अनुसन्धान र तहकिकात गर्न लागेको कसूरको प्रकृतिबाट कुनै निकायमा कार्यरत कुनै विशेषज्ञसँग परामर्श गर्नु पर्ने वा त्यस्तो विशेषज्ञ समेतलाई अनुसन्धान र तहकिकातमा संलग्न गराउनु पर्ने देखेमा निजलाई कुनै खास अवधिको लागि काजमा पठाई दिन सम्बन्धित निकायसँग माग गर्न सक्नेछ र यसरी माग भई आएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो निकायले सम्बन्धित विशेषज्ञ उपलब्ध गराईदिनु पर्नेछ ।

३३. **स्वतः निलम्बन हुने:** कुनै राष्ट्रसेवक दफा २८ को उपदफा (१) को खण्ड (ग), दफा ३० को उपदफा (३) तथा दफा ३१ बमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर र निज उपर दफा ३६ बमोजिम मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्रसेवक सो मुद्दाको किनारा नभएसम्म स्वतः निलम्बनमा रहनेछ ।

३४. **सेवा लिन सक्ने:** (१) अनुसन्धान अधिकारीले अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी अन्य कारबाही गर्दा आवश्यकताअनुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत निकायको सेवा प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा प्राप्त गर्न अनुसन्धान अधिकारीले सम्बन्धित विशेषज्ञ वा विशिष्टीकृत निकायलाई नियुक्त गर्नेछ र त्यसरी नियुक्त गर्दा अनुसन्धान अधिकारीले त्यस्तो विशेषज्ञ वा विशिष्टीकृत निकायले गर्नुपर्ने काम, प्रयोग गर्न पाउने अधिकार, पालन गर्नु पर्ने शर्त, कार्यविधि र त्यस्तो विशेषज्ञ वा विशिष्टीकृत निकायले पाउने पारिश्रमिक तथा अन्य सुविधा समेत उल्लेख गरी सम्झौता गर्नु पर्नेछ ।

(३) अनुसन्धान अधिकारीलाई श्री ५ को सरकार वा विशिष्टीकृत निकायको कर्मचारीको सेवा आवश्यक परेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकारीबाट माग भएको समयावधिसम्म काजमा खटाउनु पर्नेछ ।

३५. **तामेलीमा राख्ने:** यस ऐन बमोजिम अनुसन्धान र तहकिकात गर्दै जाँदा संकलन भएका प्रमाणका आधारमा आरोपित कसूर प्रमाणित हुन नसक्ने भएमा अनुसन्धान अधिकारीले तत्सम्बन्धी उजूरीलाई कारण सहितको पर्चा खडा गरी तामेलीमा राख्न सक्नेछ र यसरी तामेलीमा राख्ने निर्णय भएकोमा सोको सूचना आरोपित व्यक्ति र उजूरवालालाई दिनु पर्नेछ ।

तर पछि कुनै नयाँ प्रमाण फेला परेमा त्यस्तो उजूरी सम्बन्धमा पुनः अनुसन्धान र तहकिकातको कारवाही अगाडि बढाउन यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

३६. **मुद्दा दायर गर्ने:** यस ऐन अन्तर्गतको कसूरको आरोपको सम्बन्धमा कुनै व्यक्ति उपर भएको अनुसन्धान र तहकिकातबाट निजले सो कसूर गरेको हो भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण भएमा अनुसन्धान अधिकारीले भ्रष्टाचार सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न प्रचलित कानून बमोजिम अधिकार प्राप्त मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

## परिच्छेद – ४

## भ्रष्टाचारको निगरानी सम्बन्धी व्यवस्था

३७. **राष्ट्रिय सतर्कता केन्द्रः** (१) भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न तथा भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्न श्री ५ को सरकारले प्रधानमन्त्रीको प्रत्यक्ष रेखेदख र नियन्त्रणमा रहने गरी एक राष्ट्रिय सतर्कता केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको केन्द्रको प्रमुखको रुपमा श्री ५ को सरकारले निजामती सेवाको विशिष्ट श्रेणीको कुनै अधिकृतलाई तोक्न सक्नेछ र सो केन्द्रमा आवश्यकता अनुसार श्री ५ को सरकारको सेवाको कर्मचारीहरू रहनेछन् ।

३८. **राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकारः** दफा ३७ को उपदफा (१) बमोजिम स्थापित राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) श्री ५ को सरकारका मन्त्रालय, विभाग, कार्यालय र सार्वजनिक संस्थाबाट सम्पादन हुनुपर्ने कार्यहरू नियमित रुपमा भए नभएको विषयमा सूचना संकलन गर्ने,

(ख) श्री ५ को सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजनिक संस्थाबाट नियमित रुपमा हुनुपर्ने कार्य भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गर्ने,

(ग) सार्वजनिक पद धारण गरेको व्यक्तिले प्रचलित कानून बमोजिम दिएको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने,

(घ) भ्रष्टाचार हुन सक्ने स्थान वा काममा नियमित निगरानी राख्ने, छड्के जाँच र अन्वेषण गर्ने आवश्यक व्यवस्था मिलाउने,

(ङ) भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत्सम्बन्धी कानूनमा कुनै सुधार गर्नु पर्ने देखिएमा श्री ५ को सरकारलाई आवश्यक सुझाव दिने,

(च) श्री ५ को सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजनिक संस्थामा उजूरी पेटिका राख्ने व्यवस्था मिलाउने,

(छ) भ्रष्टाचारको रोकथाम गर्ने उद्देश्यले आवश्यकता अनुसार सम्बन्धित निकायलाई कुनै सुझाव वा निर्देशन दिने,

(ज) भ्रष्टाचार सम्बन्धी कसूरमा अनुसन्धान गर्ने निकाय वा पदाधिकारीबाट भ्रष्टाचार सम्बन्धी आवश्यक विवरण वा सूचना प्राप्त गरी अध्यावधिक गराई राख्ने,

(झ) भ्रष्टाचार सम्बन्धी प्राप्त कुनै जानकारी सम्बन्धित निकायमा लेखी पठाउने,

(ञ) भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आइपर्ने अन्य कार्य गर्ने गराउने,

(ट) श्री ५ को सरकारले तोकेको अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद – ५

## विविध

३९. **विवरण लिन वा कारोवार रोक्का राख्न सकिनेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि भ्रष्टाचारको कसूरमा अनुसन्धान गर्दै जाँदा कुनै व्यक्तिको स्वदेश वा विदेशमा रहेको कुनै बैंक वा वित्तीय संस्थामा कारोबार भएको वा खाता संचालनमा रहेको जानकारी कुनै स्रोतबाट खुल्न आएमा अनुसन्धान अधिकारीले त्यस्तो कारोवार वा खाता रोक्का राख्न आदेश दिन सक्नेछ । अनुसन्धान अधिकारीको आदेशानुसार सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो कारोवार वा खाता रोक्का राख्नु पर्नेछ ।

तर, विदेशस्थित बैंक वा वित्तीय संस्थासँग त्यस्तो कारोबार वा खाता रोक्का राख्न परेमा अनुसन्धान अधिकारीले कूटनैतिक माध्यममार्फत् कारोवार वा खाता संचालन रोक्का राख्न लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कारोवार वा खाता रोक्का नराख्ने नेपालस्थित सम्बन्धित बैंक वा वित्तीय संस्थाको प्रमुखलाई अनुसन्धान अधिकारीले पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) अनुसन्धान अधिकारीले अनुसन्धानको क्रममा आवश्यक ठानेमा सार्वजनिक पद धारण गरेको व्यक्तिको सम्पत्तिको विवरण माग गर्न र वा त्यस्तो सम्पत्ति रोक्का राख्न सक्नेछ।

४०. **राहदानी जारी नगर्न वा रोक्का राख्न आदेश दिन सक्ने**: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरको गाम्भीर्यता, अभियुक्तले कसूर गरेको अवस्था, स्थिति र कसूरको मात्रा र कसूर ठहरेमा हुन सक्ने सजायको आधारमा अनुसन्धान अधिकारीले कुनै अभियुक्तलाई राहदानी जारी नगर्ने वा जारी भइसकेको भए सो राहदानी रोक्का राख्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ।

४१. **स्थान छोड्न बन्देज गर्न सक्ने**: कुनै व्यक्ति उपर यस ऐन बमोजिम कारबाही चलाएकोमा त्यस्तो व्यक्तिले गरेको कसूरको गाम्भीर्यता, कसूर गर्दाको परिस्थिति वा अवस्था र कसूर ठहरेमा हुने सजायको मात्रा हेरी कुनै अभियुक्तलाई अनुसन्धान अधिकारीको स्वीकृति बिना कुनै स्थान छोड्न नपाउने गरी वा कुनै स्थानमा जान नपाउने गरी अनुसन्धान अधिकारीले आदेश जारी गर्न सक्नेछ।

४२. **म्याद तामेल सम्बन्धी व्यवस्था**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको कसूरमा विदेशी व्यक्तिको नाममा म्याद तामेल गर्नु पर्दा त्यस्तो व्यक्तिको नेपाल अधिराज्यभित्र कुनै किसिमको कार्यालय वा प्रतिनिधि भए त्यस्तो कार्यालय वा प्रतिनिधिको नाममा म्याद तामेल गरिनेछ र त्यसरी तामेल भएको म्याद रीतपूर्वक तामेल भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यालय वा प्रतिनिधि नभएमा त्यस्तो व्यक्तिको कारोवार हुने मुख्य स्थान वा निजले स्थायी बसोबास गर्ने ठेगाना वा कारोवार गर्दाको बखत पत्राचारको लागि निजले दिएको कुनै ठेगाना रहेछ भने त्यस्तो ठेगानामा टेलेक्स, टेलिफ्याक्स वा अभिलेख हुन सक्ने दूरसञ्चारका अन्य माध्यममार्फत् वा रजिष्टरी गरी हुलाक मार्फत म्याद तामेल गरिनेछ र त्यसरी तामेल भएको म्याद रीतपूर्वक तामेल भएको मानिनेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा रहे बसेको व्यक्तिको नाममा म्याद तामेल गर्न श्री ५ को सरकार वा नेपाल अधिराज्य पक्ष भएको कुनै सन्धिमा छुट्टै व्यवस्था भएको रहेछ भने सोही बमोजिम म्याद तामेल गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

४३. **सूचना प्रकाशन गर्ने**: यस ऐन वा अन्य प्रचलित कानून बमोजिम कुनै व्यक्तिको नाममा सूचना पठाउंदा वा म्याद तामेल गर्दा त्यस्तो व्यक्तिको ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो सूचना बुझाउन नसकिएको वा म्याद तामेल हुन नसकेको कुराको प्रतिवेदन पर्न आएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई तीस दिनसम्मको म्याद दिई अनुसन्धान भएको वा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर भइसकेको भए सो विषयको संक्षिप्त विवरण उल्लेख गरी उपस्थित हुन राष्ट्रिय स्तरको समाचारपत्रमा (विदेशीको हकमा अंग्रेजी दैनिकमा) कम्तीमा दुई पटक सार्वजनिक सूचना प्रकाशन गरिनेछ र त्यसरी सूचना प्रकाशन भएकोमा यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई रीतपूर्वक सूचना दिइएको वा म्याद तामेल भएको मानिनेछ।

४४. **सरकारी निकाय तथा सार्वजनिक संस्थाको कर्तव्य**: कुनै सरकारी निकाय तथा सार्वजनिक संस्थाको प्रमुखले आफ्नो वा आफ्नो मातहतका कुनै कार्यालयमा भ्रष्टाचार भएको छ भन्ने कुनै जानकारी प्राप्त हुन आएमा तत्काल त्यस्तो विषयसंग सम्बन्धित कागजात तथा फाइल आफ्नो जिम्मामा लिई सुरक्षित राख्नु पर्नेछ र त्यस्तो विषयसंग सम्बन्धित व्यक्ति तथा कर्मचारीहरूसंग वास्तविक कुरा बुझी भ्रष्टाचार भएको देखिने कारण भएमा त्यस्तो कागजात अनुसन्धान तथा तहकिकातका लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

४५. **अवकाश प्राप्त व्यक्ति उपर मुद्दा चलाउन सकिने**: कुनै राष्ट्रसेवकले आफू कुनै पदमा बहाल रहेको अवस्थामा सरकारी वा सार्वजनिक सम्पत्ति वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना वा हानि नोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धमा त्यस्तो व्यक्तिले आफ्नो पदबाट अवकाश प्राप्त गरेपछि पनि निजउपर मुद्दा चलाउन यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिनेछैन।

४६. **मुद्दाको कारवाही र किनारा गर्न बाधा नपर्ने**: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको मुद्दा दायर हुनु अगावै वा दायर भएपछि अभियुक्त वा प्रतिवादीको मृत्यु भएमा पनि मुद्दाको कारबही र किनारा गर्न बाधा पर्ने छैन।

४७. **सम्पत्ति जफत हुने**: कुनै व्यक्तिले यो ऐन वा अन्य प्रचलित कानून बमोजिम भ्रष्टाचार गरेको मानिने कुनै काई गरी आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको अन्य सम्पत्ति समेत आफ्नो वा अरु कसैको नाममा राखेको प्रमाणित भएमा त्यस्तो सम्पत्ति जफत हुनेछ।

तर, त्यस्तो सम्पत्तिको हक अरु कसैलाई हस्तान्तरण गरिसकेको र त्यसरी हस्तान्तरण गर्दा थैली कायम भएको रहेछ भने सो रकम कपालीसरह हुनेछ ।

४८. **विदेशी व्यक्तिको सम्पत्ति रोक्का राख्न आदेश दिने:** (१) अनुसन्धान अधिकारीले दिएको सूचना वा दफा ४२ बमोजिम तामेल भएको म्याद बमोजिम अनुसन्धान अधिकारी समक्ष उपस्थित नहुने कुनै विदेशी व्यक्तिको नेपाल अधिराज्यभित्र कुनै सम्पत्ति, हक, हित वा सरोकार रहेछ भने त्यस्तो व्यक्ति अनुसन्धान अधिकारी समक्ष उपस्थित नभएसम्म त्यस्तो सम्पत्ति, हक, हित वा सरोकार अनुसन्धान अधिकारीले तोके बमोजिम यथास्थितिमा राख्न वा नेपाल अधिराज्य बाहिर लैजान नपाउने गरी अनुसन्धान अधिकारीले आदेश दिन सक्नेछ र त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश पालन नगर्ने व्यक्तिलाई अनुसन्धान अधिकारीले एक लाख रुपैयांसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो आदेश पालन नगरेको कारणबाट श्री ५ को सरकार वा सार्वजनिक संस्थालाई कुनै किसिमको हानि, नोक्सानी भएको रहेछ भने सो समेत निजबाट भराइनेछ ।

४९ **झुट्टा उजूर गर्नेलाई सजाय:** कसैले उजूरी दिने मनासिब कारण नभई कसैलाई कुनै किसिमको हानी नोक्सानी पुऱ्याउने वा दुःख दिने नीयतले कुनै राष्ट्रसेवक वा व्यक्ति उपर झुट्टा उजूर दिएको ठहरेमा निजलाई अनुसन्धान अधिकारीले पांच हजार रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

५०. **सम्पत्ति विवरण सम्बन्धी व्यवस्था:** (१) सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पदधारण गरेको मितिले र यो दफा प्रारम्भ हुंदाका बखत सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र सम्पत्तिको विवरण पेश गर्न नसक्ने सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो विवरण पेश गर्न नसक्नाको कारण सहित उल्लेख गरी म्याद थपको लागि अनुरोध गरेमा सम्बन्धित निकाय वा अधिकारीले बढीमा तीस दिनसम्मको म्याद थप दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम थप गरेको म्यादभित्र पनि सम्पत्तिको विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई पाँच हजार रुपैयाँ जरिवाना गरी निज र निजको परिवारको नाममा गैरकानूनी सम्पत्ति रहेको अनुमान गरी सम्बन्धित निकाय वा अधिकारीले अनुसन्धान गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम पेश हुन आएको सम्पत्ति विवरण गोप्य राखिनेछ ।

तर, यस ऐन अन्तर्गत अनुसन्धान र तहकिकातको सिलसिलामा सम्पत्ति विवरण माग हुन आएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई उपलब्ध गराउन सकिनेछ ।

५१. **बाधा विरोध गर्नेलाई सजाय हुने:** यस ऐन अन्तर्गतको अनुसन्धान र तहकिकात सम्बन्धी काम कारवाईमा कसैले बाधा विरोध गरेमा निजलाई अनुसन्धान अधिकारीको प्रतिवेदनको आधारमा मुद्दा हेर्ने अधिकारीले छ महिनासम्म कैद वा पांच हजार रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ ।

५२. **सूचनाको गोप्यता:** (१) भ्रष्टाचारको कसूरमा अनुसन्धान र तहकिकातको सिलसिलामा अनुसन्धान अधिकारीलाई प्राप्त भएको सूचना वा जानकारी वा बुझेको वा संकलन गरेको प्रमाणहरू मुद्दा दायर नहुँदै सार्वजनिक रुपमा प्रकट गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकारीले उपयुक्त सम्झेको सार्वजनिक महत्वको कुनै कुराको छानवीन, अनुसन्धान र तहकिकात सम्बन्धी विवरण आवश्यकता अनुसार प्रकाशमा ल्याउन सक्नेछ ।

५३. **अनुसन्धान तथा तहकिकातमा संलग्न कर्मचारीलाई विभागीय कारबाही हुने:** यो ऐन कार्यान्वयन गर्ने सिलसिलामा अनुसन्धान अधिकृत वा अनुसन्धान तथा तहकिकातमा संलग्न अन्य कर्मचारीले जानी जानी कुनै व्यक्तिलाई दुःख दिने नियतले कुनै कार्य गरेको प्रमाणित भएमा त्यस्तो कर्मचारीलाई विभागीय कारबाही गरिनेछ ।

५४. **कैदमै बस्नु पर्ने:** प्रचलित कानूमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको कसूरमा अदालतबाट कैदको सजाय पाएको व्यक्तिले कैदमै बस्नु पर्नेछ ।

५५. **सजायको मागदावीमा छूट हुन सक्नेः** यस ऐन बमोजिमको अनुसन्धानको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले आफ्नो साक्षीको रुपमा प्रस्तुत गरी निजलाई सजायको मागदावीमा पूर्ण वा आंशिक छूट दिन सक्नेछ ।

तर निजले गरेको सहयोग अन्य सबूद वा प्रमाणबाट प्रमाणित नभएमा वा निजले मुद्दा हेर्ने अधिकारी समक्ष अनुसन्धान अधिकारीलाई गरेको सहयोग प्रतिकूल हुने गरी बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर पुनः मुद्दा दायर गर्न सकिनेछ ।

५६. **कारबाही नहुनेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि भ्रष्टाचार भएको वा हुन लागेको विषयमा कानूनी कारबाही अगाडि बढाउन वा भ्रष्टाचार हुन नदिने गरी सूचना दिने राष्ट्रसेवकलाई निजले गरे वा पुऱ्याएको सहयोग बापत निजको सेवा शर्त सम्बन्धी कानून अनुसार गोपनीयता भंग गरेको आधारमा कारबाही हुने छैन ।

५७. **अधिकार प्रत्यायोजनः** (१) अनुसन्धान अधिकारीले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन बमोजिम आफूलाई प्राप्त सबै वा केही अधिकार श्री ५ को सरकारको कुनै अधिकृत स्तरको कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकार प्रत्यायोजन गर्दा सम्बन्धित कर्मचारीले अधिकार प्रयोग गर्न पाउने प्रादेशिक क्षेत्राधिकार सोही सूचनामा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्न पाउने अधिकारी सो प्रयोजनका लागि अनुसन्धान अधिकारीप्रति उत्तरदायी हुनेछ ।

५८. **पुरस्कार सम्बन्धी व्यवस्थाः** यस ऐन अन्तर्गत सजाय हुने कसूरमा तत्सम्बन्धी मौका तहकिकात, अनुसन्धान वा अन्य सबूद प्रमाण संकलनको काममा अनुसन्धान अधिकारीलाई सहयोग पुऱ्याउने व्यक्तिलाई अनुसन्धान अधिकारीले उचित पुरस्कार दिन सक्नेछ ।

५९. **भ्रष्टाचार सम्बन्धी मुद्दामा विशेष व्यवस्थाः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत दायर हुने वा भएको मुद्दामा देहायका कुरामा देहाय बमोजिम हुनेछ :-

(क) कुनै राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले यस ऐन अन्तर्गत कसूर मानिने कुनै काम गरेको वा त्यस्तो काम गर्ने सिलसिलामा अन्य प्रचलित कानून बमोजिम कसूर मानिने कुनै काम समेत गरेको रहेछ भने निजउपर अन्य प्रचलित कानून बमोजिम छुट्टै मुद्दा चलाउन बाधा पर्ने छैन ।

(ख) कुनै राष्ट्रसेवक वा अन्य व्यक्तिले यस ऐन अन्तर्गतको कसूर मानिने कुनै काम गर्दा वा त्यस्तो काम गर्ने सिलसिलामा कुनै व्यक्तिको हक, सम्पत्ति वा सरोकारउपर पनि प्रतिकूल असर परेको रहेछ भने त्यस्तो व्यक्तिले छुट्टै मुद्दा दायर गर्न बाधा पर्ने छैन ।

(ग) यस ऐन अन्तर्गतको कसूरमा कुनै व्यक्ति उपर मुद्दा दायर भएकोमा त्यस्तो मुद्दाको प्रमाण बुझ्दै जाँदा अन्य व्यक्तिउपर समेत मुद्दा दायर गर्नुपर्ने देखिएमा त्यस्तो व्यक्तिउपर छुट्टै अभियोगपत्र दायर गर्न बाधा पर्ने छैन ।

(घ) कुनै राष्ट्रसेवक वा अन्य व्यक्तिले श्री ५ को सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानी-नोक्सानी पुऱ्याएकोमा सो असुलउपर गर्न निजउपर छुट्टै मुद्दा दायर भएकोमा यस ऐन अन्तर्गत कसूरमा छुट्टै मुद्दा चलाउन बाधा पर्ने छैन ।

(ङ) कुनै राष्ट्रसेवक वा व्यक्तिउपर यस ऐन अन्तर्गत मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्रसेवक वा व्यक्तिउपर श्री ५ को सरकार वा सार्वजनिक संस्थालाई पुग्न गएको हानि, नोक्सानी भराउन सकिने कुनै कानूनी व्यवस्था रहेछ भने सोही कारणले मात्र यस ऐन अन्तर्गत मुद्दा चलाउन बाधा पुग्ने वा सोही कारणले मुद्दा खारेज हुने छैन ।

(च) यस ऐन अन्तर्गतको मुद्दा फिर्ता लिन वा मिलापत्र गर्न सकिने छैन ।

६०. **सुराकी र त्यसको विवरण गोप्य राखिनेः** यस ऐन अन्तर्गको कसूर गरेको वा गर्न लागेको छ भन्ने कुराको सूचना दिने सुराकीको नाम र ठेगाना निजले चाहेमा गोप्य राखिनेछ ।

६१. **बेवारिसे मालवस्तु श्री ५ को सरकारको हुनेः** (१) यस ऐन अन्तर्गतको सजाय हुने कसूरसित सम्बन्धित मालवस्तुको धनी पत्ता नलागेमा अनुसन्धान अधिकारीले कब्जा गरेको मालवस्तुको कुनै हकदार भए हक दावी गर्न आउन पैंतीस दिनको म्याद दिई सार्वजनिक सूचना जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र हक दावी नपरेमा वा हकदावी परे पनि पर्याप्त प्रमाणको अभावमा हक दावी पुग्ने नदेखिएमा त्यस्तो मालवस्तु बेवारिसी मालवस्तु मानी श्री ५ को सरकारको हुनेछ।

६२. **मालवस्तु लिलाम गर्न सकिने:** (१) यस ऐन अन्तर्गत सजाय हुने कसूरका सम्बन्धमा कब्जा गरिएको कुनै माल बस्तु लामो समयसम्म कब्जामा राख्दा खिया लागि वा अरु कुनै परिबन्दबाट टूटफूट वा नोक्सान हुन सक्ने देखिएमा वा सडी गली जाने भएमा वा पुरानो भई मूल्य घट्न जाने भएमा वा बेवारिसे भएमा वा स्थान अभावको कारणले संभार गर्न नसक्ने वा राख्न नसकिने भएमा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो माल बस्तु लिलाम बिक्री गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्रीबाट प्राप्त आम्दानी धरौटी खातामा जम्मा गरिनेछ। त्यस्तो माल बस्तु सम्बन्धित धनीलाई फिर्ता दिने ठहर भएमा लिलाम बिक्रीबाट प्राप्त रकम मात्र फिर्ता पाउनेछ।

६३. **बाधा नपर्ने:** अन्य प्रचलित कानून बमोजिम अन्य कुनै निकाय वा अधिकारीलाई प्राप्त भ्रष्टाचार सम्बन्धी कसूरको अनुसन्धान र तहकिकात तथा अन्य कारबाही वा मुद्दा दायर सम्बन्धी अधिकार प्रयोग गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

६४. **नियम बनाउन सक्ने:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

६५. **संशोधन, खारेजी र बचाउ:** (१) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को :–

(क) दफा २ को खण्ड (ग) झिकिएको छ।
(ख) दफा ६ को उपदफा (२) झिकिएको छ।
(ग) दफा ९ को उपदफा (४) मा रहेका "वा कर्मचारी" भन्ने शब्दहरू झिकिएका छन्।
(घ) दफा १८ को उपदफा (२) झिकिएको छ।
(ङ) दफा २१ को उपदफा (२) झिकिएको छ।
(च) दफा २३ को उपदफा (२) झिकिएको छ।
(छ) ठाउँ ठाउँमा प्रयोग भएका "वा भ्रष्टाचार" भन्ने शब्दहरू झिकिएका छन्।
(ज) दफा ५, परिच्छेद-४ र दफा २५ खारेज गरिएको छ।

(२) भ्रष्टाचार निवारण ऐन, २०१७ खारेज गरिएको छ।

(३) भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम भए गरेका काम कारवाई यसै ऐन बमोजिम भए गरेको मानिने छ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८

**संशोधन गर्ने ऐन** | **लालमोहर र प्रकाशन मिति**

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पहिलो संशोधन) ऐन, २०४८   २०४८।८।४।४

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग (दोश्रो संशोधन) ऐन, २०४९   २०५९।४।३०।५

प्रस्तावना : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको बीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८" रहेकोछ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ र नेपाल अधिराज्य बाहिर जहाँसुकै रहे बसेको भएपनि सबै नेपाली नागरिकलाई लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा –

(क) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले संविधानको धारा ९७ बमोजिम गठित अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्झनु पर्छ ।

(ग) "आयुक्त" भन्नाले आयोगको प्रमुख आयुक्तलाई समेत जनाउँछ ।

#(घ) "सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले संविधान, अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नु पर्ने वा दायित्व निर्वाह गर्नु पर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शव्दले सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउँछ ।

---

# दोश्रो संशोधनबाट संशोधित

[α](ङ) "सार्वजनिक संस्था" भन्नाले देहायको संस्था सम्झनु पर्छ :

(१) श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक वा समिति वा प्रचलित कानून बमोजिम श्री ५ को सरकारद्वारा स्थापित आयोग, सार्वजनिक संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(२) श्री ५ को सरकारद्वारा सञ्चालित वा श्री ५ को सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था,

(३) स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित स्थानीय निकाय,

(४) श्री ५ को सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्था,

(५) उपखण्ड (१), (२), (३) वा (४) मा उल्लिखित सार्वजनिक संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको संस्था,

(६) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य कुनै संस्था ।

(च) "अनुसन्धान अधिकृत" भन्नाले अख्तियार दुरुपयोगको अनुसन्धान र तहकिकात गर्न यस ऐन बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(छ) "अनुचित कार्य" भन्नाले सार्वजनिक पद धारण गरेको व्यक्तिले दफा ३ मा उल्लेख भए बमोजिम गरेको कुनै कार्य सम्झनु पर्छ ।

[β](ज) "भ्रष्टाचार" भन्नाले भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानून बमोजिम सजाय हुने कसूर सम्झनु पर्छ ।"

(झ) "अख्तियार दुरुपयोग" भन्नाले खण्ड (छ) वा (ज) बमोजिमको अनुचित कार्य वा भ्रष्टाचार सम्झनु पर्छ ।

[δ](ञ) "अदालत" भन्नाले दफा ३४ को उप-दफा (१) बमोजिमको अदालत सम्झनु पर्छ ।

[δ](ट) "अख्तियारवाला" भन्नाले सार्वजनिक पद धारण गरेको व्यक्तिको सेवाका शर्त सम्बन्धी प्रचलित कानून वा सम्झौता वा त्यस्तै कुनै लिखतमा व्यवस्था भएको अख्तियारवाला सम्झनु पर्छ र सो शव्दले त्यस्तो व्यक्तिलाई नियुक्त गर्ने, अवकाश दिने वा निजको काम कारबाहीको सुपरीवेक्षण गर्ने अधिकार प्राप्त अधिकारी समेतलाई जनाउंछ ।"

३. **अनुचित कार्यः** सार्वजनिक पद धारण गरेको व्यक्तिले जानी जानी वा लापरबाही साथ देहायको कुनै कार्य गरेमा अनुचित कार्य गरेको मानिनेछः-

(क) आफ्नो अधिकारभित्रको कुनै काम गर्न इन्कार गरेको वा आफ्नो अधिकार नभएको कुनै काम गरेको,

(ख) कुनै निर्णय वा आदेश गर्दा बाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधिको पालन नगरेको,

(ग) आफूलाई प्राप्त अधिकार सम्बन्धित कानून, निर्णय वा आदेश बिपरीत अर्कै उद्देश्य वा कार्यमा प्रयोग गरेको,

---

[α] दोश्रो संशोधनबाट संशोधित

[β] दोश्रो संशोधनबाट संशोधित

[δ] दोश्रो संशोधनबाट थप

[δ] दोश्रो संशोधनबाट थप

(घ) आफ्नो तजबिजी अधिकार बदनीयत साथ वा स्वेच्छाचारी रुपमा प्रयोग गरेको,

(ङ) अन्य कार्यालय, अधिकारी वा कर्मचारीको कार्यमा अनाधिकार बाधा उत्पन्न गरेको वा त्यस्तो कार्यालय, अधिकारी वा कर्मचारीलाई दवाव दिई कुनै अनधिकृत कार्य गराएको,

(च) आफूले गर्नु पर्ने कुनै काम नगरी अन्य कार्यालय वा अन्य अधिकारी कहाँ पठाई आफ्नो उत्तरदायित्व पन्छाएको, ...[γ]

(छ) आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने कुनै पदीय कर्तव्य पालन नगरेको ।

[φ](ज) आफ्नो मातहतमा रहेको कर्मचारी वा आफ्नो प्रभावमा रहेको व्यक्तिलाई अनुचित दवाव दिई वा प्रलोभनमा पारी आफ्नो अनुकूलको काम गराएको, वा

[φ](झ) आफूलाई पदीय हैसियतले प्राप्त उन्मुक्ति, सुविधा वा सहुलियतको दुरुपयोग गरेको ।

## परिच्छेद – २

## आयोगको अधिकार क्षेत्र सम्बन्धी व्यवस्थाहरू

[π]४. **आयोगको अधिकार क्षेत्रः** सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अख्तियार दुरुपयोग गरेमा आयोगले यस ऐन वा अन्य प्रचलित कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने, मुद्दा चलाउने तथा तत्सम्बन्धी अन्य कारवाई गर्नेछ ।

तर,

(क) संविधानको धारा ९८ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ ।

(ख) संसदको कुनै सदन वा समितिको बैठकमा भएको काम कारवाई वा निर्णय वा त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै काम कुराको सम्बन्धमा वा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रुपमा गरेको कुनै नीतिगत निर्णय र अदालतको न्यायिक काम कारवाहीका सम्बन्धमा आयोगले यस ऐन अन्तर्गत अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी कुनै कारवाई गर्ने छैन ।

५. ...[#]

६. **संस्थामा भएको अनुचित कार्यको सम्बन्धमा आयोगले कारबाही गर्ने बारेः** ...[^] कुनै सार्वजनिक संस्थामा भएको अनुचित कार्यको सम्बन्धमा आयोगले आफूसमक्ष प्रतिवेदन पेश गर्नु पर्ने गरी आयोगमा परेको उजूरीमा कारबाही गर्नको लागि अवस्था अनुसार सम्बन्धित सार्वजनिक संस्था वा

---

[γ] दोश्रो संशोधनबाट झिकिएको

[φ] दोश्रो संशोधनबाट थप

[φ] दोश्रो संशोधनबाट थप

[π] दोश्रो संशोधनबाट संशोधित

[#] दोश्रो संशोधनबाट खारेज

[^] दोश्रो संशोधनबाट झिकिएको

सोसित सम्बन्धित माथिल्लो निकायमा पठाउन सक्नेछ र त्यस सम्बन्धमा भएको कारबाही र निर्णयको जानकारी त्यस्तो निकायले आयोग र उजूरवालालाई दिनु पर्नेछ ।

तर आयोगले आवश्यक देखेमा त्यस्तो उजूरीको सम्बन्धमा पुनः छानवीन गराउन वा आफैंले कारबाही गर्न सक्नेछ ।

७. **तजविजी अधिकारको प्रयोगमा आयोगले प्रश्न उठाउन नपाउनेः** कुनै ...[Ω] काम कारबाहीको सम्बन्धमा कुनै अधिकृतले आफ्नो तजविजी अधिकारको प्रयोग गरी गरेको काम कारबाही वा निर्णयलाई लिएर आयोगले यस ऐन अन्तर्गत कुनै कारबाही चलाउने छैन ।

तर त्यस्तो तजविजी अधिकारको प्रयोग गर्दा बदनियतसाथ वा स्वेच्छाचारी किसिमबाट प्रयोग गरिएको देखिएमा त्यस सम्बन्धमा कारबाही चलाउन यस दफामा लेखिएको कुनै कुराले आयोगलाई बाधा पुऱ्याउने छैन ।

---

[Ω] दोश्रो संशोधनबाट झिकिएको

# परिच्छेद – ३

## अनुचित कार्य सम्बन्धी व्यवस्थाहरू

⊗८. **अनुचित कार्य सम्बन्धी उजूरीः** (१) सार्वजनिक हित वा सरोकारको विषयमा प्रतिकूल असर पर्ने गरी कसैले अनुचित कार्य गरेकोमा जो सुकैले पनि र सो बाहेक अन्य विषयमा अनुचित कार्यबाट प्रतिकूल असर पर्ने व्यक्तिले आयोग समक्ष उजूरी दिन सक्नेछ ।

तर, अनुचित कार्यबाट प्रतिकूल असर पर्ने व्यक्तिको मृत्यु भइसकेको वा त्यस्तो व्यक्ति शारीरिक वा मानसिक अशक्तताले गर्दा उजूरी दिन नसक्ने अवस्था भएमा निजको हकवाला वा संरक्षकले पनि त्यस सम्बन्धमा उजूरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कसैको उजूरी नपरे तापनि सार्वजनिक हित वा सरोकारको विषयमा प्रतिकूल असर पर्ने गरी कसैले अनुचित कार्य गरेको सम्बन्धमा आयोगलाई अन्य कुनै स्रोतबाट जानकारी प्राप्त भएमा आयोगले यस ऐन बमोजिम अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी अन्य कारवाई गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम उजूरी गर्दा सार्वजनिक हित वा सरोकारको विषयमा असर पर्ने गरी अनुचित कार्य भए गरेकोमा जहिले सुकै पनि उजूरी गर्न सकिनेछ र सो बाहेकका अन्य विषयमा त्यस्तो कार्य भए गरेको थाहा पाएको मितिले पैंतीस दिनभित्र उजूरी गर्नु पर्नेछ ।

(४) उजूरवालाले उजूर गर्दा उजूरीको समर्थनमा आफूसँग भएको वा आफूले प्राप्त गर्न सक्ने प्रमाण उजूरी साथ पेश गर्नु पर्नेछ ।

९. **उजूरीको सनाखतः** अनुचित कार्यबाट प्रतिकूल असर पर्ने व्यक्ति◊ले स्वयं आयोगमा उपस्थित भई उजूरी दिएकोमा बाहेक हुलाकबाट वा अन्य कुनै प्रकारले आयोगमा उजूरी पठाएकोमा त्यस्तो उजूरी प्राप्त भएको सात दिनभित्र सो उजूरी सनाखत गर्न आयोगले अनुचित कार्यबाट प्रतिकूल असर पर्ने व्यक्ति◊लाई आयोगमा उपस्थित हुने सूचना पठाउनुपर्नेछ ।

तर उजूरीको व्यहोराबाटै सो उजूरी तथ्यमा आधारित नभएको वा अस्पष्ट वा भ्रमपूर्ण देखिएमा आयोगले त्यस सम्बन्धमा कुनै कारबाही नगर्ने निर्णय गर्न सक्नेछ । त्यस्तो निर्णयको सूचना आयोगले यथाशीघ्र अनुचित कार्यबाट प्रतिकूल असर पर्ने व्यक्ति◊लाई दिनु पर्नेछ ।

१०. **सम्बन्धित मिसिल र प्रमाणका लिखतहरू झिकाउनेः** उजूरीको व्यहोरा र तत्सम्बन्धमा उजूरवालाले कुनै प्रमाण पेश गरेको भए सो प्रमाणबाट उजूरीमा उल्लेख भए बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरेको सम्झनु पर्ने मनासिब कारण भएमा आयोगले तत्सम्बन्धी मिसिल वा प्रमाणका लिखतहरू सम्बन्धित कार्यालय, पदाधिकारी वा व्यक्तिबाट दाखिल गराउन

---

⊗ दोश्रो संशोधनबाट संशोधित

◊ दोश्रो संशोधनबाट संशोधित

◊ दोश्रो संशोधनबाट संशोधित

◊ दोश्रो संशोधनबाट संशोधित

सक्नेछ र त्यस सम्बन्धमा महत्वपूर्ण जानकारी दिन सक्ने कुनै व्यक्ति भए आयोगले त्यस्तो व्यक्तिसित सोधपुछ गर्न सक्नेछ ।

[∅]११. **विभागीय कारबाही सम्बन्धी कार्यविधि** : (१) आयोगले गरेको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरेको देखिएमा वा विश्वास गर्नु पर्ने मनासिब कारण भएमा आयोगले त्यस्तो व्यक्तिलाई निज उपर परेको उजूरीको अनुसन्धानबाट प्राप्त विवरण उल्लेख गरी सो सम्बन्धमा स्पष्टीकरण पेश गर्न मनासिब म्याद तोकी सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिंदा सार्वजनिक पद धारण गरेको व्यक्ति उपर परेको उजूरी र सो सम्बन्धमा भएको अनुसन्धानबाट प्राप्त विवरण र निज उपरको आरोप कुन कुन कुरा र कारणमा आधारित छ र सो आरोप ठहरिएमा के कस्तो विभागीय कारबाही वा सजाय हुने हो सो समेत खुलाउनु पर्नेछ ।

[⌒]१२. **विभागीय कारबाहीका लागि लेखी पठाउने** : (१) सार्वजनिक पदधारण गरेको व्यक्तिले दफा ११ को उपदफा (१) को म्यादभित्र स्पष्टीकरण पेश नगरेमा वा निजले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउन वा कसूरको मात्रा अनुसार कारण र आधार खुलाई विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले लेखिआएमा सम्बन्धित अख्तियारवालाले उपयुक्त सजाय प्रस्ताव गरी तीन महीनाभित्र प्रचलित कानून बमोजिम विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ । कसैको उजूरी परी कारबाही प्रारम्भ गरिएको रहेछ भने सोको जानकारी उजूरवाला समेतलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी पठाएको म्यादभित्र सम्बन्धित अख्तियारवालाले मनासिब कारण परेमा बाहेक विभागीय कारबाही नगरेमा निजले यस ऐन बमोजिमको अनुचित कार्य गरेको मानी आयोगले कारबाही गर्न सक्नेछ ।

[Ψ]१२क. **अन्य आवश्यक कारबाहीका लागि लेखी पठाउने** : सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी श्री ५, श्री ५ को सरकार वा सार्वजनिक संस्थालाई हानी, नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउनेछ ।

[Ψ]१२ख. **दुष्परिणाम सच्याउन आदेश दिने:** सार्वजनिक पदधारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम प्रचलित कानून बमोजिम सच्याउनका लागि आयोगले सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्नेछ ।

तर सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको निर्णयउपर प्रचलित कानून बमोजिम पुनरावेदन लाग्ने रहेछ भने आयोगले त्यस्तो निर्णय प्रभावित हुने गरी लेखी पठाउने छैन ।

---

∅ दोश्रो संशोधनबाट संशोधित

⌒ दोश्रो संशोधनबाट संशोधित

Ψ दोश्रो संशोधनबाट थपिएको

Ψ दोश्रो संशोधनबाट थपिएको

ψ१२ग. **आयोगलाई जानकारी दिनु पर्ने:** दफा १२क. वा १२ख. बमोजिम लेखी आएकोमा सम्बन्धित निकाय वा अधिकारीले त्यसरी लेखी आएको मितिले तीन महिनाभित्र लेखी आए बमोजिम कारबाही गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ ।

---

ψ दोश्रो संशोधनबाट थपिएको

# परिच्छेद - ४

## भ्रष्टाचार सम्बन्धी व्यवस्थाहरू

१३. **भ्रष्टाचार सम्बन्धी उजूरी:** (१) भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा कुनै श्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा आयोगले यस ऐन बमोजिम अनुसन्धान र तहकिकात गर्न वा अन्य कारबाही चलाउन सक्नेछ ।

(२) दफा २९ मा लेखिएदेखि बाहेक भ्रष्टाचारको सम्बन्धमा सो कार्य भएको पांच वर्षभित्र आयोगले कारबाई नचलाएमा सो अवधिपछि त्यस सम्बन्धमा यस ऐन अन्तर्गत कुनै कारबाई चलाइने छैन ।

तर सरकारी वा सार्वजनिक सम्पत्ति वा श्री ५ को सरकारको स्वामित्व भएको सार्वजनिक संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा कुनै हदम्याद लाग्ने छैन ।

१४. **भ्रष्टाचार सम्बन्धी प्रारम्भिक छानवीन:** (१) कुनै उजूरी वा प्रतिवेदन परी वा अन्य कुनै श्रोतबाट आयोगलाई कुनै जानकारी प्राप्त भई सार्वजनिक पदधारण गरेको व्यक्तिले भ्रष्टाचारको अपराध गरेको छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा आयोगले त्यसको प्रारम्भिक छानवीन गोप्य रुपमा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम भ्रष्टाचारको अपराधको प्रारम्भिक छानवीन गर्दा आयोगले यस ऐन अन्तर्गत अनुसन्धान र तहकिकातको सम्बन्धमा आयोगलाई प्राप्त अधिकारको प्रयोग गर्नसक्नेछ ।

१५. **जानकारी तथ्यपूर्ण देखिएमा सम्बन्धित व्यक्तिसँग स्पष्टीकरण माग्ने:** दफा १४ को उपदफा (१) बमोजिम भ्रष्टाचारको कुनै अपराधको प्रारम्भिक छानवीन गर्दा उजूरी प्रतिवेदन वा आयोगलाई प्राप्त जानकारी तथ्यपूर्ण देखिएमा आयोगले आरोपको संक्षिप्त विवरण उल्लेख गरी त्यस्तो अपराध गर्ने व्यक्ति र सो अपराधमा मुछिएका अन्य व्यक्तिहरूसँग स्पष्टीकरण माग्न सक्नेछ ।

[३]१६. **अभियुक्तलाई थुनामा राख्ने:** (१) आयोगले भ्रष्टाचारको आरोपमा कारबाही चलाएको कुनै व्यक्तिले कुनै प्रमाण लोप वा नाश गर्न सक्ने वा आयोगको कारबाहीमा बाधा व्यवधान वा प्रतिकूल प्रभाव पार्न सक्ने पर्याप्त कारण विद्यमान भएमा आयोगले निजलाई प्रचलित कानून बमोजिम थुनुवा पूर्जी दिई थुनामा राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा आयोगले निजलाई अदालत समक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ । सो बमोजिम अदालतसंग अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नुपर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

---

[३] दोश्रो संशोधनबाट संशोधित

(३) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले त्यसरी अदालतमा उपस्थित हुंदा आफ्नो शारीरिक जांचका लागि अदालतसमक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति मागेमा अदालतले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको विचार गरी सन्तोषजनक रुपमा तहकिकात भइरहेको देखिएमा एक पटकमा एक महिनामा नबढ्ने गरी बढीमा छ महिनासम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम थुनामा राख्ने म्याद थप माग गर्दा थुनामा रहेको व्यक्तिले चाहेमा आफू थुनामा रहनु नपर्ने कारण र आधार खोली सम्बन्धित अदालतसमक्ष निवेदन दिन सक्नेछ ।

[∞]१७. **स्वतः निलम्बन हुने:** सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिलाई आयोगले दफा १६ वा दफा १९ को उपदफा (४) बमोजिम थुनामा राखेकोमा त्यसरी थुनामा राखेको अवधिभर र दफा १८ बमोजिम मुद्दा चलेकोमा सो मुद्दाको किनारा नभएसम्मको अवधिभर त्यस्तो व्यक्ति आफ्नो पदबाट स्वतः निलम्वन भएको मानिनेछ । त्यसरी निलम्वनमा रहेको व्यक्तिले कुनै सरकारी कार्यालय वा सार्वजनिक संस्थामा वा श्री ५ को सरकारलाई कुनै किसिमले प्राप्त ऋण वा अनुदान रकममा व्ययभार पर्ने पदमा कुनै पनि किसिमले नियुक्त भई काम गर्न पाउने छैन ।

१८. **मुद्दा चलाउने:** सार्वजनिक पद धारण गरेको व्यक्ति उपर भ्रष्टाचारको आरोपको सम्बन्धमा यस ऐन बमोजिम चलेको कारबाही र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकिकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानून बमोजिम [⊗]मुद्दा चलाउन अनुसन्धान अधिकृत वा श्री ५ को सरकारको कुनै अधिकारीलाई आदेश दिन सक्नेछ ।

## परिच्छेद – ५

## अनुसन्धान तथा तहकिकात

१९. **अनुसन्धान र तहकिकात सम्बन्धी आयोगको अधिकार:** (१) यस ऐन बमोजिम आयोगले अख्तियार दुरुपयोगको अनुसन्धान र तहकिकात गर्दा देहायका अधिकार प्रयोग गर्न सक्नेछ:-

(क) कुनै कार्यालय वा कुनै व्यक्तिको साथमा रहेको सम्बद्ध मिसिल वा प्रमाणको लिखत वा अन्य कुनै कुरा आयोगमा पठाउन वा निश्चित समयभित्र आयोगमा पेश गर्न आदेश दिने, वा

(ख) अख्तियार दुरुपयोगको आरोप लागेको व्यक्ति वा सम्बद्ध तथ्यहरूको जानकारी भएको भन्ने आयोगले सम्झेको व्यक्तिलाई आयोगमा उपस्थित गराई निजलाई सोधपूछ गर्ने र निजको बयान लिने वा आवश्यकतानुसार निजको नाउँमा बन्द सवाल जारी गर्ने ।

---

[∞] दोश्रो संशोधनबाट संशोधित

[⊗] दोश्रो संशोधनबाट संशोधित

[∇](ग) आयोगमा उपस्थित हुने सूचना प्राप्त गरेपछि आयोगले तोकेको म्यादभित्र आयोगमा उपस्थित नहुने व्यक्ति जहांसुकै रहे बसेको भए तापनि निजलाई पक्राउ गरी आयोगमा उपस्थित गराउन प्रहरीलाई आदेश दिने ।

(२) अख्तियार दुरुपयोगको आरोप लागेको व्यक्तिलाई आयोगले स्पष्टीकरण वा बयान लिइसकेपछि खोजेको बखत हाजिर हुने कागज गराई छाड्न वा तारिखमा राख्न सक्नेछ ।

(३) भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको व्यक्ति पदमा बहाल रहिरहँदा आफ्नो विरुद्धको प्रमाण लोप वा नाश गर्न सक्ने वा अनुसन्धान र तहकिकातमा बाधा व्यवधान पुऱ्याउन सक्ने मनासिब कारण भएमा त्यस्तो व्यक्तिलाई पदबाट निलम्बन गर्न आयोगले अवस्थाअनुसार श्री ५ को सरकार वा सम्बन्धित संस्थालाई लेखिपठाउन सक्नेछ ।

(४) भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको व्यक्ति फरार भई बेपत्ता हुन सक्तछ भनी सम्झनु पर्ने कुनै मनासिब कारण भएमा वा बिगो हानी नोक्सानी भएको देखिएमा आयोगले निजसँग प्रचलित कानून बमोजिम धरौटी वा जेथा जमानत माग्न र त्यस्तो धरौटी वा जमानत नदिएमा निजलाई थुनामा राख्न सक्नेछ ।

(५) आयोगले कुनै लिखत वा अन्य कुनै वस्तु पेश गर्न वा कुनै कुराको जानकारी दिन कुनै कार्यालय वा कुनै व्यक्तिलाई लेखिपठाएको वा कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित हुन आदेश दिएकोमा-

(क) सो बमोजिम मनासिब समयभित्र सो कार्यालयले त्यस्तो लिखत वा वस्तु पेश नगरेमा वा जानकारी नदिएमा आयोगले सम्बन्धित कार्यालयका प्रमुख पदाधिकारी उपर विभागीय कारबाही चलाउन सम्बन्धित मन्त्री वा संस्थालाई निर्देशन दिन सक्नेछ ।

(ख) सो बमोजिम मनासिब समयभित्र त्यस्तो व्यक्तिले लिखत वा वस्तु पेश नगरेमा वा जानकारी नदिएमा वा त्यस्तो व्यक्ति आयोगमा उपस्थित नभएमा निजलाई आयोगले एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम विभागीय कारबाही वा जरिवाना भएपछि पनि कुनै कार्यालय वा व्यक्तिले आयोगको आदेशको पालना नगरेमा सो कार्यालयको प्रमुख पदाधिकारी वा त्यस्तो व्यक्तिलाई पक्राउ गरी उपस्थित गराउन आयोगले पक्राउ पूर्जी जारी गरी निजबाट त्यस्तो लिखत वा वस्तु पेश गर्न गराउन वा आवश्यक जानकारी लिन सक्नेछ । त्यसरी पक्राउ भएको पदाधिकारी वा व्यक्तिले त्यस्तो लिखत वा वस्तु पेश नगरेमा वा जानकारी नदिएमा निजलाई आयोगले बढीमा सात दिनसम्म थुनामा राख्ने आदेश दिन सक्नेछ ।

(७) उपदफा (५) बमोजिम आयोगले विभागीय कारबाही गर्न निर्देशन दिएको वा जरिवाना गर्ने निर्णय गरेकोमा सम्बन्धित कार्यालयको प्रमुख पदाधिकारी वा सम्बन्धित व्यक्तिले आयोगको आदेश पालन गर्न नसकेको मनासिब कारण उल्लेख गरी त्यस्तो कारबाही वा जरिवाना हुनु नपर्ने भनी निवेदन दिएमा कारण सन्तोषजनक देखिएमा आयोगले उक्त निर्देशन वा जरिवानाको आदेश रद्द गर्न सक्नेछ ।

---

[∇] दोश्रो संशोधनबाट थपिएको ।

(८) आवश्यकतानुसार प्रचलित कानून बमोजिम कुनै ठाउँको तलासी लिने वा लिन लगाउने र त्यसरी तलासी लिंदा आवश्यक देखिएको कुनै वस्तु, कागज वा मिसिल आफ्नो कब्जामा लिन वा त्यस्तो कागज वा मिसिलको प्रतिलिपि उतार्ने आयोगलाई अधिकार हुनेछ ।

(९) यस ऐन बमोजिम कारबाही चलाउन आयोगलाई अधिकार नभएको अवस्थामा बाहेक आयोग समक्ष चलेको कारबाहीमा गोप्यताको आधारमा कुनै जानकारी प्रकट गर्नबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले छूट पाउने छैन ।

(१०) अख्तियार दुरुपयोग सम्बन्धी अनुसन्धानको कारबाही गर्ने कुनै पनि निकाय वा पदाधिकारीले अख्तियार दुरुपयोगको आरोप लागेको व्यक्तिले गरे बिराएको सामान्य प्रमाण नभई सार्वजनिक प्रचारमा आउने गरी खुला कारबाही नगरी गोप्य राख्नु पर्नेछ ।

(११) अख्तियार दुरुपयोग गरेको सम्बन्धमा राजनैतिक नियुक्ति हुने पदमा बहाल रहेको व्यक्ति वा संसदको सदस्य उपर कसैको उजूरी परेमा त्यस्तो उजूरीको सम्बन्धमा आयोगले गोप्य तरिकाबाट छानवीन गर्नु पर्नेछ । त्यसरी छानवीन गर्दा उजूरीमा लेखिएका कुराहरू प्रमाणित हुने आधार देखिन आएमा त्यस्तो उजूरीको सम्बन्धमा यस ऐन बमोजिम कारबाही चलाई आयोगले राजनैतिक नियुक्ति हुने पदमा बहाल रहेको व्यक्तिको हकमा प्रधानमन्त्रीलाई र संसदको सदस्यको हकमा सम्बन्धित सभाका सभामुख वा अध्यक्षलाई छानवीनको विवरण सहित सूचना गर्नु पर्नेछ ।

⊗(१२) यस ऐन बमोजिम अनुसन्धान र तहकिकात गर्दै जांदा सङ्कलित प्रमाणका आधारमा आरोप प्रमाणित हुन नसक्ने भएमा आयोगले तत्सम्बन्धी उजूरीलाई कारण सहितको पर्चा खडा गरी तामेलीमा राख्न सक्नेछ ।

तर पछि कुनै नयाँ प्रमाण फेला परेमा त्यस्तो उजूरीका सम्बन्धमा पुनः अनुसन्धान र तहकिकातको कारबाही अगाडि बढाउन यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

⊗(१३) उपदफा (१२) बमोजिम उजूरी तामेलीमा राख्ने निर्णय भएकोमा त्यसको सूचना सम्बन्धित सार्वजनिक पद धारण गरेको व्यक्ति र उजूरवालालाई दिनु पर्नेछ ।

⊗(१४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भ्रष्टाचारका सम्बन्धमा अनुसन्धान र तहकिकात गर्दै जाँदा अनुचित कार्य गरेको देखिएमा अनुचित कार्यमा र अनुचित कार्यका सम्बन्धमा अनुसन्धान र तहकिकात गर्दै जांदा भ्रष्टाचार गरेको देखिएमा भ्रष्टाचारमा कारवाई गरिनेछ ।

⊗(१५) यस ऐन बमोजिमको अनुसन्धानको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई आयोगले आफ्नो साक्षीको रुपमा प्रस्तुत गरी निजलाई सजायको माग दावीमा पूर्ण वा आंशिक छुट दिन सक्नेछ ।

---

दोश्रो संशोधनबाट संशोधित

⊗ दोश्रो संशोधनबाट संशोधित

⊗ दोश्रो संशोधनबाट संशोधित

⊗ दोश्रो संशोधनबाट संशोधित

⊗ दोश्रो संशोधनबाट संशोधित

तर निजले गरेको सहयोग अन्य सबूद वा प्रमाणबाट प्रमाणित नभएमा वा निजले सम्बन्धित अदालत समक्ष आयोगमा गरेको सहयोग प्रतिकूल हुने गरी बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजउपर पुनः मुद्दा दायर गर्न सकिनेछ ।

२०. **अनुसन्धान अधिकृत नियुक्त गर्नेः** (१) यस ऐन बमोजिम अनुचित कार्य वा भ्रष्टाचारको अपराधको प्रारम्भिक छानवीन वा अनुसन्धान र तहकिकात गर्न आयोगले आवश्यकतानुसार कुनै आयुक्त वा आयोगको कुनै कर्मचारी वा श्री ५ को सरकारको वा सार्वजनिक संस्थाको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृत नियुक्त गर्न वा तोक्न[λ] सक्नेछ ।

तर आयोगले कुनै सरकारी वा सार्वजनिक संस्थाको कर्मचारीलाई अनुसन्धान अधिकृत नियुक्त गर्नु पर्दा वा तोक्नु पर्दा[∞] अवस्थानुसार श्री ५ को सरकार वा सम्बन्धित सार्वजनिक संस्थाको कार्यालयको प्रमुख पदाधिकारीसँग परामर्श गरेर नियुक्त गर्नु वा तोक्नु[∅] पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगबाट नियुक्त भएको वा तोकिएको[φ] अनुसन्धान अधिकृतले यस ऐन बमोजिम अनुसन्धान र तहकिकातको सम्बन्धमा आयोगलाई प्राप्त अधिकारको प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद – ६

## विविध

[∂]२१. **सेवा लिन सक्नेः** (१) आयोगले यो ऐन र प्रचलित कानून बमोजिम अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी अन्य कारवाई गर्दा आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत निकायको सेवा प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा प्राप्त गर्न आयोगले सम्बन्धित विशेषज्ञ वा विशिष्टीकृत निकायलाई नियुक्त गर्नेछ र त्यसरी नियुक्ति गर्दा त्यस्तो विशेषज्ञ वा विशिष्टीकृत निकायले गर्नुपर्ने काम, प्रयोग गर्न पाउने अधिकार, पालन गर्नु पर्ने शर्त, कार्यविधि र त्यस्तो विशेषज्ञ वा विशिष्टीकृत निकायले पाउने पारिश्रमिक तथा अन्य सुविधा समेत उल्लेख गरी सम्झौता गर्नु पर्नेछ ।

(३) आयोगलाई श्री ५ को सरकार वा विशिष्टीकृत निकायको कर्मचारीको सेवा आवश्यक परेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगबाट माग भएको समयावधिसम्म काजमा खटाउनु पर्नेछ ।

[γ]२१क. **कर्मचारीको व्यवस्थाः** आयोगको कार्य संचालनका लागि श्री ५ को सरकारले स्वीकृत दरवन्दी अनुसारको कर्मचारीहरूको व्यवस्था गर्नेछ ।

---

[λ] दोश्रो संशोधनबाट थपिएको

[∞] दोश्रो संशोधनबाट थपिएको

[∅] दोश्रो संशोधनबाट थपिएको

[φ] दोश्रो संशोधनबाट थपिएको

[∂] दोश्रो संशोधनबाट संशोधित

२२. **प्रमुख आयुक्तले काम तोक्ने:** आयोगमा प्रमुख आयुक्तको अतिरिक्त अन्य आयुक्तहरू पनि नियुक्त भएकोमा कामको बाँडफाँड गर्ने र प्रत्येक आयुक्तले गर्ने काम तोक्ने अधिकार प्रमुख आयुक्तलाई हुनेछ ।

२३. **सूचनाको गोप्यता:** (१) यस ऐन बमोजिम अख्तियारको दुरुपयोगको अनुसन्धान र तहकिकातको सिलसिलामा आयोगलाई प्राप्त भएको सूचना वा जानकारी र आयोगले बुझेको वा संकलन गरेको प्रमाणहरू जनसाधारण वा प्रचार प्रसारका माध्यमलाई प्रकट गर्न हुँदैन ।

तर अख्तियारको दुरुपयोगको अनुसन्धान र तहकिकात गर्न वा तत्सम्बन्धी प्रतिवेदन पेश गर्न वा कारबाही चलाउन आवश्यक भएको सूचना वा विवरण प्रकाशित गर्न आयोगलाई बाधा पर्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले उपयुक्त सम्झेको सार्वजनिक महत्वको कुनै कुराको छानवीन, अनुसन्धान र तहकिकात खुला रुपमा पनि गर्नसक्नेछ ।

[γ]२३क. **विवरण लिन वा कारोवार रोक्का राख्न सकिने:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि भ्रष्टाचारको कसूरमा अनुसन्धान गर्दै जाँदा कुनै व्यक्तिको स्वदेश वा विदेशमा रहेको कुनै बैंक वा वित्तीय संस्थामा कारोबार भएको वा खाता संचालनमा रहेको जानकारी कुनै स्रोतबाट खुल्न आएमा आयोगले त्यस्तो कारोवार वा खाता रोक्का राख्न आदेश दिन सक्नेछ । आयोगको आदेशानुसार सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो कारोवार वा खाता रोक्का राख्नु पर्नेछ ।

तर, विदेशस्थित बैंक वा वित्तीय संस्थासँग त्यस्तो कारोबार वा खाता रोक्का राख्न परेमा आयोगले कूटनैतिक माध्यम मार्फत कारोवार वा खाता संचालन रोक्का राख्न लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कारोवार वा खाता रोक्का नराख्ने नेपालस्थित सम्बन्धित बैंक वा वित्तीय संस्थाको प्रमुखलाई आयोगले पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) आयोगले अनुसन्धानको क्रममा आवश्यक ठानेमा सार्वजनिक पदधारण गरेको व्यक्तिको सम्पत्तिको विवरण माग गर्न र वा त्यस्तो सम्पत्ति रोक्का राख्न सक्नेछ ।

[◊]२३ख. **राहदानी जारी नगर्न वा रोक्का राख्न आदेश दिन सक्ने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरको गाम्भीर्य, अभियुक्तले कसूर गरेको अवस्था, स्थिति र कसूरको मात्रा र कसूर ठहरेमा हुन सक्ने सजायको आधारमा आयोगले कुनै अभियुक्तलाई राहदानी जारी नगर्न वा जारी भइसकेको भए सो राहदानी रोक्का राख्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ ।

[◊]२३ग. **स्थान छोड्न बन्देज गर्न सक्ने** : सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति उपर यस ऐन बमोजिम कारबाही चलाएकोमा त्यस्तो व्यक्तिले गरेको कसूरको गाम्भीर्य, कसूर गर्दाको परिस्थिति वा अवस्था र कसूर ठहरेमा हुने सजायको मात्रा हेरी कुनै अभियुक्तलाई आयोगको स्वीकृति बिना कुनै स्थान छोड्न नपाउने गरी वा कुनै स्थानमा जान नपाउने गरी आयोगले आदेश जारी गर्न सक्नेछ ।

---

[γ] दोश्रो संशोधनबाट थपिएको

[◊] दोश्रो संशोधनबाट थपिएको

[◊] दोश्रो संशोधनबाट थपिएको

[◊] दोश्रो संशोधनबाट थपिएको

[μ]२४. **बाधा विरोध गर्नेलाई सजाय हुने** :- यस ऐन अन्तर्गतको अनुसन्धान र तहकिकात सम्बन्धी काम कारवाईमा कसैले बाधा विरोध गरेमा निजलाई आयोगको प्रतिवेदनको आधारमा सम्बन्धित अदालतले पांच हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

[ɸ]२४क. **म्याद तामेल सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको कसूरमा विदेशी व्यक्तिको नाममा म्याद तामेल गर्नु पर्दा त्यस्तो व्यक्तिको नेपाल अधिराज्यभित्र कुनै किसिमको कार्यालय वा प्रतिनिधि भए त्यस्तो कार्यालय वा प्रतिनिधिको नाममा म्याद तामेल गरिनेछ र त्यसरी तामेल भएको म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यालय वा प्रतिनिधि नभएमा त्यस्तो व्यक्तिको कारोवार हुने मुख्य स्थान वा निजले स्थायी बसोबास गर्ने ठेगाना वा कारोवार गर्दाको बखत पत्राचारको लागि निजले दिएको कुनै ठेगाना रहेछ भने त्यस्तो ठेगानामा टेलेक्स, टेलिफ्याक्स वा अभिलेख हुन सक्ने दूरसञ्चारका अन्य माध्यममार्फत् वा रजिष्टरी गरी हुलाक मार्फत म्याद तामेल गरिनेछ र त्यसरी तामेल भएको म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा रहे बसेको व्यक्तिको नाममा म्याद तामेल गर्न श्री ५ को सरकार वा नेपाल अधिराज्य पक्ष भएको कुनै सन्धिमा छुट्टै व्यवस्था भएको रहेछ भने सोही बमोजिम म्याद तामेल गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

[ɸ]२४ख. **सूचना प्रकाशन गर्नेः** यस ऐन वा अन्य प्रचलित कानून बमोजिम कुनै व्यक्तिको नाममा सूचना पठाउंदा वा म्याद तामेल गर्दा त्यस्तो व्यक्तिको ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो सूचना बुझाउन नसकिएको वा म्याद तामेल हुन नसकेको कुराको प्रतिवेदन पर्न आएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई तीस दिनसम्मको म्याद दिई आयोगबाट अनुसन्धान भएको वा अदालतमा मुद्दा दायर भइसकेको भए सो विषयको संक्षिप्त विवरण उल्लेख गरी उपस्थित हुन राष्ट्रिय स्तरको समाचारपत्रमा (विदेशीको हकमा अंग्रेजी दैनिकमा) कम्तीमा दुई पटक सार्वजनिक सूचना प्रकाशन गरिनेछ र त्यसरी सूचना प्रकाशन भएकोमा यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई रीतपूर्वक सूचना दिइएको वा म्याद तामेल भएको मानिनेछ ।

[ɸ]२४ग. **झुट्टा उजूर गर्नेलाई सजाय :** कसैले उजूरी दिने मनासिब कारण नभई कसैलाई कुनै किसिमको हानी नोक्सानी पुऱ्याउने वा दुःख दिने नीयतले कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति वा कुनै राष्ट्रसेवक वा व्यक्ति उपर झुट्टा उजूर दिएको ठहरेमा निजलाई आयोगले पांच हजार रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।"

२५. **आयोग, आयुक्त वा आयोगका कर्मचारीका विरुद्ध मुद्दा नचल्नेः** आयोगले वा आयोगको कुनै आयुक्त वा कर्मचारीले वा आयोगद्वारा खटाइएको वा अधिकार प्रत्यायोजन गरेको कुनै कर्मचारी वा

---

[μ] दोश्रो संशोधनबाट संशोधित

[ɸ] दोश्रो संशोधनबाट थपिएको

[ɸ] दोश्रो संशोधनबाट थपिएको

[ɸ] दोश्रो संशोधनबाट थपिएको

कार्यालयले यस ऐन अन्तर्गत असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा कुनै अदालतमा मुद्दा चलाइने छैन ।

२६. **आयोगले अन्य कार्यालय वा कर्मचारीको सहयोग लिन सक्ने:** (१) अख्तियार दुरुपयोगको अनुसन्धान र तहकिकातको निमित्त आयोगले प्रहरी प्रधान कार्यालय, राष्ट्रिय अनुसन्धान विभाग वा त्यस अन्तर्गतका कार्यालय लगायत श्री ५ को सरकारको कुनै विभाग, कार्यालय वा कुनै सार्वजनिक संस्थाको सहयोग लिन र त्यस्तो विभाग, कार्यालय वा सार्वजनिक संस्थाको कुनै कर्मचारीको सेवा उपयोग गर्न सक्नेछ ।

(२) आयोगले अनुसन्धान र तहकिकात गर्न लागेको अख्तियारको दुरुपयोगको प्रकृतिबाट कुनै विभाग, कार्यालय वा सार्वजनिक संस्थामा कार्यरत कुनै विशेषज्ञसँग परामर्श गर्नुपर्ने वा त्यस्तो विशेषज्ञलाईसमेत अनुसन्धान र तहकिकातमा संलग्न गराउनु पर्ने देखिएमा आयोगले निजलाई केही अवधिको लागि आयोगमा काजमा पठाई दिन सम्बन्धित विभाग, कार्यालय वा सार्वजनिक संस्थासँग माग गर्न सक्नेछ ।

(३) आयोगले उपदफा (१) वा (२) बमोजिम कुनै विभाग, कार्यालय, सार्वजनिक संस्था वा त्यहाँ कार्यरत कुनै कर्मचारीको सहयोग मागेकोमा आयोगलाई सहयोग दिनु त्यस्तो विभाग, कार्यालय, सार्वजनिक संस्था वा कर्मचारीको कर्तव्य हुनेछ ।

२७. ⊗............

२८. **आयोगले सुझाव दिन सक्ने:** (१) आयोगले आफ्नो काम कारबाहीको सिलसिलामा जानकारीमा आएको तथ्यहरूको आधारमा सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई देहाय बमोजिम कुनै सुझाव दिन सक्नेछः-

(क) कुनै कानून, निर्णय, आदेश वा कारबाही अव्यवहारिक, अवाञ्छनीय वा असंगत भएकोले त्यसमा संशोधन हुनु पर्दछ भन्ने आयोगलाई लागेमा कारण सहित संशोधनको सुझाव दिने,

(ख) कुनै विषयमा आयोगले श्री ५ को सरकार वा कुनै सार्वजनिक संस्थाबाट वा श्री ५ को सरकार वा सार्वजनिक संस्थाको कुनै कार्यालय वा पदाधिकारीबाट सतर्कता अपनाउनु पर्ने वा कुनै कदम उठाउनु पर्ने देखेमा के कस्ता सतर्कता अपनाउन वा कदम उठाउन उपयुक्त हुन्छ भनी सुझाव दिने, वा

(ग) श्री ५ को सरकार वा कुनै सार्वजनिक संस्थाको कुनै परिपाटी वा कार्य प्रणाली त्रुटिपूर्ण छ भन्ने आयोगलाई लागेमा त्यसलाई सच्याउन र त्यसबाट उत्पन्न समस्याको निराकरण गर्न कारण र आधार सहितको सुझाव दिने ।

(२) उपदफा (१) अन्तर्गत दिएको सुझावको विवरण आयोगले संविधानको धारा ९८ को उपधारा (६) बमोजिम श्री ५ समक्ष पेश गर्ने वार्षिक प्रतिवेदनमा पनि समावेश गर्नु पर्छ ।

∞२९. **अवकाश प्राप्त व्यक्तिउपर मुद्दा चलाउन सकिने:** (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले पदमा बहाल रहेको अवस्थामा गरेको अख्तियार दुरुपयोगका सम्बन्धमा त्यस्तो व्यक्तिले आफ्नो पदबाट

---

⊗ पहिलो संशोधनद्वारा खारेज ।

∞ दोश्रो संशोधनबाट संशोधित

अवकाश प्राप्त गरेपछि पनि निज उपर कारबाही गर्न वा मुद्दा चलाउन यस ऐनमा लेखिएको कुनै कुराले आयोगलाई बाधा पुऱ्याएको मानिने छैन ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक पदधारण गरेको कुनै पदाधिकारीले निज त्यस्तो पदमा बहाल रहंदाका बखत अख्तियार दुरुपयोग गरेको रहेछ र सो सम्बन्धमा यस ऐन बमोजिम तत्काल कारबाही हुन सक्ने रहेनछ भने निजले जुनसुकै व्यहोराबाट त्यस्तो पदबाट अवकाश प्राप्त गरेपछि निजउपर यस ऐन बमोजिम कारबाही गर्न वा मुद्दा चलाउन बाधा पर्ने छैन ।

⊗२९क. **मुद्दाको कारवाई र किनारा गर्न बाधा नपर्नेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको मुद्दा दायर हुनु अगावै वा दायर भएपछि कुनै अभियुक्त वा प्रतिवादीको मृत्यु भएमा पनि त्यस्तो अभियुक्त वा प्रतिवादी उपर मुद्दाको कारवाई र किनारा गर्न बाधा पर्ने छैन ।

⊗२९ख. **सम्पत्ति जफत हुनेः** सार्वजनिक पद धारण गरेको व्यक्तिले यो ऐन वा अन्य प्रचलित कानून बमोजिम भ्रष्टाचार गरी आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको अन्य सम्पत्ति समेत आफ्नो वा अरु कसैको नाममा राखेको प्रमाणित भएमा त्यस्तो सम्पत्ति जफत हुनेछ ।

तर, त्यस्तो सम्पत्तिको हक अरु कसैलाई हस्तान्तरण गरिसकेको र त्यसरी हस्तान्तरण गर्दा थैली कायम भएको रहेछ भने सो रकम कपाली सरह हुनेछ ।

⊗२९ग. **विदेशी व्यक्तिको सम्पत्ति रोक्का राख्न आदेश दिने** : (१) आयोगले दिएको सूचना वा दफा २४क. बमोजिम तामेल भएको म्याद बमोजिम आयोगमा उपस्थित नहुने कुनै विदेशी व्यक्तिको नेपाल अधिराज्यभित्र कुनै सम्पत्ति, हक, हीत वा सरोकार रहेछ भने त्यस्तो व्यक्ति आयोगमा उपस्थित नभएसम्म त्यस्तो सम्पत्ति, हक, हीत वा सरोकार आयोगले तोके बमोजिम यथास्थितिमा राख्न वा नेपाल अधिराज्य बाहिर लैजान नपाउने गरी आयोगले आदेश दिन सक्नेछ र त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश पालन नगर्ने व्यक्तिलाई आयोगले एक लाख रुपैयांसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो आदेश पालन नगरेको कारणबाट श्री ५ को सरकार वा सार्वजनिक संस्थालाई कुनै किसिमको हानी, नोक्सानी भएको रहेछ भने सो समेत निजबाट भराइनेछ ।

◊३०. **अन्य व्यक्ति उपर पनि कारवाई गरी मुद्दा चलाउन सक्नेः** (१) प्रचलित कानून बमोजिम राष्ट्रसेवक मानिने व्यक्ति वा अन्य व्यक्तिले भ्रष्टाचारको कसूर गरेमा आयोगले यस ऐन वा प्रचलित कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न, मुद्दा चलाउन तथा तत्सम्बन्धी अन्य कारबाही गर्न सक्नेछ ।

(२) सार्वजनिक पद धारण गरेको व्यक्ति वा प्रचलित कानून बमोजिमको अन्य राष्ट्रसेवकले भ्रष्टाचार गरेको कसूरमा यस ऐन वा प्रचलित कानून बमोजिम अनुसन्धान र तहकिकात गर्दा सो कसूरमा संलग्न देखिएको अन्य व्यक्ति उपर समेत आयोगले अनुसन्धान र तहकिकात गर्न, मुद्दा चलाउन तथा तत्सम्बन्धी अन्य कारबाही गर्न सक्नेछ ।

---

⊗ दोश्रो संशोधनबाट थप

⊗ दोश्रो संशोधनबाट थप

⊗ दोश्रो संशोधनबाट थप

◊ दोश्रो संशोधनबाट संशोधित

३१. **भ्रष्टाचारको अभियोगमा एउटै निकायबाट कारबाई चलाइने** : भ्रष्टाचारको अभियोगको एउटै मुद्दामा कुनै अभियुक्तको सम्बन्धमा आयोगमा र कुनै अभियुक्तको सम्बन्धमा अन्य कुनै निकायमा कारबाई चलेकोमा त्यस्तो अभियोगको सम्बन्धमा एउटै निकायबाट कारबाई चलाउनको लागि आयोगले व्यवस्था गर्न सक्नेछ ।

[φ]३१क. **सम्पत्ति विवरण सम्बन्धी व्यवस्थाः** (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र यो दफा प्रारम्भ हुंदाका बखत सार्वजनिक पदमा बहाल रहेको व्यक्तिले यो दफा प्रारम्भ भएको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारीसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम साठी दिनभित्र सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई आयोगले पांच हजार रुपैयां जरिवाना गर्नेछ र अर्को तीस दिनभित्र सम्पत्ति विवरण पेश गर्न लगाउनेछ । सो म्यादभित्र पनि सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेको व्यक्ति उपर निजले आफ्नो वा आफ्नो परिवारको नाममा अवैध सम्पत्ति राखेको अनुमान गरी उपदफा (१) बमोजिमको निकाय वा अधिकारीले छानवीन गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम पेश हुन आएको सम्पत्ति विवरण गोप्य राखिनेछ ।

तर, यस ऐन अन्तर्गत अनुसन्धान र तहकिकातको सिलसिलामा सम्पत्ति विवरण माग हुन आएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई उपलब्ध गराउन सकिनेछ ।

[φ]३१ख. **मालबस्तु लिलाम गर्न सकिने** : (१) यस ऐन अन्तर्गत सजाय हुने कसूरका सम्बन्धमा कब्जा गरिएको कुनै माल बस्तु लामो समयसम्म कब्जामा राख्दा खिया लागी वा अरु कुनै परिबन्दबाट टूटफूट वा नोक्सान हुन सक्ने देखिएमा वा सडी गली जाने भएमा वा पुरानो भई मूल्य घट्न जाने भएमा वा बेवारिसे भएमा वा स्थान अभावको कारणले संभार गर्न नसक्ने वा राख्न नसकिने भएमा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो माल बस्तु लिलाम बिक्री गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्रीबाट प्राप्त आम्दानी धरौटी खातामा जम्मा गरिनेछ । त्यस्तो माल बस्तु सम्बन्धित धनीलाई फिर्ता दिने ठहर भएमा लिलाम बिक्रीबाट प्राप्त रकम मात्र फिर्ता पाउनेछ ।”

३२. **आयोगले कार्यविधि व्यवस्थित गर्न सक्नेः** आयोगले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ ।

३३. **वार्षिक प्रतिवेदनः** आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन संविधानको धारा ९८ को उपधारा (६) बमोजिम श्री ५ समक्ष पेश गर्नु पर्नेछ ।

[Σ]३४. **मुद्दा हेर्ने अधिकारीः** (१) यस ऐन अन्तर्गत दायर हुने मुद्दा हेर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालतलाई हुनेछ ।

---

[φ] दोश्रो संशोधनबाट थप

[φ] दोश्रो संशोधनबाट थप

[Σ] दोश्रो संशोधनबाट संशोधित

(२) उपदफा (१) बमोजिम तोकिएको अदालतले यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्दा विशेष अदालत सम्बन्धी प्रचलित कानून बमोजिमको कार्यविधि र अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अदालतबाट भएको निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

(४) भ्रष्टाचारको आरोपमा यस ऐन अन्तर्गत चलेको मुद्दामा श्री ५ को सरकार वादी हुनेछ ।

[Ψ]३५. **मुद्दा चलाउने :** (१) सार्वजनिक पद धारण गरेको व्यक्ति वा प्रचलित कानून बमोजिमको राष्ट्रसेवक वा अन्य व्यक्तिले यस ऐन वा प्रचलित कानून बमोजिम भ्रष्टाचार मानिने कसूर गरेको देखिन आएमा आयोगले त्यस्तो व्यक्ति उपर यस ऐन वा अन्य प्रचलित कानून बमोजिम मुद्दा दायर, पुनरावेदन वा पुनरावलोकन र सो सम्बन्धी अन्य कारबाही गर्नु पर्दा आयोगको नामबाट आयोग आफैले वा आयोगले अख्तियारी दिएको अधिकारीले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम दायर भएको मुद्दाको बहस, पैरवी तथा प्रतिरक्षा सरकारी वकील वा आयोगले महान्यायाधिवक्ताको कार्यालयसंग समन्वय गरी नियुक्त गरेको कानून व्यवसायीबाट हुनेछ ।

[λ]३५क. **पुरस्कार सम्बन्धी व्यवस्था :** यस ऐन अन्तर्गत सजाय हुने कसूरमा तत्सम्बन्धी मौका तहकिकात, अनुसन्धान वा अन्य सबूद प्रमाण सङ्कलनको काममा आयोगलाई सहयोग पुऱ्याउने व्यक्तिलाई आयोगले उचित पुरस्कार दिन सक्नेछ ।

[λ]३५ख. **आयोगले अन्य काम गर्न सक्ने** : (१) आयोगले भ्रष्टाचार निवारण वा नियन्त्रण गर्ने उद्देश्यले खडा भएका राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थासंग आवश्यक समन्वय कायम गर्न वा त्यस्ता संस्थासंग आपसी सम्बन्ध र सहयोग वृद्धि गर्न सक्नेछ ।

(२) भ्रष्टाचार वा अनुचित कार्य हुन नदिनका लागि निरोधात्मक उपायहरूको खोजी, अनुसन्धान र प्रक्रिया विकास तथा तत्सम्बन्धमा जानकारी अभिवृद्धि गर्न आयोगले आवश्यक ठानेका अख्तियार दुरुपयोग निवारणको प्रवर्द्धनात्मक कार्यहरू गर्न सक्नेछ ।

[λ]३५ग. **पुनरावेदन गर्न सकिने** : आयोगले यस ऐन अन्तर्गत कारबाही गरी कसैलाई जरिवाना वा कुनै रकम असूलउपर गर्न दिएको आदेश वा अन्य कुनै आदेशउपर सम्बन्धित अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

[λ]३५घ. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

३६. **अख्तियार दुरुपयोग निवारण आयोगबाट सरेको उजूरी वा कारबाही सम्बन्धी व्यवस्था :** (१) संविधानको धारा १३० को उपधारा (५) बमोजिम आयोगमा सरेको निवेदन र उजूरीहरू यसै ऐन

---

[Ψ] दोश्रो संशोधनबाट संशोधित
[λ] दोश्रो संशोधनबाट थपिएको
[λ] दोश्रो संशोधनबाट थपिएको
[λ] दोश्रो संशोधनबाट थपिएको
[λ] दोश्रो संशोधनबाट थपिएको

बमोजिम परे सरह मानी त्यस सम्बन्धमा आयोगबाट यस ऐनको व्यवस्थाहरूको अधीनमा रही कारबाही गरिनेछ ।

(२) अनुसन्धान र तहकिकातको काम पूरा भई मुद्दा दायर हुन बाँकी रहेकोमा आयोगले यो ऐन बमोजिम सो कारबाही तामेलीमा राख्न वा त्यस सम्बन्धमा अरु कारबाही चलाउनको लागि सम्बन्धित कार्यालयमा पठाउन वा सम्बन्धित अदालतमा मुद्दा चलाउन दफा १८ अन्तर्गत आदेश दिन सक्नेछ ।

३७. **नियम बनाउने :** यो ऐन कार्यान्वयन गर्न आयोगले नियम बनाउन सक्नेछ । त्यस्तो नियम नेपाल राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

३८. **खारेजी :** अख्तियार दुरुपयोग निवारण नियमावली, २०३४ खारेज गरिएको छ ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९

**नेपाल राजपत्रमा प्रकाशित संख्या २३, मिति २०५९।५।३१**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ सम्झनु पर्छ।

(ख) "प्रारम्भिक छानवीन" भन्नाले ऐनको दफा १२ बमोजिम अनुसन्धान अधिकृत नियुक्त हुनु अघि आयोगबाट भएको छानवीनको कार्य सम्झनुपर्छ।

(ग) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ।

## परिच्छेद – २

## आयोगको बैठक सम्बन्धी कार्यविधि

३. **आयोगको बैठक र निर्णयः** (१) प्रमुख आयुक्त लगागत उपस्थित आयुक्तहरूको उपस्थितिमा आयोगको बैठक बस्नेछ।

तर प्रमुख आयुक्त मात्र उपस्थित रहेको अवस्थामा पनि आयोगको बैठक बस्न यस उप-नियमले बाधा पुऱ्याएको मानिने छैन।

(२) प्रमुख आयुक्तको निर्देशनमा सचिवले आयोगको बैठकको मिति, समय र छलफलका विषय सूची आयुक्तहरूलाई उपलव्ध गराउनेछ।

(३) आयोगको बैठकको अध्यक्षता प्रमुख आयुक्तले गर्नेछ। प्रमुख आयुक्तको अनुपस्थितिमा उपस्थित आयुक्तहरूमध्ये वरिष्ठ आयुक्तले आयोगको बैठकको अध्यक्षता गर्नेछ र त्यसरी अध्यक्षता गर्ने आयुक्तले प्रमुख आयुक्तलाई भएको अधिकारको प्रयोग गर्न सक्नेछ।

(४) बहुमत आयुक्तको निर्णयलाई आयोगको निर्णय मानिनेछ । कुनै विषयमा बहुमत कायम हुन नसकेको अवस्थामा प्रमुख आयुक्त समेतको मतलाई आयोगको निर्णय मानिनेछ ।

(५) बैठकको निर्णय सचिव वा निजले तोकेको आयोगको कर्मचारीले अभिलेख पुस्तिकामा जनाई बैठकमा उपस्थित प्रमुख आयुक्त र अन्य आयुक्तहरूको दस्तखत गराई राख्नु पर्नेछ ।

(६) आयोगको बैठकको निर्णय सचिव वा निजले तोकेको आयोगको कुनै अधिकृतले प्रमाणित गर्नेछ ।

४. **सचिवको काम:** (१) प्रमुख आयुक्तको सामान्य निर्देशन र नियन्त्रणमा रही सचिवले आयोगको प्रशासकीय काम कारवाई सञ्चालन गर्नु सचिवको प्रमुख कर्तव्य हुनेछ ।

(२) उपनियम (१) मा लेखिएदेखि बाहेक सचिवको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगमा प्राप्त हुन आएका उजूरी निवेदन, स्पष्टीकरण र प्रतिवेदन दर्ता गर्ने, गराउने,

(ख) आयोगमा छलफलको लागि पेश गर्नु पर्ने विषयवस्तु तयार गरी पेश गर्ने, गराउने,

(ग) आयोगको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) आफू मातहतका कर्मचारीहरूलाई कामको बाँडफाड गर्ने,

(ङ) आयोग, आयोगको प्रत्यक्ष मातहतमा रहेका कार्यालय तथा आयोगले अधिकार प्रत्यायोजन गरेका कार्यालयको मानव संसाधनको विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(च) आयोगको कामसँग सम्बन्धित विषयमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(छ) आयोगको कामसंग सम्बन्धित विषयमा अध्ययन, अन्वेषण गर्ने, गराउने,

(ज) आयोगको कामसंग सम्बन्धित विषयका अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग आवश्यक सम्पर्क र समन्वय गर्ने, गराउने

(झ) श्री ५ को सरकारका कार्यालयहरू, नागरिक समाज र अन्य सम्बद्ध निकायहरूसँग आयोगको तर्फबाट समन्वय कायम गर्ने, गराउने,

(ञ) आयोगको काम कारबाहीको प्रभावकारिता अभिवृद्धिको लागि तालीम, गोष्ठी, कार्यशाला जस्ता सिर्जनशील कार्यक्रम संचालन गर्ने, गराउने,

(ट) अनुचित कार्य तथा भ्रष्टाचार बिरुद्ध जनचेतना अभिवृद्धि गर्न सञ्चार माध्यमको उपयोग गरी प्रचार प्रसार गर्ने, गराउने,

(ठ) आयोगको सहभागितामा अन्य निकायहरूसंग मिली सञ्चालन गरिएका सहकार्यमा समन्वय गर्ने, गराउने,

(ड) आयोगले आदेश तथा निर्देशन दिए बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(ढ) आयोगका निर्णयहरू कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य कामहरू गर्ने, गराउने,

(ण) खण्ड (क) देखि (ढ) सम्मको काम, कर्तव्य तथा अधिकारको पालना गर्दा गराउँदा आवश्यक पर्ने अन्य काम गर्ने, गराउने ।

(३) यस नियम बमोजिम सचिवले आफूलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार आयोगको अधिकृत स्तरको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद - ३

## उजूरी निवेदन सम्बन्धी व्यवस्था

५. **अनुचित कार्यको उजूरीः** (१) अनुचित कार्य सम्बन्धी कुनै उजूरी दिन चाहने व्यक्तिले आयोगमा आफै उपस्थित भई वा हुलाक वा अन्य कुनै माध्यमद्वारा अनुसूची - १ को ढाँचामा दिन वा पठाउन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगमा पर्न आएको उजूरी अनुसूची - १ बमोजिमको ढाँचामा नभएको कारणले मात्र त्यस्तो उजूरी उपरको अनुसन्धान गर्न बाधा पुऱ्याएको मानिने छैन ।

६. **भ्रष्टाचारको उजूरीः** (१) भ्रष्टाचार सम्बन्धी कुनै उजूरी दिन चाहने व्यक्तिले आयोगमा आफै उपस्थित भई वा अन्य कुनै माध्यमबाट त्यस्तो उजूरी दिन वा पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उजूरी निवेदन दिंदा आफूलाई जानकारी भएसम्मको देहायको कुरा खुलाई उजूरी दिनु पर्नेछ :-

(क) सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको भए सो व्यक्तिको पूरा नाम, थर, वतन, दर्जा, कार्यालय र त्यस्तो कार्यमा संलग्न अन्य कुनै व्यक्ति भए निजको नाम, थर र वतन,

(ख) भ्रष्टाचार सम्बन्धी यथार्थ विवरण,

(ग) भ्रष्टाचार गरेको मिति र थाहा पाएको मिति,

(घ) भ्रष्टाचार गरेको पुष्ट्याई हुने प्रमाणहरू वा सो सम्बन्धी विवरण,

(ङ) आफ्नो नाम गोप्य राख्न चाहेमा सोको व्यहोरा ।

(३) कसैले आफ्नो नाम ठेगाना गोप्य राखी उपनियम (१) बमोजिम उजूरी निवेदन दिएकोमा आयोगले त्यस्तो उजूरी निवेदनको आधारमा भ्रष्टाचार छानवीन सम्बन्धी कारबाही अगाडि बढाउन
सक्नेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले कुनै पत्र पत्रिका वा प्रकाशनमा प्रकाशित भएको भ्रष्टाचार सम्बन्धी विषयलाई सूचना वा उजूरीका रुपमा ग्रहण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

७. **उजूरी दर्ताः** आयोगमा प्राप्त हुन आएका उजूरी गोश्वारा दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

८. **सक्कल प्रमाण फिर्ता गर्नेः–** (१) उजूरवालाले नियम ६ को उपनियम (२) को खण्ड (घ) बमोजिम पेश गरेको प्रमाणको प्रमाणित नक्कल प्रति आयोगले आफूसंग राखी सक्कल प्रति उजूरवालालाई फिर्ता दिन सक्नेछ ।

९. **छानवीन तथा कारवाई गर्न लेखी पठाउन सक्ने** :– आयोगले श्री ५ को सरकारको कुनै निकायमा भएको अनुचित कार्य सम्बन्धमा आफूसमक्ष प्राप्त उजूरी निवेदनउपर छानवीन गरी आफूसमक्ष प्रतिवेदन पेश गर्न वा अन्य आवश्यक कारवाई गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र आयोगबाट त्यसरी लेखी आएमा लेखी आए बमोजिम गर्नु, गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

१०. **उजूरी तामेली वा मुल्तवीमा राख्न सकिने :** (१) आयोगमा प्राप्त हुन आएका देहाय बमोजिमका उजूरीलाई आयोगले तामेलीमा राख्ने गरी आदेश दिन सक्नेछः-

(क) सार्वजनिक हित वा सरोकारसंग सम्बन्धित विषयवस्तु बाहेकका सनाखत हुन नसकेको वा सनाखत गराउन नसकिने अवस्थाका अनुचित कार्य सम्बन्धी उजूरी,

(ख) सार्वजनिक हित वा सरोकारसंग सम्बन्धित विषयवस्तु बाहेकका अनुचित कार्य सम्बन्धी विषयमा मर्का पर्ने व्यक्ति बाहेक अन्य व्यक्तिले दिएको उजूरी,

(ग) हदम्याद नाघेको उजूरी,

(घ) आयोगको अधिकार र कार्यक्षेत्रभित्र नपरेका उजूरी,

(ङ) प्रथम दृष्टिमै तथ्ययुक्त नदेखिएका वा गोलमटोल रुपमा लेखिएका उजूरी,

(च) दुःख वा हैरानी दिने उद्देश्यले मात्र दिएको उजूरी,

(छ) अत्यन्त सामान्य र मामूली विषयको सम्बन्धमा दिएको उजूरी,

(ज) कुनै कारणले कारवाई गर्न सम्भव नभएको उजूरी,

(झ) पहिले एकपटक तामेलीमा रही सकेको उजूरी निवेदनमा नयाँ प्रमाण पेश नगरी पुनः दिएको उही विषयको उजूरी ।

(२) आयोगमा परेको कुनै उजूरी कुनै कारणले कारवाई किनारा गर्न वाधा अड्काउ परेमा उजूरी मुल्तवीमा राख्न सकिनेछ ।

## परिच्छेद – ४

## प्रारम्भिक छानवीन वा अनुसन्धान तहकिकात सम्बन्धी कार्यविधि

११. **प्रारम्भिक छानवीनः** (१) आयोगमा प्राप्त हुन आएको अख्तियार दुरुपयोग सम्बन्धी उजूरी अध्ययन गर्दा आयोगले सम्बन्धमा प्रारम्भिक छानवीन गर्नु पर्ने देखेमा आयोग आफैले वा अन्य सरकारी निकाय वा संस्था वा अधिकारीमार्फत प्रारम्भिक छानवीन गर्न गराउन सक्नेछ ।

१२. **अनुसन्धान तहकिकात** : (१) आयोग समक्ष पर्न आएको उजुरी निवेदन गाम्भीर्यको आधारमा वा नियम ११ बमोजिम प्रारम्भिक छानवीन प्रतिवेदनको आधारमा आयोगले त्यस्तो विषयमा अनुसन्धान तहकिकात गर्नुपर्ने देखेमा अनुसन्धान तहकिकात सम्पन्न गर्नुपर्ने अवधि, अनुसन्धान सम्बन्धी आवश्यक कार्यनिर्देश तथा आवश्यक सहयोगी कर्मचारीको नाम समेत उल्लेख गरी अनुसन्धान अधिकृत तोक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुसन्धान अधिकृत तोक्दा अनुसूची - २ बमोजिमको ढाँचामा तोक्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम तोकिएको अवधिभित्र अनुसन्धान तहकिकात सम्पन्न हुन नसकेमा सम्बन्धित अनुसन्धान अधिकारीले त्यसको उचित कारण समेत खोली म्याद थप वा निर्देशनको निमित्त आयोग समक्ष अनुरोध गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम थप म्यादको लागि अनुरोध भई आएमा आयोगले आवश्यक निर्देशन सहित म्याद थप दिन सक्नेछ ।

१३. **अनुसन्धान अधिकृतको हेरफेरः** आयोगले कुनै विषयमा अनुसन्धान तहकिकात गर्न तोकिएको अनुसन्धान अधिकृतले आफूलाई तोकिएको काम कुनै कारणवश सम्पन्न गर्न नसकेमा, नभ्याएमा वा निजबाट सो काम सम्पन्न हुन नसक्ने भएमा सो काम अर्को अनुसन्धान अधिकृतबाट अनुसन्धान गराउनु पर्ने भएमा आयोगले अर्को अनुसन्धान अधिकृत तोकी पुनः अनुसन्धान तहकिकात गराउन वा साविकको अनुसन्धान अधिकृतले सम्पन्न गर्न बांकी रहेको कार्य सम्पन्न गराउन सक्नेछ ।

१४. **स्पष्टीकरण, सोधपूछ, बयान वा विशेषज्ञको जानकारी लिन सूचना पठाउनु पर्ने :** सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले अनुचित कार्यको छानवीनको सिलसिलामा वा भ्रष्टाचारको छानवीनको सिलसिलामा आयोगले क्रमशः ऐनको दफा ११ को उपदफा (१) वा दफा १५ बमोजिम स्पष्टीकरण माग गर्दा, सोधपूछ वा बयानको लागि बोलाउँदा अनुसूची - ३ को ढाँचामा र विशेषज्ञ वा जानकारी राख्ने व्यक्तिलाई झिकाउँदा अनुसूची - ४ बमोजिमको ढाँचामा सूचना दिनु पर्नेछ ।

१५. **तारीख वा थुनामा राखी बयान गराउन सकिनेः** अख्तियार दुरुपयोगको आरोप लागेको व्यक्तिलाई आयोगले बयान गराउने काम एकै दिनमा समाप्त हुन नसकेमा बयान नसकिएसम्मको अवधिको लागि अनुसन्धान अधिकृतले तारेख वा थुनामा राखी बयान लिन सक्नेछ ।

१६. **तारीख सम्बन्धी व्यवस्थाः** अनुसन्धानको सिलसिलामा आयोगले अभियुक्तलाई तारीखमा राख्दा अनुसूची - ५ बमोजिमको ढाँचाको तारेख भरपाई खडा गरी अनुसूची - ६ बमोजिमको ढांचामा तारेख पर्चा दिनु पर्नेछ ।

१७. **ततिम्बा बयानः** अनुसन्धानको सिलसिलामा आयोगले अभियुक्त वा जानकार व्यक्तिलाई झिकाई ततिम्बा बयान वा थप जानकारी लिन सक्नेछ ।

१८. **पक्राउ पूर्जीः** अनुसन्धानको सिलसिलामा आयोगले कसैलाई पक्राउ गर्नु परेमा अनुसूची - ७ बमोजिमको ढाँचामा पक्राउ पूर्जी दिनु पर्नेछ ।

१९. **थुनुवा पूर्जी :** अनुसन्धानको सिलसिलामा प्रचलित कानून बमोजिम कुनै व्यक्तिलाइ थुनामा राख्नु पर्दा अनुसूची - ८ बमोजिमको ढाँचामा थुनुवा पुर्जि दिनु पर्नेछ ।

२० . **खानतलासीः** (१) अख्तियार दुरुपयोग गरेको उजूरी निवेदनको छानवीन, अनुसन्धान तथा तहकिकातको सिलसिलामा खानतलासी तथा बरामद गर्नु पर्दा क्रमशः अनुसूची - ९ बमोजिमको ढाँचामा प्रवेश मुचुल्का र अनुसूची - १० बमोजिमको ढाँचामा खानतलासी तथा बरामदी मुचुल्का उठाई बरामद गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गरेको खानतलासी तथा बरामदबाट फेला परेका नगद जिन्सी वा अन्य कुनै माल वस्तु लैजानु परेमा त्यस्तो मालवस्तु बुझेको भर्पाई तयार गरी घरधनी वा मालधनी वा मालवस्तु जिम्मा लिने व्यक्तिलाई दिनु पर्नेछ र निजहरू फेला नपरेमा, फेला परे तापनि बुझ्न नमानेमा स्थानीय निकायका प्रतिनिधिलाई सोको भर्पाई दिई मालवस्तु लैजानु पर्नेछ । स्थानीय निकायको समेत अनुपस्थित रहेको अवस्थामा बरामदी मुचुल्कामा सोही व्यहोरा जनाई बरामद गरिएको स्थानमा त्यस्तो भर्पाई टाँस गर्नु पर्नेछ र बरामदी मुचुल्कामा त्यस्तो व्यहोरा जनाइएको अवस्थामा सम्बन्धित व्यक्तिले भर्पाई बुझे सरह मानिनेछ ।

२१. **धरौट वा जेथा जमानत माग गर्ने :** (१) भ्रष्टाचारको आरोप लागेको व्यक्तिसँग धरौट वा जेथा जमानत माग्दा आयोगले अनुसूची - ११ बमोजिमको ढाँचामा आदेश जारी गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम धरौट वा जेथा जमानत माग गर्दा अनुसूची - १२ र अवस्था अनुसार अनुसूची - १३ बमोजिमको कागज गराउनु पर्नेछ ।

२२. **अन्यत्र मुकाम कायम गर्न सक्ने :** अनुसन्धान तहकिकातको क्रममा आयोगले आफ्नो कार्यालयको अतिरिक्त अन्य जुनसुकै कार्यालय वा स्थानमा आफ्नो मुकाम कायम गर्न सक्नेछ ।

२३. **प्रतिवेदन पेश गर्नु पर्ने :** (१) अनुसन्धान तहकिकातको काम समाप्त भएपछि अनुसन्धान अधिकृतले संकलित सबूद प्रमाण र त्यसबाट देखिएको यथार्थ विवरण विश्लेषण गरी आफ्नो राय सहितको प्रतिवेदन आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरेको प्रतिवेदनको आधारमा अनुसन्धान अधिकृतले अनुसन्धान गर्दा कार्यविधिगत त्रुटी वा अन्य कुनै त्रुटी भएको पाइएमा सो सच्याउनका लागि आयोगले निर्देशन दिन वा उक्त मिसिल कागजात आफै झिकाई हेर्न सक्नेछ ।

२४ **अभिलेख राख्न लेखी पठाउनेः** (१) आयोगबाट कुनै सार्वजनिक पदधारण गरेको व्यक्तिलाई सचेत गराएकोमा सोको अभिलेख देहाय बमोजिमको कार्यालयमा राख्न लेखी पठाउनु पर्नेछः-

(क) राजनैतिक नियुक्ति हुने पदाधिकारीका हकमा मन्त्रिपरिषद् सचिवालयमा,

(ख) कर्मचारीको हकमा सम्बन्धित अख्तियारवालाकहाँ,

(ग) खण्ड (क) र (ख) मा लेखिएदेखि बाहेक अन्य व्यक्तिका हकमा आयोगले तोकेको पदाधिकारीकहाँ ।

(२) उपनियम (१) बमोजिम लेखी आए बमोजिमको अभिलेख अद्यावधिक गरी राख्नु सम्बन्धित पदाधिकारीको कर्तव्य हुनेछ ।

२५. **अन्य आवश्यक कारबाही :** आयोगले ऐनको दफा १२ क. को प्रयोजनका लागि देहाय बमोजिमको कारबाईलाई अन्य आवश्यक कारबाहीको रुपमा प्रयोग गर्न सक्नेछ :-

(क) भरिभराउ गर्ने,

(ख) दुई वर्षसम्म सार्वजनिक जवाफदेहीको पदमा नियुक्ति नगर्ने,

(ग) बढीमा दुईवर्षसम्मको लागि त्यस्तो जिम्मेवारीको पदमा काम गर्न नलगाउने,

(घ) दुई वर्षसम्म आर्थिक तथा प्रशासनिक निर्णय गर्ने जिम्मेवारी नदिने,

(ङ) दुई वर्षसम्म वैदेशिक तालीम, अध्ययन, सेमिनारमा भाग लिन रोक लगाउने,

(च) दुई वर्षसम्म कुनै खास काम गर्न बन्देज लगाउने,

(छ) आयोगले उपयुक्त ठहऱ्याएको अन्य कारबाही ।

२६. **मुद्दा दायर गर्नु पर्ने :** आयोगले आरोपित व्यक्तिको सम्बन्धमा भ्रष्टाचारको मुद्दा दायर गर्ने निर्णय गरेपछि सम्बन्धित अनुसन्धान अधिकृतले अनुसूची - १४ बमोजिमको ढाँचामा आरोपपत्र तयार गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्नु पर्नेछ ।

२७. **आरोपपत्रमा खुलाउनु पर्ने कुराहरू :** (१) भ्रष्टाचार सम्बन्धी मुद्दा दायर गर्दा आरोपपत्रमा सम्भव भएसम्म देहायका कुराहरू खुलाउनु पर्नेछः

(क) अभियुक्तको स्थायी र अस्थायी तथा अन्य सम्पर्क ठेगाना सहित नाम, थर, उमेर र सम्भव भएसम्म बाजे र बाबुको नाम र विवाहित महिलाको हकमा पतिको नाम,

(ख) सार्वजनिक पद धारण गर्ने व्यक्तिले भ्रष्टाचारजन्य कार्य गर्दा सम्बद्ध रहेको पद, मिति, प्रयोग गर्ने अधिकार, निर्वाह गर्नु पर्ने दायित्व वा कर्तव्य सम्बन्धी कुराहरू,

(ग) आरोप वा अभियोग लगाइएका विषय वा तथ्यहरू,

(घ) सम्बद्ध कानून,

(ङ) कानून र तथ्यको विश्लेषण,

(च) हेलचक्र्याई, लापरबाही वा बदनीयतका कुराहरू,

(छ) गैरकानूनी लाभ वा हानी पुऱ्याएकोमा को कसलाई लाभ वा हानी पुऱ्याएको देखिने हो सो कुरा,

(ज) हानी नोक्सानीको बिगो देखिनेमा सो र के कति हानी नोक्सानी गर्न प्रयत्न गरेको हो सोको विगो,

(झ) कसूरको मात्रा निर्धारण गर्ने आधार,

(ञ) सजायको मागदावी,

(ट) सम्बद्ध देखिने अन्य आवश्यक कुराहरू ।

(२) उपनियम (१) बमोजिम तयार गरेको आरोपपत्र बमोजिम कुनै अभियोग लगाउनु पर्ने व्यक्ति छूट हुन गएको अवस्थामा आयोगले थप आरोपपत्र पेश गर्न सक्नेछ ।

२८. **मुद्दा दायरीको सूचना :** सार्वजनिक पद धारण गरेको व्यक्तिउपर मुद्दा दायर भएपछि अनुसन्धान अधिकृतले मुद्दा दायर भएको मितिले तीन दिनभित्र सम्बन्धित अख्तियारवालालाई सो कुराको सूचना दिनु पर्नेछ ।

२९. **पुनरावेदन र पुनरावलोकन सम्बन्धी कार्यविधिः** (१) आयोगबाट दायर भएको मुद्दामा अदालतबाट फैसला भई सो फैसलाको नक्कल प्राप्त भएपछि अध्ययन गरी सोउपर पुनरावेदन वा पुनरावलोकन गर्नु पर्ने नपर्ने सम्बन्धमा आयोगमा कार्यरत सरकारी वकील वा सो कामका लागि नियुक्त भएका कानून व्यवसायी वा सम्बन्धित अधिकृतले आफ्नो राय सचिवसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त रायमा सचिवले आफ्नो कुनै धारणा र राय भए सो समेत आयोगमा पेश गर्नु पर्नेछ ।

(३) आयोगले मुद्दाको तथ्य, सम्बद्ध कानून, अदालतको फैसला तथा उपनियम (१) र (२) बमोजिम प्राप्त राय समेतका आधारमा पुनरावेदन वा पुनरावलोकनका लागि निवेदन गर्ने नगर्ने कुराको निर्णय गर्नेछ ।

(४) आयोगबाट पुनरावेदन वा पुनरावलोकनका लागि निवेदन गर्ने निर्णय भएमा आयोगको सरकारी वकील वा सो कामका लागि नियुक्त कानून व्यवसायी वा सम्बन्धित अधिकृत मार्फत् सम्बन्धित अदालतमा पुनरावेदन वा पुनरावलोकनको लागि निवेदन दायर गर्नेछ ।

## परिच्छेद – ५

## विविध

३०. **घूस रिसवत बापत रकम उपलव्ध गराउन सक्नेः** (१) कुनै सार्वजनिक पदधारण गरेको व्यक्तिले घूस रिसवत माग गरेको भनी आयोगमा पर्न आएको उजूरी निवेदनको अनुसन्धानको सिलसिलामा आयोगले आफ्ना कर्मचारी वा उजूरवाला वा अन्य कुनै व्यक्तिमार्फत् त्यस्तो सार्वजनिक पदधारण गरेको व्यक्तिलाई घूस रिसवत बापत रकम उपलव्ध गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम घूस रिसवत उपलव्ध गराउने कर्मचारी वा व्यक्तिलाई कुनै किसिमको कारवाई र सजाय गरिने छैन ।

३१. **सम्पत्ति विवरण नबुझाउनेको विवरण दिनु पर्नेः** (१) ऐनको दफा ३१ क. को उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिको विवरण सोही उपदफाको प्रयोजनको लागि तोकिएको निकाय वा अधिकारीले पैंतीस दिनभित्र आयोगलाई दिनु पर्नेछ ।

(२) ऐनको दफा ३१ क. को उपदफा (२) बमोजिमको थप म्यादभित्र पनि सम्पत्तिको विवरण पेश नगर्ने व्यक्तिउपर सोही उपदफाको प्रयोजनको लागि तोकिएको निकाय वा अधिकारीले अवैध सम्पत्ति राखेको अनुमानको आधारमा छानवीन गरी त्यसको प्रतिवेदन तीस दिनभित्र आयोगलाई उपलव्ध गराउनु पर्नेछ ।

(३) सार्वजनिक पद धारण गरेको व्यक्तिउपर अख्तियार दुरुपयोग गरेको विषयमा आयोगले छानवीन गर्दा सम्बन्धित निकाय वा अधिकारीबाट सम्पत्ति विवरणको अभिलेख मगाउने वा निजसँग तोकिएको समयसम्मको सम्पत्ति विवरण पेश गर्नका लागि मुनासिव समय दिई सम्पत्ति विवरण लिन सकिनेछ ।

(४) यस नियम बमोजिम आयोगलाई प्राप्त जानकारी, सम्पत्ति विवरण वा छानवीन प्रतिवेदनलाई आयोगले उजूरी वा प्रमाणको रुपमा ग्रहण गरी प्रचलित कानून बमोजिम अनुसन्धान तहकिकात गर्न सक्नेछ ।

३२. **सम्पत्ति रोक्का सम्बन्धी अभिलेख राख्ने:** (१) आयोगमा परेको उजूरीको अनुसन्धान तहकिकातको सिलसिलामा कुनै अभियुक्त वा निजको तर्फबाट जमानीको रुपमा अचल सम्पत्ति वा नगद धरौटी वा बैंक ग्यारेण्टी लिइएकोमा त्यसको केन्द्रीय अभिलेख खडा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अभिलेखमा अभियुक्तको नाम, थर, वतन, अरु व्यक्तिले जेथा जमानी दिएको भए निजको नाम, थर, वतन, जेथाको विवरण, रोक्का राख्ने आदेश भएको मिति, रोक्का राख्न आदेश दिने पदाधिकारी, रोक्का राख्ने कार्यालय, रोक्का राख्न लेखिएको पत्रको मिति र चलानी नम्बर तथा उजूरी दायरी नम्बर समेत खुलाई राख्नु पर्नेछ ।

३३. **रोक्का फुकुवा गर्ने:** (१) आयोगमा परेको उजूरीका सम्बन्धमा कुनै अभियुक्त वा निजको तर्फबाट धरौट वा बैंक ग्यारेन्टी वा जेथाजमानी लिइएकोमा सो उजूरी तामेलीमा राख्ने निर्णय भएपछि त्यस्तो रोक्का भएको धरौटी वा बैंक ग्यारेन्टी वा जेथा फुकुवा गरिदिनु पर्नेछ ।

(२) आयोगबाट मुद्दा दायर गरिएकोमा त्यस्तो मुद्दामा प्रतिवादीले सफाई पाउने ठहर भएमा सो उपर पुनरावेदन नगर्ने वा पुनरावलोकनको लागि निवेदन नदिने गरी आयोगबाट निर्णय भएमा त्यस्तो अभियुक्त वा निजको तर्फबाट राखिएको बैंक ग्यारेण्टी वा जेथा जमानी फुकुवा र धरौटी फिर्ता गरिनेछ ।

३४. **खर्च प्रमाणित गर्ने:** कुनै कर्मचारी वा अनुसन्धान टोलीले अनुसन्धान तहकिकातको सिलसिलामा बील भर्पाई लिन नसक्ने अवस्थामा गरेको खर्चको सम्बन्धमा त्यस्तो कर्मचारी वा टोली प्रमुखले पेश गरेको विवरणको आधारमा सचिवले त्यस्तो खर्च प्रमाणित गरिदिनु पर्नेछ ।

३५. **समन्वय समिति गठन गर्न सक्ने:** (१) आयोगले उपयुक्त ठहऱ्याएका विषयहरूमा अध्ययन, अन्वेषण लगायतका अन्य प्रवर्द्धनका काम समेत गर्न गैर सरकारी संस्था र नागरिक समाजका प्रतिनिधि समेत रहेको समन्वय समिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन हुने समन्वय समितिको गठन विधि, काम, कर्तव्य र अधिकार आयोगले तोके बमोजिम हुनेछ ।

३६. **निर्णयको सूचना र सक्कल कागज फिर्ता दिने:** (१) आयोगबाट कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिसँग बयान लिइएकोमा आयोगले त्यस्तो उजूरी तामेलीमा राख्ने निर्णय गरेकोमा सो निर्णयको जनाउ सम्बन्धित कार्यालयलाई दिइनेछ ।

(२) कुनै उजूरीको कारवाईको सिलसिलामा कुनै निकायबाट सक्कल कागजात झिकाइएकोमा त्यस्तो उजूरी तामेलीमा रहने आदेश भएमा झिकाइएको सक्कल कागजात सम्बन्धित कार्यालयमा यथाशक्य चाँडो फिर्ता पठाउनु पर्नेछ ।

३७. **नक्कल लिने सम्बन्धी कार्यविधि:** (१) आयोगमा उपलब्ध हुने कागजातको नक्कल लिन चाहनेले सरोकारवालाले प्रति पाना रु. ५।- का दरले नक्कल दस्तुर सहित अनुसूची - १५ बमोजिमको ढाँचामा आयोगमा निवेदन दिनु पर्नेछ ।

तर कुनै सरकारी कार्यालयलाई नक्कल प्रदान गर्दा नक्कल दस्तुर लिइने छैन ।

(२) आयोगबाट मुद्दा नचल्ने, तामेलीमा राख्ने निर्णय भएका विषयसँग सम्बन्धित मिसिल संलग्न कागजातहरूमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको प्रतिलिपि सम्बन्धित अधिकृतले उपलब्ध गराउनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगमा विचाराधीन अवस्थामा रहेको कुनै पनि विषयसँग सम्बन्धित कागजातको नक्कल उपलव्ध गराइने छैन ।

(४) नक्कल दिंदा सक्कलसँग रुजू गरी सक्कल बमोजिम नक्कल ठीक छ भनी रुजु गर्ने कर्मचारीले प्रमाणित गरेपछि सम्बन्धित अधिकृतसमक्ष पेश गरी दिनु पर्नेछ ।

तर कुनै कागजातको नक्कल नदिने गरी आयोगबाट निर्णय वा आदेश भएमा सोको नक्कल दिइने छैन ।

३८. **शपथ ग्रहण गर्नुपर्ने:** सार्वजनिक पदधारण गरेको व्यक्ति बाहेकको अन्य कुनै व्यक्तिले आयोगको विशेषज्ञको रुपमा काम शुरु गर्नु अघि अनुसूची - १६ बमोजिमको ढाँचामा सचिवसमक्ष शपथ ग्रहण गर्नु पर्नेछ ।

३९. **अधिकृत तहका कर्मचारीको थप अधिकार हुने:** (१) अख्तियारको दुरुपयोग भएको वा हुन लागेको जानकारी प्राप्त भई छानवीन तथा अनुसन्धानको सिलसिलामा आयोगबाट खटाइएका अधिकृत कर्मचारीले तत्काल हस्तक्षेप गर्नुपर्ने देखिएको अवस्था परेमा मानिस पक्राउ गर्न, खानतलासी एवं बरामद गर्ने ऐन तथा यस नियमावली बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

(२) कुनै उजूरीका आधारमा अनुसन्धान गर्दै जाँदा उजूरीमा लेखिएदेखि बाहेकका विषयमा भ्रष्टाचार वा अनुचित कार्य भएको देखिएमा सो उजूरीमा उल्लेख नभएको विषयमा पनि अनुसन्धान गर्न र आयोगले सो अनुसन्धानका आधारमा मुद्दा चलाउने वा नचलाउने वा कारबाही गर्ने वा नगर्ने निर्णय गर्न सक्नेछ ।

४०. **निरीक्षण:** (१) प्रमुख आयुक्त, आयुक्त वा अधिकृतस्तरको कर्मचारीले प्रचलित कानून तथा आयोगबाट प्रत्यायोजित अधिकार बमोजिम अधिकार प्राप्त कर्मचारीले काम कारबाही गरे नगरेको सम्बन्धमा निरीक्षण गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण पश्चात् प्रमुख आयुक्त वा आयुक्तले आवश्यक देखेको विषयमा निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु गराउनु सम्बन्धित अधिकृतको कर्तव्य हुनेछ ।

(३) अधिकृत स्तरको कर्मचारीले उपनियम (१) बमोजिम निरीक्षणपश्चात् निरीक्षणको क्रममा भए गरेको काम कारवाहीको प्रतिवेदन आयोगमा पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा आयोगले सम्बन्धित कार्यालय वा अधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु गराउनु सम्बन्धित अधिकारीको कर्तव्य हुनेछ ।

४१. **वैज्ञानिक एवं संचारका उपकरण तथा साधनको प्रयोग:** अख्तियार दुरुपयोगको अनुसन्धानमा संलग्न कर्मचारी एवं व्यक्तिलाई अनुसन्धानको सिलसिलामा आयोगको आदेशानुसार आवश्यक पर्ने वैज्ञानिक एवं संचारका उपकरण तथा साधन साथमा लिई हिंड्न र प्रयोग गर्न पाउने अधिकार हुनेछ ।

४२. **खारेजी र बचाउ:** अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८ खारेज गरिएको छ । सो नियमावली बमोजिम भएका काम कारबाही यसै नियम बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची - १

## (नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

## अनुचित कार्य सम्बन्धी उजूरी

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।

**विषयः- <u>अनुचित कार्य गरेको बारे</u> ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ५ बमोजिम देहायको विवरण खोली यो उजूरी निवेदन दिएको छु ।

१. अनुचित कार्य गर्ने सार्वजनिक पदधारण गरेको व्यक्तिको नाम, दर्जा र कार्यालयः-

२. अनुचित कार्यको पूरा विवरणः-

३. अनुचित कार्य गरेको मिति र उजूरवालाले थाहा पाएको मितिः-

४. उजूरीको व्यहोरालाई पुष्ट्याई गर्ने प्रमाणः-

५. अनुचित कार्यबाट उजूरवालालाई पर्न गएको हानी वा मर्काः-

६. उजूरीको विषयलाई लिएर अन्य कुनै निकायमा उजूरी गरेको भए त्यस्तो निकायको नाम वा सोको परिणामः-

७. आफ्नो नाम गोप्य राख्न चाहेमा त्यसको व्यहोराः-

माथि लेखिएको व्यहोरा ठीक साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

उजूरवालाको सहीछाप

उजूरवालाको नाम, थर, वतन

(उजूरवाला कुनै कार्यालयमा काम गर्ने भए

आफ्नो दर्जा र कार्यालयको नाम तथा ठेगाना)

इति सम्बत् ................ साल ............. महिना .................... गते रोज ......................... ।

---

**<u>द्रष्टव्यः-</u>** १. उपरोक्त ढाँचा सामान्य हो, सकभर माथिका सबै कुराहरू स्पष्ट खुलाउनु पर्छ ।

२. उजूरवाला ऐनको दफा ८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित व्यक्ति भएमा अनुचित कार्यबाट प्रतिकूल असर पर्ने व्यक्तिले उजूर गर्न नसकेको प्रमाणित निस्सा पनि साथै पेश गर्नु पर्छ ।

३. आफूसँग रहेको प्रमाणको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ र अन्यत्र रहेको प्रमाणको सम्बन्धमा कहाँ र कोसित रहेको छ सो व्यहोरा खुलाउनु पर्छ ।

## अनुसूची - २

### (नियम १२ को उपनियम (२) सँग सम्बन्धित)

प.सं.: मितिः-

च.नं.:

**विषयः- अनुसन्धान अधिकृत तोकिएको ।**

श्री ..........................

............................................

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २० अनुसार देहायका विवरण भएको मुद्दाको सम्पूर्ण अनुसन्धान तहकिकात पूरा गरी प्रतिवेदन पेश गर्नका लागि तपाईलाई अनुसन्धान अधिकृत तोकिएको छ । सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही अनुसन्धान तहकिकातको कार्य पूरा गरी आयोगमा राय सहितको प्रतिवेदन नियमावलीको नियम १२ बमोजिम ......... महिना/दिनभित्र पेश गर्नु होला । उक्त कार्य सम्पन्न गर्न तपाईंलाई देहाय बमोजिमको सहयोगी कर्मचारी तोकिएकोछ ।

| क्र.सं. | दर्जा | नाम, थर |
|---|---|---|
| १. | ............ | ................ |
| २ | ............ | ................ |
| ३. | ............... | .................. |
| ४. | .............. | ................ |
| ५. | ................ | .................. |

**अनुसन्धान तहकिकात गर्नु पर्ने विषय**

| क्र.सं. | आ.व. | उजूरवाला | उजूरीको विषय |
|---|---|---|---|
| १. | ............ | ................... | ................. |
| २ | ............ | ................... | ................. |
| ३. | ............ | ................... | ................. |

| | | | |
|---|---|---|---|
| ४. | ………… | ………………. | …………….. |
| ५. | ………… | ………………. | …………….. |

**बोधार्थः**

| | |
|---|---|
| श्री महाशाखा नं. ……… | तत्सम्बन्धी पंजिका बमोजिमको सक्कल फाइल निजलाई बुझाई दिन र अभिलेख अद्यावधिक राख्नु हुन । |

## अनुसूची - ३

**(नियम १४ सँग सम्बन्धित)**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जारी भएको**

**........................ बस्ने ............................... का नाउँको**

**सूचना**

यस आयोगमा परेको ............................... (उजूरीको संक्षिप्त व्यहोरा) उजूरीको अनुसन्धानको सिलसिलामा ..................................................... तपाईबिरुद्ध ....................... विषयमा उजूरी परेकोले तपाईको बयान /स्पष्टीकरण लिनु पर्ने भएकाले ..................... मिति ............. दिनको ....... बजे यस आयोगको कार्यालय/टुर मुकाम .................... उपस्थित हुन आउनु होला, नआए कानून बमोजिम हुनेछ ।

मितिः-

अनुसन्धान अधिकृतको दस्तखतः-

अनुसन्धान अधिकृतको नाम, थरः-

---

## अनुसूची - ४

**(नियम १४ सँग सम्बन्धित)**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जारी भएको**

**.............................. बस्ने .................................. का नाउँको**

**सूचना**

यस आयोगमा परेको ........................................................................ विषयको उजूरीमा अनुसन्धानको सिलसिलामा तपाईलाई साक्षी/विशेषज्ञ/विशेष व्यक्तिका रुपमा बुझ्नु पर्ने भएकाले मिति ................ मा दिनको ......... बजे आयोगको कार्यालय .......................... /टुर मुकाम ............................मा उपस्थित हुनु होला । उपस्थित नभए कानून बमोजिम हुनेछ ।

मितिः-                                                    अनुसन्धान अधिकृतको दस्तखतः-

अनुसन्धान अधिकृतको नाम, थरः-

## अनुसूची – ५

**(नियम  १६ सँग सम्बन्धित)**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खडा गरेको**

**तारेख भरपाई**

**वादी**                                                    **प्रतिवादीको नाम, थर वतन**

यही २०..      साल ........... गते रोज .....  का दिन दिनको .......... बजे यस आयोगको कार्यालय/टुर मुकाम .................... मा हाजीर हुन आउनेछु भनी सही गर्नेः-

....................

पूरा नाम, थर

---

## अनुसूची – ६

**(नियम १६ सँग सम्बन्धित)**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग / टुर मुकाम................. बाट जारी भएको**

**तारेख पर्चा**

मुद्दाः-

… … … … … … … … नाम, थर, वतन भएका (कार्यालय र दर्जा समेत) देहायको मिति र समयमा आयोगको महाशाखा नं. … मा उपस्थित हुन आउनु होला । नआई तारेख गुजारे कानून बमोजिम हुनेछ ।

<u>हाजिर हुन आउनु पर्ने मिति</u> <u>समय</u> <u>तारीख दिने कर्मचारीको दस्तखत र मिति</u>

## अनुसूची – ७

**(नियम १८ सँग सम्बन्धित)**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट जारी भएको**

… … … … … … … **बस्ने**

… … … … … … … … … … … **को**

**छोरा वर्ष .. .. को**

… … … … … … … … … .. **को**

**नाउँमा जारी भएको**

**<u>पक्राउ पूर्जी</u>**

तपाई बिरूद्ध .. … … … … … … … … भ्रष्टाचारको … … … … अभियोगमा अनुसन्धान गर्नु पर्ने देखिन आएकोले यो पूर्जी लिई आउने प्रहरी कर्मचारी/ कर्मचारीका साथ लागी आउनु होला । अन्यथा तपाईलाई निजले नछाडी ल्याउनेछ ।

अनुसन्धान अधिकृतः

दस्तखतः

नाम, थरः

दर्जाः-

मितिः-

---

## अनुसूची – ८

**(नियम १९ सँग सम्बन्धित)**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट दिएको**

**<u>थुनुवा पूर्जी</u>**

श्री .....................

.............................

तपाई विरुद्ध यस आयोगमा परेको उजूरीको आधारमा अनुसन्धान गर्दै जाँदा हालसम्म संकलित सबूद प्रमाणबाट फरार हुने/भागी जाने/तपाई बेपत्ता हुने मनासिब कारण भएको/ तपाईले विगो हानि नोक्सानी गरेको देखिएको भनी आयोगबाट तपाईसँग धरौटी/जमानत माग गरिएकोले तपाईलाई सो आदेश सुनाई धरौटी/जेथा दाखिल गर्न लगाइएकोमा तपाईले आज सो बमोजिमको धरौट वा जेथा जमानी दिन असमर्थ रहेको भनी लेखिलेखाई दिनु भएको हुँदा नियमानुसारको सिधा खान पाउने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (४) बमोजिम यो थुनुवा पूर्जी दिइएको छ।

सम्बन्धित अधिकृतको

सहीः-

नामः-

मितिः-

बोधार्थ ... ... ... ... ... ... ...

(सम्बन्धित कारागार)

## अनुसूची – ९
### (नियम २० को उपनियम (१) सँग सम्बन्धित)

**<u>प्रवेश मुचुल्का</u>**

जिल्ला ............. गा.वि.स./न.पा. ..... वडा नं. ... गाउँ/टोल ... ... ... बस्ने ........................ समेत भएको भ्रष्टाचार सम्वन्धी विषयमा सो अपराधसँग सम्बन्धित नगद/जिन्सी/माल/वस्तु/कागजात/प्रमाण फेला पर्न सक्ने संभावना भएकोले तपाईको स्वामित्व/भोग चलन/जिम्मा/नियन्त्रणमा रहेको .................... ठाउँमा रहेको घर कम्पाउण्ड, निवासस्थानमा निम्न व्यक्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तर्फबाट अनुसन्धानको सिलसिलामा खानतलासी/बरामदी गर्नका लागि सो स्थानमा प्रवेश गर्नु पर्ने भएकोले खानतलासी तथा बरामदी गर्न आएका हामी देहायका मानिसहरूको जीउ खानतलासी गर्न अनुरोध गरी हाम्रो खानतलासी भएकाले सो स्थानमा प्रवेश गरेको मुचुल्का तयार गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा चढाएका छौं ।

**<u>तपसील</u>**

खानतलासी गर्न प्रवेश गर्ने व्यक्तिहरूको जीउ खानतलासी लिने व्यक्तिको नाम, थर, ठेगाना (तीनपुस्ते सहित):-

१.

२.

३.

**<u>रोहबरः–</u>**

१. घरधनी/मालधनी वा निजको प्रतिनिधि

२. संभव भएसम्म स्थानीय व्यक्ति/जनप्रतिनिधि/भद्रभलाद्मी

३. आरोपित व्यक्ति (सम्भव भएसम्म)

**<u>मुचुल्का तयार गर्ने कर्मचारीहरूः</u>**

१.

२.

इति सम्बत् २०... साल ... गते रोज .. शुभम्

## अनुसूची – १०

**(नियम २० को उपनियम (१) संग सम्बन्धित)**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट खडा गरेको**

**<u>खानतलासी/बरामदी मुचुल्का</u>**

लिखितम ......................................बस्ने ...............................को नाती .........................................को छोरा/छोरी........................जिल्ला बस्ने वर्ष.......को .................................... घर/स्थानमा कानून बमोजिम रीत पुऱ्याई प्रवेश गरेका हामी देहायका व्यक्तिहरूले ................................................ मा खानतलासी गर्दा देहायका स्थानहरूमा देहाय बमोजिमका नगद/चीज/माल/वस्तु/कागजात/प्रमाण फेला पारेकोले सो नगद तथा सामानहरू अनुसन्धानको सिलसिलामा आयोगमा दाखिल गर्न लैजानु पर्ने हुँदा खानतलासी तथा बरामदी मुचुल्का गरी दिनुहोस् भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटी आएको डोरले भन्दा हाम्रो चित्त बुझ्यो । यसमा तपसीलमा लेखिएको व्यहोरा ठीक साँचो हो भनी लेखी लेखाई सोही डोर मार्फत् आयोगमा चढायौं ।

### <u>तपसील</u>

**<u>खानतलासीमा फेला परेका नगद/जिन्सी/कागजात र स्थानको विवरण</u>**

१.

२.

**<u>बरामदी गरी लगेका नगद/जिन्सी/कागजातहरूको विवरण</u>**

१

२

**<u>खानतलासी बरामदी गराई दिने व्यक्तिहरू</u>**

१

२

**<u>रोहबरः</u>**

(क) बरामदी भए वाहेकका नगद/जिन्सी/कागजात जिम्मा लिने :-

(ख) बरामदी सामानको भरपाई बुझ्ने :-

(ग) स्थानीय निकाय प्रतिनिधि (भएसम्म) :-

(घ) आरोपित व्यक्ति (संभव भएसम्म):-

बरामद सामानको भरपाई तपाईलाई बुझाई माथि उल्लिखित उक्त बरामदी सामान लिई गएका छौं ।

**<u>काम सम्पन्न गर्ने कर्मचारीहरू :</u>**

इति सम्बत् २०... साल ........ गते रोज ... शुभम् ।

## अनुसूची – ११

**(नियम २१ को उपनियम (१) सँग सम्बन्धित)**

**<u>धरौटी माग गर्ने आदेश पत्र</u>**

<u>उजूरवालाः</u> <u>प्रतिवादीः</u>

मुद्दाः- भ्रष्टाचार ।

१. मुद्दाको तथ्य :-

२. हानी नोक्सानी भएको भए बिगो :-

३. धरौट जा जेथा जमानत माग गर्नु पर्ने आधार, कारण र कानूनी व्यवस्था :-

४. माग गरिएको धरौट रकम :-

आदेश दिने अधिकारीको

हस्ताक्षरः

नाम थरः

पदः

मितिः

---

## अनुसूची – १२

**(नियम २१ को उपनियम (२) सँग सम्बन्धित)**

**<u>धरौटी माग गर्दा धरौटी/जमानत दिने कबूलियत</u>**

आयोगबाट मिति ..................... मा भएको आदेश सुनिपाएँ । आयोगबाट तोकिएको स्थान र समयमा उपस्थित हुनेछु । सो बमोजिम उपस्थित नभएमा मुलुकी ऐन अ.वं. १२४ नं. र १२४क. नं. बमोजिम मैले राखेको जमानत वा धरौटी जफत हुन तथा उक्त जमानत बापतको रकम उक्त जेथाबाट असूल हुन नसकेमा मेरो अन्य कुनै पनि सम्पत्तिबाट समेत असूल गर्न मेरो मञ्जूर छ भनी सही गर्नेः-

## अनुसूची – १३

### (नियम २१ को उपनियम (२) सँग सम्बन्धित)

### <u>धरौटी माग गर्दा अन्य व्यक्तिले जेथा जमानी दिएमा गर्नु पर्ने कबूलियत</u>

आयोगबाट ................................................... बस्ने ............................ को नाती .................................. को छोरा ......................................... को हकमा भएको आदेश सुनिपाएँ ।

आयोगबाट निजसँग माग गरेको धरौटी/जमानत निजले राख्न नसकेको हुँदा मैले निजका तर्फबाट राख्न मञ्जूर गरेकोले निज तोकिएको समय र स्थानमा उपस्थित नभएमा अ.वं. १२४क. बमोजिम मैले धरौट जमानत राखिदिएको सम्पत्ति जफत हुन र सो सम्पत्तिबाट असूल उपर हुन नसकेमा मेरो अन्य कुनै पनि सम्पत्तिबाट असूल उपर गरिएमा मेरो मञ्जूरी छ भनी सही गर्नेः-

..........................................

जमानत दिनेको नाम, थर, वतनः-

निजको बाबुको नामः-

बाजेको नामः-

सम्पर्क ठेगानाः-

## अनुसूची - १४

**(नियम २६ सँग सम्बन्धित)**

**.................................... अदालत समक्ष पेश गरेको**

**आरोपपत्र**

**( ................................ सालको नम्बर ....................... )**

..........................................................................................

विरुद्ध

........................................................................................... १

........................................................................................... १

........................................................................................... प्रतिवादी

विपक्षी

मुद्दा

१. मुद्दाको व्यहोराः-

(क)

(ख)

(ग)

२. अभियोग र दावीः-

(क)

(ख)

(ग)

३. सबूद प्रमाणः-

(क) कागज प्रमाणः

(ख) साक्षीः

(ग) विशेषज्ञको प्रस्तुतीः

प्रतिवेदकः-

श्री ५ को सरकारका लागि

(अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट

अधिकार प्राप्त अधिकृत)

इति सम्बत् २० .......... साल ....... महिना ......... गते रोज .... शुभम् ।

## अनुसूची - १५

**(नियम ३७ को उपनियम (१) सँग सम्बन्धित)**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा चढाएको**

**निवेदनपत्र**

**विषयः- नक्कल पाउँ ।**

बादीः- आरोपित व्यक्तिः-

म निवेदक सरोकारवाला भएकाले निम्न कागजहरूको नक्कल पाउनको लागि निवेदन गर्दछु । कानून बमोजिम लाग्ने नक्कल दस्तूर रु. ... ।- तिरेको रसीद यसै निवेदनपत्र साथ राखेको छु ।

१. कुन कुन कागजको नक्कल चाहिएको हो त्यसको विवरणः-

(क)

(ख)

(ग)

२. सरोकार देखिने व्यहोराः-

(क)

(ख)

(ग)

माथि लेखिएको व्यहोरा ठीक साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको सहीछापः-

निवेदकको पूरा नाम, थर र वतनः-

मितिः- ...........

## अनुसूची – १६
### (नियम ३८ सँग सम्बन्धित)

### शपथ ग्रहण

म ...................................... ईश्वरका नाममा शपथ लिन्छु कि । सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु कि आयोगको विशेषज्ञको हैसियतले मलाई तोकिएको काम कर्तव्य मेरो ज्ञान विवेकले जाने बुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी भय, पक्षपात वा द्वेष नराखी लोभ लालचमा नपरी, मोलाहिजा नगरी प्रचलित कानूनको अधीनमा रही पालना गर्नेछु । कर्तव्यपालनको सिलसिलामा मलाई जानकारी हुन अएको गोप्य कुरा अधिकृत व्यक्तिलाई बाहेक अरु कसैलाई म सेवा करारमा रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले कुनै पनि तरीकाबाट व्यक्त गर्ने छैन ।

| शपथ ग्रहण गर्नेको विवरण: | शपथ ग्रहण गरेको प्रमाणित गर्ने: |
|---|---|
| नाम थर: | नाम थर: |
| हस्ताक्षर: | हस्ताक्षर: |
| मिति: | मिति: |
| पद: | पद: |

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सूचना

यस आयोगको मिति २०५९।५।३१ को निर्णयानुसार नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (५) ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यको संविधान, २०४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमेजिम यस आयोगलाई प्राप्त अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी सार्वजनिक पद धारण गरेका कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको तथा सो कसूरमा संलग्न अन्य व्यक्तिका सम्बन्धमा आयोगलाई प्राप्त अधिकार निम्न शर्तहरूका अधीनमा रही देहायका पदाधिकारीलाई सुम्पिएको छ । सुम्पिएको अधिकार बमोजिम आ-आफ्नो क्षेत्रभित्र अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको विषयमा अनुसन्धान र तहकिकात एवं निर्णय गर्न सम्बन्धित क्षेत्रका क्षेत्रीय प्रशासन कार्यालयका क्षेत्रीय प्रशासक र सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी (दुवैलाई यसपछि “अनुसन्धान अधिकृत” भनिएको) तथा सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयका सरकारी वकील तथा जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीललाई अर्को व्यवस्था नभएसम्मका लागि देहाय बमोजिमको अधिकार सुम्पिएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **<u>क्षेत्रीय प्रशासकले कारवाई गर्न सक्ने सार्वजनिक पद धारण गरेका व्यक्तिहरू :</u>**

(क) प्रमुख जिल्ला अधिकारी वाहेक आफ्नो क्षेत्रभित्रका जिल्ला प्रशासन कार्यालयका अन्य कर्मचारी र सरकारी सेवाका राजपत्रांकित द्वितीय श्रेणी वा सो सरहको दर्जामा कार्यरत कर्मचारीहरू ।

(ख) आफ्नो क्षेत्र भित्रका श्री ५ को सरकारद्वारा संचालित वा श्री ५ को सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्थामा सह-प्राध्यापक (रीडर) वा सो सरहको पदमा कार्यरत पदाधिकारी, शिक्षक तथा कर्मचारीहरू ।

(ग) आफ्नो क्षेत्रभित्रका श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा भएको कम्पनी, बैंक वा समिति वा प्रचलित कानून बमोजिम श्री ५ को सरकारद्वारा स्थापित आयोग संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र परिषद वा यस्तै प्रकृतिका अन्य संगठित संस्थाका दशौं तह वा सोसरहको पदमा कार्यरत पदाधिकारी र कर्मचारीहरू ।

(घ) माथि उल्लिखित सार्वजनिक पदधारण गरेका व्यक्तिहरूले गरेको अख्तियारको दुरुपयोगको कसूरसँग संलग्न अन्य कर्मचारी तथा व्यक्तिहरू ।

२. **<u>प्रमुख जिल्ला अधिकारीले कारवाई गर्न सक्ने सार्वजनिक पद धारण गरेका व्यक्तिहरू :</u>**

(क) जिल्ला प्रशासन कार्यालयका बाहेक सरकारी सेवाका राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरह र सोभन्दा तल्लो दर्जामा कार्यरत कर्मचारीहरू ।

(ख) जिल्ला विकास समितिका सभापति, उप-सभापति, सदस्यहरू एवं महानगरपालिका, उप-महानगरपालिका, नगरपालिकाका मेयर, उपमेयर बाहेक जिल्लास्थित स्थानीय निकायका पदाधिकारी, सदस्यहरू, कर्मचारीहरू तथा सो निकायमा कुनै लाभको पदधारण गर्ने व्यक्तिहरू ।

(ग) आफ्नो क्षेत्रभित्रका श्री ५ को सरकारद्वारा संचालित वा श्री ५ को सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्थाका सह-प्राध्यापक (रीडर) वा सो सरहका पदभन्दा तल्लो तहमा कार्यरत पदाधिकारी, शिक्षक तथा कर्मचारीहरू ।

(घ) आफ्नो क्षेत्र भित्रका श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा भएको कम्पनी, बैंक, वा समिति वा प्रचलित कानून बमोजिम श्री ५ को सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्थाका दशौ तह वा सो सरहको पद भन्दा तल्लो तहमा कार्यरत पदाधिकारी र कर्मचारीहरू ।

(ङ) माथि उल्लिखित सार्वजनिक पदधारण गरेका व्यक्तिहरूले गरेको अख्तियारको दुरुपयोगको कसूरसंग संलग्न अन्य कर्मचारी तथा व्यक्तिहरू ।

## ३. <u>प्रत्यायोजित अधिकार प्रयोग गर्ने अनुसन्धान अधिकृत तथा सरकारी वकीलले पालन गर्नु पर्ने शर्तहरू :–</u>

(क) नेपाल अधिराज्यको संविधान, २०४७, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ र प्रचलित कानूनहरू तथा आयोगबाट निर्धारित कार्यविधिको पालना गर्नु पर्नेछ ।

(ख) आफ्नो क्षेत्राधिकारभित्र नपर्ने उजूरी पर्न आएमा वा आफूले कारबाही गर्न तोकिएको पदाधिकारी भन्दा माथिल्लो पदाधिकारी समेत समावेश भएको देखिन आएमा सम्बन्धित निकाय वा पदाधिकारीकहाँ पठाउनु पर्नेछ ।

(ग) कुनै उजूरीको अनुसन्धान र तहकिकात आयोगबाटै हुन उपयुक्त देखिएमा कारणसहित आयोगसमक्ष लेखि पठाई निकासा भए बमोजिम गर्नु पर्नेछ ।

(घ) अनुसन्धानको सिलसिलामा सम्बन्धित अनुसन्धान अधिकृतले सम्बन्धित सरकारी वकीलसँग आवश्यकतानुसार राय सल्लाह लिन सक्नेछ ।

(ङ) अनुसन्धानको कार्य समाप्त भएपछि अनुसन्धान अधिकृतले सम्बन्धित सरकारी वकीलसमक्ष कारबाही गर्न खोजिएको प्रस्तावित राय सहित सक्कल मिसिल पठाउनु पर्नेछ ।

(च) यसरी अनुसन्धान अधिकृतले प्रस्तावित राय सहितको सक्कल मिसिल पठाउँदा र सरकारी वकीलले आफ्नो राय पठाउँदा अभियुक्तहरू थुनामा भए निजहरूको थुनाको म्याद र हद्म्याद समेतलाई ध्यानमा राखी पठाउनु पर्नेछ ।

(छ) अनुसन्धान अधिकृतबाट प्राप्त सक्कल मिसिल अध्ययन गरी सरकारी वकीलले भ्रष्टाचारमा मुद्दा चलाउने गरी राय दिएमा अनुसन्धान अधिकृतले प्रस्तावित अभियोगपत्रको मसौदा तयार गरी सक्कल मिसिल निर्णयार्थ आयोगसमक्ष पठाउनु पर्नेछ ।

(ज) भ्रष्टाचारका सम्बन्धमा अनुसन्धान अधिकृतले मुद्दा नचलाउने गरी पठाएको प्रस्तावित रायमा सम्बन्धित सरकारी वकील सहमत भएमा अनुसन्धान अधिकृतले सो कारबाही तामेलीमा राख्नेछ । अनुसन्धान अधिकृतको प्रस्तावित रायमा सरकारी वकील सहमत नभई फरक राय भएमा अनुसन्धान अधिकृतले सक्कल मिसिल निर्णयका लागि आयोग समक्ष पठाउनु पर्नेछ ।

(झ) अनुचित कार्यका सम्बन्धमा अनुसन्धान अधिकृतले व्यक्त गरेको रायमा सम्बन्धित सरकारी वकील सहमत भएमा सम्बन्धित अनुसन्धान अधिकृतले आवश्यक निर्णय गर्नेछ र सहमत नभएमा निर्णयका लागि सक्कल मिसिल आयोगसमक्ष पठाउनु पर्नेछ ।

(ञ) अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा राय मागेपछि वा कारबाहीको लागि प्रस्तावित राय पठाएपछि सम्बन्धित सरकारी वकीलले थप अनुसन्धान तहकिकात गर्नुपर्ने वा कुनै व्यक्ति बुझ्नु पर्ने देखेमा सम्बन्धित अनुसन्धान अधिकृतलाई आवश्यक निर्देशन दिन सक्नेछ । सरकारी वकीलबाट प्राप्त निर्देशन पालना गर्नु सम्बन्धित अनुसन्धान अधिकृतको कर्तव्य हुनेछ ।

(ट) यस सूचनाको कुनै दफा बमोजिम अनुसन्धान अधिकृतलाई सुम्पिएको अधिकार अन्तरगतको कुनै कारवाई आयोगबाटै गर्न वा त्यस्तो अधिकार अन्य कुनै कर्मचारीलाई सुम्पन तथा आयोगमा परेको कुनै पनि उजूरी आयोगबाटै अनुसन्धान गर्न वा अन्य कर्मचारीलाई सुम्पन यस सूचनाको कुनै प्रावधानले वाधा पुर्‍याएको मानिने छैन । त्यसरी आयोगबाटै कारवाही गरेको वा अन्य कर्मचारीलाई अधिकार सुम्पेको सूचना सम्बन्धित अनुसन्धान अधिकृतलाई दिइने छ ।

**स्पष्टीकरण** : यस प्रकरणको प्रयोजनका लागि सम्बन्धित सरकारी वकील भन्नाले प्रमुख जिल्ला अधिकारीको हकमा जिल्ला सरकारी वकील कार्यालयका जिल्ला सरकारी वकील र क्षेत्रीय प्रशासकको हकमा क्षेत्रीय प्रशासन कार्यालय मुकाम रहेको स्थानको पुनरावेदन सरकारी वकील कार्यालयका सरकारी वकीललाई जनाउँछ ।

४. **मुद्दा सर्ने:** खण्ड ४७, संख्या ४६ मिति २०५४ फागुन १८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस आयोगको सूचना बमोजिमको क्षेत्राधिकारभित्र रही अनुसन्धान भइरहेका उजूरी एवं कागजात यस सूचना बमोजिमको अधिकार प्राप्त अधिकारीसमक्ष सर्नेछ ।

५. **सूचनाको खारेजी र त्यसको परिणाम:** खण्ड ४७, संख्या ४६ मिति २०५४ फागुन १८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस आयोगको सूचना खारेज गरिएको छ र त्यस सूचनाबाट भए गरेको काम कारबाही यसै सूचना बमोजिम भए गरेको मानिने छ ।

आज्ञाले,

खेमराज नेपाल
सचिव

# विशेष अदालत ऐन, २०५८

**प्रस्तावनाः** खास किसिमका मुद्दाहरूको कारबाही र किनारा छिटो, छरितो तथा प्रभावकारी ढंगले गराउन विशेष अदालतको गठन, अधिकार र कार्यविधिका सम्बन्धमा तत्काल समयानुकूल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएको र हाल संसद्को अधिवेशन नभएकोले,

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव**को शासनकालको पहिलो वर्षमा संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विशेष अदालत ऐन, २०५८" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "विशेष अदालत" भन्नाले दफा ३ बमोजिम गठन भएको विशेष अदालत सम्झनु पर्छ।

(ख) "खास किसिमका मुद्दा" भन्नाले श्री ५ को सरकारले दफा ३ को उपदफा (१) को प्रयोजनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका खास किसिमका मुद्दा सम्झनु पर्छ।

(ग) "अध्यक्ष" भन्नाले विशेष अदालतको अध्यक्ष सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले विशेष अदालतको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँनेछ।

## परिच्छेद - २

## विशेष अदालतको गठन

३. **विशेष अदालतको गठनः** (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खास किसिमका मुद्दाको कारबाही र किनारा छिटो, छरितो तथा प्रभावकारी ढंगले गराउन न्याय परिषद्को परामर्शमा आवश्यक संख्यामा तीन सदस्य भएको विशेष अदालतको गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको विशेष अदालतको अध्यक्ष र सदस्यमा श्री ५ को सरकारले न्याय परिषद्को परामर्शमा पुनरावेदन अदालतका न्यायाधीशहरू मध्येबाट तोक्नेछ।

(३) उपदफा (१) बमोजिम विशेष अदालतको गठन गर्दा श्री ५ को सरकारले त्यस्तो विशेष अदालतको प्रादेशिक क्षेत्राधिकार र मुकाम समेत तोक्नु पर्नेछ।

(४) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष अदालतको मुकाम रहेको ठाउँ बाहेक अन्य ठाउँमा पनि सोही सूचनामा तोकिएको अवधिको लागि इजलाश कायम गर्ने गरी मुकाम तोक्न सक्नेछ।

४. **मुद्दा थपघट गर्न सक्नेः** श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा ३ बमोजिम गठित विशेष अदालतलाई सुम्पिएका मुद्दाहरूमा थपघट गर्न सक्नेछ।

५. **सदस्यको सुविधाः** विशेष अदालतको अध्यक्ष र सदस्यको पारिश्रमिक तथा अन्य सुविधा निजले खाइपाइ आएको अतिरिक्त श्री ५ को सरकारले तोके बमोजिम हुनेछ।

## परिच्छेद – ३

## विशेष अदालतको अधिकारक्षेत्र र त्यसको प्रयोग

६. **विशेष अदालतको अधिकारक्षेत्र र प्रयोगः** (१) खास किसिमका मुद्दाको शुरु कारबाही र किनारा विशेष अदालतबाट गरिनेछ ।

(२) विशेष अदालतको अधिकार क्षेत्रको प्रयोग तीनै जना सदस्यले सामूहिक रुपमा गर्नेछन् ।

तर एक सदस्य उपस्थित भएको इजलाशले मुद्दाको कारबाही र दुई सदस्य उपस्थित भएको इजलाशले मुद्दाको कारबाही र किनारा गर्न सक्नेछ ।

(३) तीन जना सदस्य उपस्थित भएको इजलाशमा तीनैजना सदस्यको एकमत वा दुईजना सदस्यको बहुमत कायम भए सो मत अदालतको निर्णय मानिनेछ ।

(४) दुईजना सदस्य उपस्थित भएको इजलाशमा एकमत कायम नभए कारबाहीको हकमा अध्यक्ष सहितको इजलाश भए अध्यक्षको राय बमोजिम र अध्यक्ष बाहेकको इजलाश भए वरिष्ठ सदस्यको राय बमोजिम गर्नु पर्नेछ । मुद्दाको फैसला वा अन्तिम आदेशको हकमा पहिला अनुपस्थित रहने सदस्य समक्ष पेश गरी निजले समर्थन गरेको राय अदालतको निर्णय मानिनेछ ।

(५) उपदफा (४) बमोजिम पहिला अनुपस्थित रहने सदस्य समक्ष पेश गर्दा पनि बहुमत कायम हुन नसकेमा निर्णयको लागि सर्वोच्च अदालत समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश गरेको मुद्दालाई सर्वोच्च अदालतले अग्राधिकार प्रदान गरी सुनुवाइ गर्नेछ ।

(७) उपदफा (५) बमोजिम पेश हुन आएको मुद्दाको सुनुवाई सर्वोच्च अदालतको एक न्यायाधीशको इजलाशबाट गरिनेछ र सो इजलाशबाट भएको निर्णय नै विशेष अदालतको निर्णय मानिनेछ ।

## परिच्छेद – ४

## विशेष अदालतको अधिकार र कार्यविधि

७. **विशेष अदालतको अधिकारः** विशेष अदालतको अधिकार देहाय बमोजिम हुनेछः

(क) वादी प्रतिवादीका साक्षीका अतिरिक्त मुद्दासँग सम्बन्धित आवश्यक देखिएका अन्य व्यक्ति वा प्रमाण बुझ्ने,

(ख) म्यादमा हाजिर नहुने प्रतिवादी वा साक्षीलाई वारेण्ट जारी गरी पक्री बयान वा वकपत्र गराउने,

(ग) मुद्दाको कुनै पक्षलाई तारेखमा राखी पुर्पक्ष गर्ने वा आवश्यक परेका बखत झिकाउने वा खास समयमा हाजिर हुन आउने गरी तारेखमा नराखी पुर्पक्ष गर्ने,

(घ) तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने नदेखिएमा निजसँग निजले हानी-नोक्सानी गरेको बिगो वा गैरकानूनी रुपमा लिएको रकम र निजलाई हुन सक्ने कैद वा जरिवाना समेतलाई दृष्टिगत गरी धरौटी वा जमानत माग्ने,

(ङ) तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिब कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजलाई थुनामा राखी पुर्पक्ष गर्ने,

(च) विशेष अदालतले अनुसन्धान गर्ने निकायबाट अनुसन्धानको सिलसिलामा लिएको धरौटी वा जमानतलाई खामेको हदशम्म कायम गर्न सक्ने ।

८. **सम्पत्ति र राहदानी रोक्का राख्न सकिनेः** कुनै अभियुक्त उपर लागेको अभियोगको गाम्भीर्य, अभियुक्तको स्थिति, कसूरको मात्रा तथा प्रकृतिका आधारमा त्यस्तो अभियुक्तको कुनै सम्पत्ति रोक्का राख्न, त्यस्तो अभियुक्तलाई राहदानी जारी नगर्न वा जारी भइसकेको भए सो राहदानी रोक्का राख्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ ।

९. **थप अभियोगपत्र दायर गर्न सकिने:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष अदालतमा कुनै अभियुक्त उपर अभियोगपत्र दायर भइसकेपछि सो मुद्दामा अन्य सम्बद्ध थप प्रमाणहरू फेला परेमा मुद्दा दायर भइसकेका अभियुक्तको हकमा साविकमा भएको अनुसन्धानलाई कायमै राखी थप अनुसन्धान तहकिकात गर्न वा पहिले लिएको सजायको मागदावीमा थप दावी गर्न वा अन्य अभियुक्तको हकमा समेत मुद्दा दायर गर्नु पर्ने भएमा थप माग दावी लिन सोको कारण खोली सरकारी वकीलको अनुमतिको लागि विशेष अदालतमा निवेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सोको कारण मनासिब भएमा विशेष अदालतले आवश्यकता अनुसार अनुमति दिन आदेश गर्न सक्नेछ र त्यस्तो आदेश भएमा पहिले मुद्दा दायर भएका अभियुक्तउपर थप सजाय माग दावी गर्न वा थप अभियुक्तउपर थप अभियोगपत्र दायर गर्न सकिनेछ।

१०. **म्याद तामेल सम्बन्धी कार्यविधि:** (१) विशेष अदालतमा दायर रहेको मुद्दामा प्रतिवादीका नाममा म्याद पठाउंदा बाटोको म्याद बाहेक विदेशमा रहेको भए तीस दिनसम्मको र नेपाल अधिराज्यभित्र रहेको भए पन्ध्र दिनसम्मको अवधि तोकी समाव्हान जारी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम विदेशमा रहेको प्रतिवादीको नाममा समाव्हान तामेल गर्नु पर्दा त्यस्तो प्रतिवादीको नेपाल अधिराज्यमा कुनै किसिमको कार्यालय वा प्रतिनिधि भए त्यस्तो कार्यालय वा प्रतिनिधिको नाममा समाव्हान तामेल गरिनेछ र यसरी तामेल भएको समाव्हान रीतपूर्वक तामेल भएको मानिनेछ।

(३) उपदफा (२) बमोजिमको कार्यालय वा प्रतिनिधि नभएमा त्यस्तो प्रतिवादीले कारोबार गर्ने मुख्य स्थान वा निजले स्थायी वसोवास गर्ने ठेगाना वा कारोबार गर्दाको बखत पत्राचारको लागि निजले दिएको कुनै ठेगाना रहेछ भने त्यस्तो ठेगानामा टेलेक्स, टेलिफ्याक्स वा अभिलेख हुनसक्ने दूर संचारका अन्य कुनै माध्यम मार्फत् वा रजिष्ट्री गरी हुलाक मार्फत् समाव्हान तामेल गरिनेछ र त्यसरी तामेल भएको समाव्हान रीतपूर्वक तामेल भएको मानिनेछ।

(४) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा रहे बसेको प्रतिवादीको नाममा समाव्हान तामेल गर्ने सम्बन्धमा नेपाल अधिराज्य वा श्री ५को सरकार पक्ष भएको कुनै सम्झौतामा छुट्टै व्यवस्था गरिएको रहेछ भने सोही बमोजिम समाव्हान तामेल गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(५) विशेष अदालतले आफूसमक्ष परेको मुद्दामा साक्षीका नाममा म्याद पठाउंदा बाटाको म्याद बाहेक सात दिनसम्मको म्याद तोकी समाह्वान जारी गर्न सक्नेछ।

(६) यस दफा बमोजिम जारी भएको म्याद विशेष अदालतका कर्मचारीद्वारा वा जिल्ला अदालत वा नजिकको अरु कुनै सरकारी कार्यालयमार्फत् तामेल गराउन सकिनेछ। विशेष अदालतबाट जारी भई आएको म्याद प्राथमिकताका साथ तामेल गराउनु सम्बन्धित जिल्ला अदालतको श्रेस्तेदार वा त्यस्तो कार्यालयको प्रमुखको कर्तव्य हुनेछ।

(७) विशेष अदालतबाट जारी भएको म्याद तामेल गर्न जाने कर्मचारीले बाटाका म्याद बाहेक दुई दिनभित्र तामेल गरिसक्नु पर्नेछ र कुनै मनासिब कारण नभई म्याद तामेल गर्न ढिलो गरेको देखिएमा निजलाई विशेष अदालतले पाँचशय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(८) विशेष अदालतबाट आफ्नो नाममा म्याद जारी भएको थाहा पाई कसैले विशेष अदालत वा म्याद तामेल गर्न पठाइएको अदालत वा कार्यालयमा आफ्नो नाममा जारी भएको म्याद बुझ्न पाउँ भनी निवेदन दिएमा त्यस्तो म्याद निजलाई तामेल गर्न सकिनेछ। त्यसरी निवेदन दिंदा कुनै दस्तुर लाग्ने छैन।

(९) यस दफा बमोजिमको कार्यविधि अवलम्बन गरी कुनै व्यक्तिको नाममा म्याद तामेल गर्नु पर्दा त्यस्तो व्यक्तिको ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो म्याद बुझाउन नसकिएको कुराको प्रतिवेदन पर्न आएमा विशेष अदालतमा मुद्दा दायर भएको संक्षिप्त विवरण उल्लेख गरी त्यस्तो व्यक्तिलाई तीस दिनसम्मको म्याद दिई उपस्थित हुन राष्ट्रिय स्तरको समाचारपत्रमा (विदेशीको हकमा अंग्रेजी दैनिकमा) कम्तीमा दुईपटक सार्वजनिक सूचना प्रकाशन गरिनेछ र त्यसरी सूचना प्रकाशन भएकोमा त्यस्तो व्यक्तिलाई रीतपूर्वक म्याद तामेल भएको मानिनेछ।

(१०) यस दफामा लेखिएदेखि बाहेक म्याद तामेली सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

११. **म्याद तारेख थाम्ने व्यवस्थाः** विशेष अदालतमा परेको मुद्दामा र सो अदालतको फैसला उपर परेको पुनरावेदनमा म्याद तारेख थाम्न काबु बाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा सो व्यहोरा मनासिब ठहरिएमा एकपटक बढीमा पन्ध्र दिनसम्मको म्याद तारेख थाम्न सकिनेछ।

१२. **अन्य अधिकार र कार्यविधिः** मुद्दाको कारबाही र किनारा गर्दा यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र सो बाहेकका अन्य कुरामा विशेष अदालतलाई प्रचलित कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार र कार्यविधि प्रयोग गर्न सक्नेछ।

## परिच्छेद – ५

## विविध

१३. **शपथ ग्रहणः** अध्यक्ष र सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि सर्वोच्च अदालतका प्रधान न्यायाधीशसमक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

१४. **अवहेलनाः** विशेष अदालतले आफ्नो अवहेलनामा कारबाही चलाउन सक्नेछ र अवहेलना गरेको ठहऱ्याएमा पाँच हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

तर विशेष अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा विशेष अदालतले निजलाई क्षमा गर्न वा सजाय तोकिसकेको भए सो सजाय माफ गर्न, घटाउन वा विशेष अदालतले तोकेको शर्तमा छ महिनासम्म मुलतवी राखी सो शर्तको पालना भएमा सजाय कार्यान्वयन नगर्ने आदेश दिन सक्नेछ।

१५. **विशेष अदालतले मागेको मिसिल वा मुद्दा सम्बन्धी लिखत वा जवाफ पठाउनु पर्नेः** विशेष अदालतले मुद्दामा प्रमाणको निमित्त आवश्यक कुनै मिसिल, लिखत वा अन्य कुनै कुरा पेश गर्न वा पठाउन कुनै कार्यालयलाई आदेश दिएमा वा कुनै कुराको स्पष्टीकरण वा जवाफ मागेमा सो कार्यालयले मनासिब समयभित्र सो आदेशको पालन गर्नु पर्नेछ। कुनै कार्यालयले त्यस्तो आदेशको पालन नगरेकोले मुद्दाको कारबाही वा किनारा गर्न बाधा परेमा वा कुनै पक्षलाई अनुचित हैरानी वा प्रतिकूल असर परेमा विशेष अदालतले सम्बन्धित कार्यालयको प्रमुख वा कर्मचारीलाई पटकै पिच्छे पाँचशय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

तर त्यसरी जरिवानाको आदेश भएपछि सम्बन्धित कार्यालय प्रमुख वा कर्मचारीले अदालतको आदेश पालन गर्न नसकेको कारण उल्लेख गरी सो जरिवाना हुन नपर्ने भनी निवेदन दिएमा र कारण सन्तोषजनक देखिएमा विशेष अदालतले त्यस्तो जरिवानाको आदेश रद्द गर्न सक्नेछ।

१६. **मुद्दाको किनारा गर्नु पर्ने अवधिः** (१) विशेष अदालतले मुद्दा दायर भएको मितिले सामान्यतया छ महिनाभित्र मुद्दाको किनारा गर्नु पर्नेछ।

(२) विशेष अदालतको निर्णयउपर परेको पुनरावेदनमा सर्वोच्च अदालतले सामान्यतया मुद्दाको प्राथमिकतासाथ मिसिल प्राप्त भएको मितिले तीन महिनाभित्र किनारा गर्नु पर्नेछ।

१७. **पुनरावेदनः** विशेष अदालतको फैसला वा अन्तिम आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो फैसला वा अन्तिम आदेश भएको मितिले पैतीस दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

१८. **फैसला कार्यान्वयन गर्नेः** विशेष अदालतले गरेको फैसला वा अन्तिम आदेश सो अदालतले कुनै निकायले कार्यान्वयन गर्ने भनी फैसला वा अन्तिम आदेशमा लेखिदिएकोमा सोही निकायले र त्यसरी नलेखिएकोमा सम्बन्धित जिल्ला अदालतले कार्यान्वयन गर्नेछ।

१९. **संसदमा टेबुल गर्नु पर्नेः** श्री ५ को सरकारले यस ऐन अन्तर्गत प्रकाशन गरेको सूचना संसद्को दुवै सदनमा टेबुल गर्नु पर्नेछ।

२०. **विशेष अदालतको विघटनः** (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष अदालतलाई विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विशेष अदालत विघटन भएमा विघटन हुँदाका बखत विशेष अदालतमा दायर भई किनारा हुन बाँकी रहेका मुद्दा वा उजूरी सम्बन्धित प्रादेशिक क्षेत्राधिकार भएको पुनरावेदन अदालतमा सर्नेछन् ।

२१. **कर्मचारीको व्यवस्थाः** (१) विशेष अदालतलाई आवश्यक पर्ने कर्मचारी श्री ५ को सरकारले उपलब्ध गराउनेछ ।

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीले विशेष अदालतको विभागीय प्रमुख वा प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

२२. **श्री ५ को सरकारसँग सम्पर्कः** विशेष अदालतले श्री ५ को सरकारसँग सम्पर्क गर्दा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमार्फत् गर्नु पर्नेछ ।

२३. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

२४. **खारेजी र बचाउः** (१) विशेष अदालत ऐन, २०३१ खारेज गरिएको छ ।

(२) विशेष अदालत ऐन, २०३१ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमेजिम भए गरेका मानिनेछन् ।

२५. **मुद्दा सर्नेः** यस ऐन बमोजिम विशेष अदालत गठन हुँदाका बखत विशेष अदालत ऐन, २०३१ बमोजिम गठित विशेष अदालतमा दायर भएका मुद्दाहरू यस ऐन बमोजिमको विशेष अदालतमा सर्नेछन् ।

२६. **रुपान्तरः** प्रचलित कानूनमा प्रयोग भएका “विशेष अदालत ऐन, २०३१” को सट्टा “विशेष अदालत ऐन, २०५८” राखी रुपान्तर गरिएको छ ।

---

## अनुसूची
**(दफा १३ सँग सम्बन्धित)**

## शपथ

नेपाल अधिराज्यको संविधान, २०४७ प्रति निष्ठावान रही आफूले ग्रहण गरेको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य पालन कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारी साथ विवेकपूर्वक गर्नेछु र आफ्नो कर्तव्यपालनको सिलसिलामा आफूलाई ज्ञान हुन आएको कुनै कुरा प्रचलित कानूनको पालन गर्दा बाहेक अरु कुनै पनि अवस्थामा कसैलाई कुनै माध्यमबाट पनि आफू पदमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा प्रकट गर्ने छैन भनी म ........................................ ईश्वरलाई साक्षी राखी /सत्य निष्ठापूर्वक शपथ लिन्छु ।

मितिः-                                        हस्ताक्षर

लालमोहर सदर मिति : २०५९।३।५।४